# मिक्लाजुङ गाउँपालिकाको

# मिक्लाजुङ गाउँ शिक्षा योजना

## २०८२ – २०८७




<u>प्रकाशक:-</u>

स्थानीय सरकार
मिक्लाजुङ गाउँपालिका, पाँचथर
कोशी प्रदेश, नेपाल
२०८२

**संरक्षक**

- **श्री अमरराज माखिम,** गाउँपालिका अध्यक्ष
- **श्री शन्त कुमार शेर्मा,** गाउँपालिका उपाध्यक्ष
- श्री **सन्तोष श्रेष्ठ** , प्रमुख प्रशासकीय अधिकृत

**गाउँ शिक्षा योजना निर्माण कार्यदलका सदस्यहरू :**

- श्री अमरराज माखिम
- श्री सन्तोष श्रेष्ठ
- श्री अविसन लावती
- श्री सिरी प्रसाद राई
- श्री खम्ब सिंह लुहागुन
- श्री सिर्जना राई
- श्री राम कुमार राई
- श्री लक्ष्मी कुमारी साङपाङ
- श्री लोकेन्द्र बलम्पाकी
- श्री सुजा लावती
- केशव सरण अधिकारी
- श्री शान्ता शर्मा

**प्रकाशक**
**मिक्लाजुङ गाउँपालिका, पाँचथर**

**प्रमाणित मिति**
२०८२ असार २६

**प्रकाशन मिति**
२०८२ असार मसान्त

# शुभकामना

मिक्लाजुङ गाउँपालिकाको बिद्यालय शिक्षा क्षेत्रको सुधारका लागि पाँच वर्षे शिक्षा क्षेत्रको योजनाको निर्माण कार्य सम्पन्न भएकोमा म हार्दिक खुसी व्यक्त गर्दछु। हाम्रो पालिकाको शिक्षा क्षेत्रलाई समावेशी, प्राविधिक मैत्री र गुणस्तरीय बनाउने दृष्टिकोणका साथ यो योजना तयार गरिएको छ। राष्ट्रिय जनगणना २०७८ अनुसार हाम्रो पालिकाको कुल जनसंख्या २१,०६१ छ, जसमा ५,४५९ घरधुरी छन्। यो तथ्यांकले हाम्रो सामाजिक विविधतालाई झल्काउँछ र समावेशी शिक्षाको महत्वलाई प्रष्ट पार्छ। हाम्रो पालिका साक्षर गाउँपालिकाको रूपमा घोषित भइसकेको छ, तर साक्षरताको गुणस्तर र निरन्तरता सुनिश्चित गर्न यो योजना कोसेढुंगा सावित हुनेछ।

हाम्रो शिक्षा योजनाले सबै वर्ग, लिङ्ग, अपाङ्गता र आर्थिक अवस्थाका नागरिकलाई समेट्ने लक्ष्य राखेको छ। विशेष गरी पिछडिएको वर्ग र दलित समुदायका महिलाहरू तथा विद्यालय बाहिर रहेका बालबालिकाहरु लाई भर्ना गराई शैक्षिक पहुँचमा सुधार ल्याउन विशेष जोड दिइएको छ। प्राविधिक शिक्षालाई प्राथमिकतामा राख्दै चन्द्रेश्वर माध्यमिक विद्यालयमा सञ्चालित प्राविधिक धारको सफलताबाट प्रेरित भई अन्य विद्यालयहरूमा पनि यस्ता कार्यक्रम विस्तार गर्ने योजना छ। अंग्रेजी माध्यमको पठनपाठन, स्थानीय पाठ्यक्रम र पाठ्यपुस्तक कार्यान्वयन, र अपाङ्गता तथा बालमैत्री भौतिक संरचना निर्माणमा हामीले विशेष ध्यान दिएका छौं। साथैअनलाइन हाँजिरी, सिसिक्यामेरा मार्फत अनुगमन र सामुदायिक विद्यालयलाई प्रतिस्पर्धी बनाउन पुरस्कार प्रणाली लागू गरिनेछ।

हाम्रो दृष्टिकोण प्राविधिक मैत्री शिक्षामार्फत विद्यार्थीहरूलाई आधुनिक विश्वसँग जोड्नु र गुणस्तरीय शिक्षाले उनीहरूको भविष्य उज्ज्वल बनाउनु हो। रवि क्याम्पसलाई उच्च शिक्षाको केन्द्र बनाउने र कृषि प्राविधिक विद्यालय सञ्चालनका लागि बजेट व्यवस्था गर्ने हाम्रो प्रतिबद्धता छ। यो योजनाले हाम्रा बालबालिकालाई सक्षम, आत्मनिर्भर र विश्वबजारमा व्यावसायिक सहितको प्रतिस्पर्धी बनाउने सपना बोकेको छ।

अन्त्यमा, शिक्षा योजना निर्माणमा बिशेष सहयोग पुर्याउनुहुने शिक्षा युवा तथा खेलकुद शाखा, सामुदायिक बिद्यालयका प्र.अ. तथा शिक्षकहरु, सामुदायिक सिकाइ केन्द्रहरु, पत्रकार, शिक्षा प्रेमी, बुद्धिजीवीहरु, थप प्रेरणा तथा पृष्ठपोषण दिनुहुने उपाध्यक्ष ज्यु, प्रमुख प्रशासकीय अधिकृत ज्यु, वडा अध्यक्ष ज्यूहरू, शिक्षा समिति, सामाजिक बिकास समिति, सम्पूर्ण कर्मचारीहरू तथा योजना निर्माणमा महत्वपुर्ण रुपमा प्राबिधिक सहयोग गर्नुहुने विषय बिज्ञ ज्युहरू प्रति हार्दिक आभार प्रकट गर्दछु। साथै शिक्षा योजनाको सफल कार्यान्वयनका लागि सबै शिक्षक, अभिभावक, विद्यार्थी, र समुदायको सहयोग अपरिहार्य छ। आउनुहोस्, हामी सबै मिलेर मिक्लाजुङलाई शिक्षाको उज्ज्वल केन्द्र बनाऔं।

अमरराज माखिम

अध्यक्ष, मिक्लाजुङ गाउँपालिका, पाँचथर

# शुभकामना

मिक्लाजुङ गाउँपालिकाको विद्यालय शिक्षा क्षेत्रको सुधारका लागि तयार पारिएको पाँच वर्षे शिक्षा क्षेत्र योजनाको निर्माण कार्य सफलतापूर्वक सम्पन्न भएको अवसरमा हार्दिक धन्यवाद व्यक्त गर्दछु। यो योजना हाम्रो गाउँपालिकाको शैक्षिक यात्रालाई नयाँ उचाइ दिने महत्वपूर्ण दस्तावेज हो।

मिक्लाजुङ गाउँपालिका, कोशी प्रदेशको यो सुन्दर भूमि, प्राकृतिक सम्पदाले भरिपूर्ण भए पनि, हाम्रा बालबालिकाहरूको शैक्षिक अवसरहरूमा अझै पनि चुनौतीहरू छन्। हाम्रा दुर्गम विद्यालयहरूमा शिक्षक अभाव, पूर्वाधारको कमी, गुणस्तरीय शिक्षण सामग्रीको अभाव र समावेशी शिक्षाको कमी जस्ता समस्याहरूले हाम्रा सन्ततिहरूको भविष्यलाई प्रभावित गरिरहेका छन्। यी समस्याहरूको सम्बोधन गर्नका लागि हामीले यो पाँच वर्षे योजना (२०८२-२०८७) को निर्माण गरेका छौं। यो योजना राष्ट्रिय विद्यालय शिक्षा क्षेत्रको योजनासँग (२०७९-२०८८) पूर्ण रूपमा समन्वयित छ, जसले गुणस्तरीय, समतामूलक र समावेशी शिक्षालाई प्राथमिकता दिएको छ।

योजनाको मुख्य उद्देश्यहरूमा समावेशी सहितको गुणस्तरीय शिक्षा, पूर्वाधार विकास, शिक्षकहरूको क्षमता अभिवृद्धि, डिजिटल शिक्षा प्रवर्द्धन र छात्रवृत्ति कार्यक्रमलाई समावेश गरिएको छ। उदाहरणका लागि, हामीले प्रत्येक विद्यालयमा कम्प्युटर ल्याब स्थापना गर्ने, शिक्षकहरूलाई नियमित तालिम दिने र विशेष आवश्यकता भएका बालबालिकाहरूका लागि विशेष कार्यक्रम सञ्चालन गर्ने योजना बनाएका छौं। यसका साथै, कृषि र पर्यटनमा आधारित हाम्रो गाउँपालिकाको विशेषतालाई जोडेर व्यावसायिक शिक्षा कार्यक्रमहरू पनि समेटिएका छन्, जसले हाम्रा बालबालिकाहरूलाई रोजगारमुखी बनाउनेछ। यो योजना निर्माणमा स्थानीय शिक्षकहरू, अभिभावकहरू, विद्यार्थी प्रतिनिधिहरू र विज्ञहरूको सहभागिता थियो, जसले यसलाई जनमुखी बनाएको छ। योजनाको कार्यान्वयनका लागि हामीले गाउँपालिकाको बजेटसँगै संघीय तथा प्रदेश सरकारबाट प्राप्त अनुदानलाई प्रभावकारी रूपमा उपयोग गर्नेछौं। हामी सबैको सहयोगले यो योजना मात्र नभई हाम्रो गाउँपालिकालाई शैक्षिक हब बनाउने सपना साकार हुनेछ।

अन्त्यमा, शिक्षा योजना निर्माणमा बिशेष सहयोग पुर्याउनुहुने शिक्षा युवा तथा खेलकुद शाखा, सामुदायिक बिद्यालयका प्र.अ. तथा शिक्षकहरु, सामुदायिक सिकाइ केन्द्रहरु, पत्रकार, शिक्षा प्रेमी, बुद्धिजीवीहरु, थप प्रेरणा तथा पृष्ठपोषण दिनुहुने अध्यक्ष ज्यु, प्रमुख प्रशासकीय अधिकृत ज्यु, वडा अध्यक्ष ज्यूहरू, शिक्षा समिति, सामाजिक बिकास समिति, सम्पूर्ण कर्मचारीहरू तथा योजना निर्माणमा महत्वपुर्ण रुपमा प्राबिधिक सहयोग गर्नुहुने विषय बिज्ञ ज्युहरू प्रति हार्दिक आभार प्रकट गर्दछु। साथै सबै सरोकारवालाहरूले यो योजनालाई आफ्नो जिम्मेवारी ठानेर कार्यान्वयन गर्नुहुनेछ। आउनुहोस् हाम्रा बालबालिकाहरूको उज्ज्वल भविष्यका लागि यो हाम्रो साझा दायित्व सहितको जिम्मेवारी बाट मिक्लाजुङलाई शैक्षिक हब निर्माण गरौं।

शन्त कुमार शेर्मा
उपाध्यक्ष, मिक्लाजुङ गाउँपालिका, पाँचथर

# प्रकाशकीय

आधारभूत तथा माध्यमिक तहको शिक्षामा सबैको पहुँच, निरन्तर जीवनपर्यन्त र अनौपचारिक शिक्षासहित गुणस्तरीय शिक्षाको सुनिश्चितता गर्दै प्रविधिमैत्री, समान सहभागिता, लैङ्गिक तथा सामाजिक भेदभावरहित अवसर, प्रभावकारी शैक्षिक व्यवस्थापनका लागि स्थानीय तहमा शिक्षा क्षेत्रको योजना निर्माण गर्नुपर्ने आजको प्रमुख आवश्यकता हो । दिगो विकासका लागि अनिवार्य तथा निःशुल्क शिक्षा, शिक्षा सम्बन्धी ऐन, शिक्षाका राष्ट्रिय लक्ष्य तथा अन्तर्राष्ट्रिय प्रतिबद्धता साकार पार्न स्थानीय तहमा सरोकारवाला पक्षहरूसँग मिलेर शिक्षालाई सर्वसुलभ र गुणस्तरीय बनाउने कार्यमा शिक्षा क्षेत्रको योजनाले महत्त्वपूर्ण योगदान पुऱ्याउँछ ।

मिक्लाजुङ गाउँपालिका शिक्षा, युवा तथा खेलकुद शाखाले यस क्षेत्रको शैक्षिक उन्नयका लागि विभिन्न योजना तथा कार्यक्रमहरूद्वारा निरन्तर रूपमा आफ्नो भूमिकालाई अगाडि बढाएको छ । शिक्षा क्षेत्रको योजना तयार गर्नका लागि आर्थिक सहयोग गर्नु हुने मिक्लाजुङ गाउँपालिका तथा प्राविधिक रूपमा सहयोग गर्ने प्रदेश सामाजिक विकास मन्त्रालय शैक्षिक महाशाखा, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय तथा युएसआइडी प्रारम्भिक कक्षा सिकाइ प्रति धन्यवाद व्यक्त गर्दछौं ।

यो योजना तयार गर्दा महत्त्वपूर्ण सहयोग गर्नुहुने शिक्षा क्षेत्रको योजना निर्माण प्राविधिक समिति, योजना निर्माण, लेखन समितिलाई धन्यवाद व्यक्त गर्दै समय-समयमा सल्लाह-सुझाव प्रदान गरी सहयोग पुऱ्याउने शिक्षा तथा मानव स्रोत विकास केन्द्र, प्रदेश सामाजिक विकास मन्त्रालय शैक्षिक महाशाखा, गाउँपालिका परिवार, गाउँ शिक्षा समिति, शिक्षा विकास तथा समन्वय इकाई, नेपाल शिक्षक महासङ्घ, शिक्षकका पेशागत सङ्घ सङ्गठन, विद्यार्थी, अभिभावक, शिक्षाप्रेमी राजनीतिक दल, पत्रकार, सामुदायिक सिकाइ केन्द्र लगायत अन्य सरोकारवाला महानुभावहरूप्रति आभार प्रकट गर्दछौं । शिक्षा योजना लेखनमा विज्ञ सहित प्राविधिक सहयोग गर्नुभएकोमा ***क्रियटिभ ब्रेन तालिम तथा अनुसन्धान केन्द्र प्रा.लि.*** *(Creative Brain Training and Research Center Pvt.)* मोरङ प्रति आभारी छौं । आगामी दिनमा यो शैक्षिक योजना कार्यान्वयन र परिष्कृत गर्दै अगाडि बढ्नका लागि सरोकारवाला सबैमा रचनात्मक सुझावको अपेक्षा गर्दछौं ।

**२०८२ असार**

**शिक्षा, युवा तथा खेलकुद शाखा**
**मिक्लाजुङ गाउँपालिका, पाँचथर**

**विषयसूची**

Contents

शुभकामना ........ 3

शुभकामना ........ 4

प्रकाशकीय........ 5

परिच्छेद १ : परिचय ........ 1

१.१ वर्तमान अवस्था ........ 1

१.१.१ भौगोलिक अवस्थितिको विश्लेषण ........ 1

१.१.२ जनसाङ्ख्यिक संरचनाको विश्लेषण ........ 2

१.१.३ सामाजिक तथा सांस्कृतिक अवस्थाको विश्लेषण ........ 3

१.१.४ आर्थिक अवस्थाको विश्लेषण ........ 4

१.१.५ शैक्षिक अवस्थाको विश्लेषण ........ 5

१.२ मुख्य समस्या तथा चुनौतीहरूको विश्लेषण ........ 8

१.३ शिक्षा क्षेत्रका चुनैतीका SWOT विश्लेषण ........ 9

१.४ अवसरहरू ........ 10

परिच्छेद २ : दूरदृष्टि, उद्देश्य, रणनीति तथा लक्ष्य निर्धारण ........ 12

२.१ स्थानीय तहमा शिक्षा योजना निर्माण गर्दा लिनुपर्ने आधार ........ 12

२.२ दूरदृष्टि ........ 12

२.३ लक्ष्य........ 12

२.४ उदेश्य........ 13

२.५ रणनीति ........ 13

२.६ कार्यनितीः ........ 15

२.७ अपेक्षित उपलब्धी........ 18

२.८ मुख्य कार्यसम्पादन सूचकहरू तथा लक्ष्य निर्धारण ........ 18

परिच्छेद ३ : विद्यालय शिक्षाका मुख्य उपक्षेत्रहरू ........ 24

३.१ प्रारम्भिक बाल विकास तथा शिक्षा ........ 24

३.१.१ वर्तमान अवस्था........24
३.१.२ उद्देश्य........26
३.१.३ रणनीति........26
३.१.४ प्रमुख उपलब्धी तथा नतिजा........27
३.१.५ प्रमुख क्रियाकलाप तथा परिमाणात्मक लक्ष्य........28
३.२ आधारभूत शिक्षा........31
३.२.१ परिचय........31
३.२.२ वर्तमान अवस्था........31
३.२.३ चुनौती तथा अवसरहरू........32
३.२.२ उद्देश्यहरू........33
३.२.३ रणनीतिहरू........33
३.२.४ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य निर्धारण........33
३.३ माध्यमिक शिक्षा........38
३.३.१ परिचय........38
३.३.२ वर्तमान अवस्था........38
३.३.३ अवसर र चुनौती........39
३.३.२ उद्धेश्यहरू........40
३.३. ३ रणनीतिहरू........41
३.३.४. उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य निर्धारण........42
३.४ प्राविधिक शिक्षा तथा व्यवसायीक तालीम........45
३.४.१ परिचय........45
३.४.२ वर्तमान अवस्थाः........45
३.४.३ प्राविधिक तथा व्यावसायिक शिक्षामा देखिएका चुनौतीहरू........46
३.४.४ उद्देश्यः........46
३.४.५ रणनीति........46
३.४.६ उपलब्धि, नतिजा तथा प्रमुख क्रियाकलापहरू........46
३.५ अनौपचारिक शिक्षा तथा आजीवन सिकाइ........49
३.५.१ परिचय........49

३.५.२ वर्तमान अवस्था ........ 49
३.५.३ अवसर तथा चुनौती ........ 49
३.५. ४ उद्धेश्य ........ 50
३.५.५ रणनीति ........ 50
३.५. ६. उपलव्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य ........ 51
परिच्छेद ४ : अन्तर सम्बन्धित क्षेत्रहरू ........ 53
४.१ पाठ्यक्रम, पाठ्यपुस्तक, सिकाइ सामग्री तथा मूल्याङ्कन ........ 53
४.१.१ परिचय ........ 53
४.१.२ वर्तमान अवस्था ........ 53
४.१.३ अवसर तथा चुनौती ........ 54
४.१.४ उद्देश्य ........ 54
४.१.५ रणनीति ........ 54
४.१.६ प्रमुख उपलब्धी तथा नतिजा र प्रमुख क्रियाकलाप ........ 55
४.२. शिक्षक व्यवस्थापन तथा विकास ........ 57
४.२.१ परिचय ........ 57
४.२.१. वर्तमान अवस्था ........ 58
४.२.३ अवसर र चुनौती ........ 59
४.२.४ उद्देश्य ........ 59
४.२.५ रणनीति ........ 60
४.२.६. उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य ........ 60
४.३ शैक्षिक समता र समावेशीकरण ........ 63
४.३.१ परिचय ........ 63
४.३.२ वर्तमान अवस्था ........ 63
४.३.३ अवसर र चुनौती ........ 64
४.३.४ उद्देश्य ........ 64
४.३.५ रणनीति ........ 64
४.३.६ उपलब्धि तथा प्रमुख नतिजा ........ 65
४. ४ विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम ........ 67

४.४.१ परिचय....67
४.४.१. वर्तमान अवस्था....67
४.४.३ अवसर र चुनौती....67
४.४.४ उद्देश्य....68
४.४.५ रणनीति....68
४.४.६ उपलब्धि तथा प्रमुख नतिजा....69
४.५ विद्यालय सुरक्षा, विपद् न्यूनीकरण तथा उत्थानशीलता....71
४.५.१ परिचय....71
४.५.१. वर्तमान अवस्था....71
४.५.३ अवसर तथा चुनौती....71
४.५.४ उद्देश्यहरू....72
४.५.५ रणनीति....72
४.५.६ प्रमुख उपलब्धि, नतिजा तथा क्रियाकलाप....72
४.६ विद्यालयको भौतिक पूर्वाधार विकास....74
४.६.१ परिचय....74
४.६.२ वर्तमान अवस्थाः....74
४.६.३ अवसर र चुनौती....75
४.६.४ उद्देश्य....75
४.६.५ रणनीति....75
४.६.६ उपलब्धि, नतिजा तथा प्रमुख क्रियाकलाप....76
४.७ विद्यालयमा सूचना तथा सञ्चार प्रविधि....78
४.७.१ परिचय....78
४.७.३ अवसर र चुनौती....79
४.७.४ उद्देश्यहरू....80
४.७.५ रणनीति....80
४.७.६ नतिजा, क्रियाकलाप तथा लक्ष्य....81
परिच्छेद ५....83
अन्य उपक्षेत्र....83

५.१ छात्रवृत्ति ........ 83
५.१.१ परिचय ........ 83
५.१.२ वर्तमान अवस्था ........ 83
५.१.३. अवसर र चुनौती ........ 84
५.१.४ उद्देश्य ........ 84
५.१.५ रणनीति ........ 84
५.१.६. उपलब्धि, नतिजा, मुख्य क्रियाकलाप तथा लक्ष्य ........ 85
५.२. सार्वजनिक-निजी शिक्षा साझेदारी ........ 86
५.२.१ परिचय ........ 86
५.२.२ वर्तमान अवस्था ........ 86
५.२.३ चुनौती र अवसर ........ 87
५.२.४ उद्देश्य ........ 88
५.२.५ रणनीति ........ 88
५.२.६ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य निर्धारण ........ 89
परिछेद ६ सुशासन तथा व्यवस्थापन ........ 92
६.१ शिक्षाको व्यवस्थापन तथा संस्थागत विकास ........ 92
६.१.१ वर्तमान अवस्था ........ 92
६.१.३ उद्देश्य ........ 92
६.१.४ रणनीती ........ 93
६.१.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य ........ 93
६.१.५ प्रमुख क्रियाकलाप तथा परिमाणात्मक लक्ष्य ........ 93
६.२ स्थानीय शिक्षा योजना कार्यान्वयनको प्रबन्ध ........ 94
६.२.१ परिचय ........ 94
६.२.२ वर्तमान अवस्था ........ 95
६.२.३ उद्देश्य ........ 95
६.२.४ रणनीति ........ 96
६.२.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य ........ 96
परिच्छेद ७ : लगानी र स्रोत व्यवस्थापन ........ 97

७.१.२ वर्तमान अवस्था ........ 98
७.१.३ अवसर तथा चुनौती ........ 99
७.१.४ उद्देश्य ........ 99
७.१.५ रणनीति ........ 99
७.१.६ प्रस्तावित कार्यक्रम तथा बजेट अनुमान ........ 99
७.१.७ प्रस्तावित बजेट ........ 100
परिछेद ८ अनुगमन तथा मूल्याङ्कन ........ 104
८.१ परिचय ........ 104
८.१.१. वर्तमान अवस्था ........ 105
८.१.२ चुनौती र अवसर ........ 105
८.१.२ उद्देश्य ........ 106
८.१.३ रणनीति ........ 106
८.१.४ प्रमुख उपलब्धी तथा नतिजा ........ 106
८.१.५ समन्वय र सहजीकरणः ........ 107
८.१.६ प्रमुख क्रियाकलाप तथा परिमाणात्मक लक्ष्य ........ 107
सन्दर्भ सामग्री ........ 109
अनुसूची १ : स्थानीय शिक्षा योजनाको ढाँचा ........ 112
अनुसूची – २ शिक्षा योजना निर्माण सम्बन्धी बैठक निर्णय कपी ........ 114
अनुसूची-३ सामुदायिक तथा संस्थागत विद्यालय र सामुदायिक सिकाइ केन्द्रको विवरण ........ 121
अनुसूची- ४ शिक्षा योजना कार्यान्वयनका लागि तयार पारिएको कार्यविधि तथा मापदण्डहरूको सँगालो ........ 122

## विषय प्रवेश

शैक्षिक सेवा प्रभावकारी रूपमा कार्यान्वयन गरी अपेक्षित नतिजा हासिल गर्न एवं शिक्षामा पहुँच, गुणस्तर, सहभागिता र समता सुनिश्चित गर्नका लागि शिक्षा योजनाको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ । नेपालको विद्यालय तहको शिक्षाको विकासका लागि **विद्यालय शिक्षा क्षेत्र योजना** कार्यान्वयनमा रहेको छ । त्यसै गरी प्रदेश स्तरमा पनि शिक्षा क्षेत्रको योजना निर्माण भई कार्यान्वयनमा छ । स्थानीय सरकार सञ्चालन ऐन २०७४ जारी भएपश्चात् आधारभूत तथा माध्यमिक शिक्षाका कार्यक्रम स्थानीय तहमार्फत कार्यान्वयन भइरहेका छन् । अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा तथा निःशुल्क माध्यमिक शिक्षा हासिल गर्नका लागि ७५३ ओटै स्थानीय तहले सङ्घीय र प्रदेश सरकारका योजनालाई आधार मानी आफ्ना आवश्यकतालाई प्राथमिकतामा राखी स्थानीय तह स्तरीय शिक्षा योजना निर्माण गर्नुपर्ने आवश्यकता रहेको हुनाले यस मिक्लाजुङ गाउँपालिकाले आफ्नो  विद्यालय शिक्षा क्षेत्रको योजना  निर्माण गरेको छ । मिक्लाजुङ गाउँपालिकाले शिक्षा योजना तयार गर्ने कार्य प्रारम्भ गरेको सन्दर्भमा पालिकामा रहेको मौजुदा रहेका केही विज्ञ तथा बाह्य रहेका विज्ञताको स्रोतलाई पहिचान गरी, परिचालन गर्दै स्थानीय तहको शिक्षा योजना निर्माणसम्बन्धी मार्गदर्शन, परिमार्जित संस्करण २०८१ अनुरूप शिक्षा योजना निर्माण गरी यो दस्तावेज तयार गरिएको छ ।

### क) शिक्षा योजना निर्माणको आवश्यकता र औचित्य

नेपालको संविधान अनुसूची ८ मा स्थानीय तहको एकल अधिकारअन्तर्गत आधारभूत तथा माध्यमिक शिक्षा उल्लेख भएको तथा स्थानीय सरकार सञ्चालन ऐन २०७४ (११,ज) ले आधारभूत तथा माध्यमिक तहका लागि २३ ओटा शिक्षाका अधिकार तोकेको छ । यस ऐनको दफा २४ (१) मा स्थानीय तहले आवधिक तथा क्षेत्रगत योजना निर्माण गरी कार्यान्वयन गर्नुपर्ने नीतिगत व्यवस्था समेत गरेको छ । यी प्रावधानलाई कार्यान्वयन गर्नका लागि सबै स्थानीय तहले शिक्षा योजना निर्माण र कार्यान्वयन गर्न अनिवार्य छ ।

आर्थिक तथा सामाजिक आदिका कारणले सुविधाविहीन, सीमान्तकृत तथा अपाङ्गता भएका बालबालिकाको विद्यालय शिक्षामा समतामूलक पहुँच र सहभागिता सुनिश्चित गर्न तथा प्रत्येक बालबालिकामा न्यूनतम सिकाइ उपलब्धि सुनिश्चित गर्दै समग्र विद्यालय शिक्षाको गुणस्तर तथा सान्दर्भिकता अभिवृद्धि गर्न शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले १० वर्षे विद्यालय शिक्षा क्षेत्र योजना (School Education Sector Plan) स्वीकृत गरी कार्यान्वयनमा ल्याएको छ । यसैको आधारमा प्रदेश स्तरमा पनि आवधिक शिक्षा योजना निर्माण भएका छन् । यसै परिवेशमा सबै स्थानीय तहले शिक्षा योजना निर्माण र कार्यान्वयन गर्नुपर्ने आवश्यकतालाई महसुस गरी मिक्लाजुङ गाउँपालिकाको शिक्षा योजना निर्माण तथा विकासमा सहजीकरण गर्न यो दस्ताबेज तयार गरिएको हो ।

### ख) शिक्षा योजना निर्माणको औचित्य

१. तीनै तहमा बन्ने शिक्षा योजनाका बिच लम्बीय (Vertical) र क्षितिजीय (Horizontal) सहसम्बन्ध स्थापित गर्न,
२. सङ्घ र प्रदेशबाट प्रदान गरिने स्रोतहरूलाई योजनामा आधारित बनाई व्यवस्थापन, परिचालन र उपयोग गर्न,
३. कार्यक्रम र स्रोतमा देखिएको अभाव, दोहोरोपना, असक्षमता जस्ता समस्यालाई न्यूनीकरण गर्न,
४. साझा विषयमा लागत साझेदारी, समन्वय र सहकार्यलाई प्रभावकारी बनाउन,
५. शिक्षासम्बन्धी राष्ट्रिय लक्ष्य तथा अन्तर्राष्ट्रिय प्रतिबद्धता हासिल गर्न,

## ग) शिक्षा योजना निर्माणका आधार

स्थानीय तहको शिक्षा योजना निर्माण गर्दा निम्नलिखित र अन्य सान्दर्भिक सामग्री मूल आधार बनाइएको छ

क) नेपालको संविधान
ख) सोह्रौँ आवधिक योजना (२०८१।८२- २०८५।८६)
ग) स्थानीय सरकार सञ्चालन ऐन २०७४
घ) सङ्घ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध ) ऐन २०७७
ङ) अनिवार्य तथा निःशुल्क शिक्षासम्बन्धी ऐन, २०७५ लगायत विद्यमान विद्यालय शिक्षासम्बन्धी ऐन, नियमावली समेत
च) विद्यालय शिक्षा क्षेत्र योजना (School Education Sector Plan) र सिकाइ आपूरण तथा द्रुत सिकाइ योजना
छ) शिक्षा नीति मूलतः राष्ट्रिय शिक्षा नीति २०७६, शिक्षाको सोचपत्र २०७९
ज) विद्यालय शिक्षामा समता रणनीति
झ) दिगो विकास लक्ष्य राष्ट्रिय कार्यढाँचा
ञ) स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७८ र स्थानीय तहको विकास योजना
ट) स्थानीय तहको मध्यकालिन खर्च संरचना
ठ) राष्ट्रिय जनगणनाको प्रतिवेदन २०७८
ड) विद्यालय सुधार योजना र अन्य सरकारी र गैरसरकारी सङ्घसंस्थाका शिक्षासम्बन्धी कार्यक्रम आदि

स्थानीय शिक्षा योजना निर्माण गर्दा स्थानीय तहले अन्य क्षेत्रमा निर्माण गरेका योजना (कृषि, स्वास्थ्य, पूर्वाधार विकास, आदि) तथा विद्यालयले बनाएका विद्यालय सुधार योजना र नमुना विद्यालय विकास योजना जस्ता विभिन्न योजनालाई कार्यान्वयन सहजीकरण गर्ने अभिप्रायले योजनाले परिलक्षित गरेका मुख्य मुख्य कार्यक्रमलाई आधार मानी विभिन्न योजनाबिचको अन्तर्सम्बन्ध कायम हुने गरी योजना तर्जुमा हुनुपर्छ । यसका लागि स्थानीय तहअन्तर्गतका विभिन्न विभाग/शाखाहरूसँग पनि समन्वय गर्नुपर्छ । शिक्षा योजना निर्माण गर्दा स्थानीय तहले बालमैत्री, लैङ्गिकमैत्री र अपाङ्गमैत्री साथै विभिन्न प्रकोप तथा जलवायु परिवर्तनप्रति उत्थानशील, सफा तथा स्वच्छ भौतिक पूर्वाधार र हरित विद्यालय निर्माण गरी अनुकूल सिकाइ वातावरणको प्रबन्ध तथा त्यसको सबलीकरण गर्नुपर्ने छ ।

## घ) शिक्षा योजना निर्माणको प्रक्रिया

कुनै पनि कार्य सम्पन्न गर्न गरिने परिकल्पनाको स्वरूपलाई कार्यान्वयन तहसम्म पुऱ्याउन प्रतिफल दिने प्रक्रियाहरूको सम्मिश्रण नै योजना हो । योजना आफैँमा निर्मित हुने होइन । यो एउटा जटिल र चुनौतीपूर्ण कार्य पनि हो । यस कार्यलाई मिक्लाजुङ गाउँपालिका र शिक्षा शाखाले व्यवस्थित रूपमा अगाडि बढाउनका लागि तपसिलका चरण र प्रक्रियाहरूलाई गम्भीरतापूर्वक अवलम्बन र अनुसरण गरिएको छ ।

- मिति २०८१/०४/२५ गते मिक्लाजुङ गाउँपालिका प्रमुख श्री अमरराज माखिम ज्यूको संयोजकत्वमा ११ सदस्यीय शैक्षिक योजना निर्माण कार्यदल गठन भएको,
- मिति २०८१/०५/१३ गतेको गाउँ शिक्षा समितिको बैठकले शिक्षा योजना तयारको लागि अवस्था विश्लेषण गरी गठित कार्यदल र शिक्षा शाखासँग योजना निर्माण सम्बन्धी बैठक तथा छलफल गरेको,

- प्रदेश सामाजिक विकास मन्त्रालय शैक्षिक महाशाखाको आयोजना तथा युएसआइडी प्रारम्भिक कक्षा सिकाइको सहयोगमा शिक्षा योजना निर्माण सम्बन्धी २ दिने कार्यशाला सम्पन्न भएको,
- २०८१ माघ महिनामा शिक्षा योजना निर्माण कार्यदल गठन गरी लेखन समितिलाई योजना निर्माण प्रक्रिया, आवश्यक दस्ताबेजहरूको अध्ययन र लेखन विधिसहित कार्यशाला सम्पन्न गरिएको,
- २०८१ फागुन महिनामा शिक्षा योजना निर्माण कार्यदल, लेखन समितिबाट लेखिएको योजनालाई कम्पायल गरी छलफलसहित कार्ययोजना बाँडफाँड गरिएको,
- २०८१ चैत शिक्षा शाखाबाट थप अध्ययन तथा इमिसबाट डाटा सङ्कलन गरियो साथै लेखन समितिले तयार गरेको योजनाको Review प्रारम्भिक कक्षा सिकाइको विज्ञ समूहबाट अध्ययन गरी प्राप्त पृष्ठपोषणका आधारमा योजना अध्ययन गरियो ।
- २०८१ चैत मसान्तमा पालिका प्रमुख र प्रमुख प्रशासकीय अधिकृतसहित शिक्षा योजना निर्माण कार्यदल र लेखन समितिबाट लेखिएको योजनालाई पृष्ठपोषणका आधारमा पुनर्लेखन तथा संयोजन गरिएको,
- २०८२ बैशाख ३० गतेको पालिका प्रमुख र प्रमुख प्रशासकीय अधिकृतसहित शिक्षा योजना निर्माण कार्यदल र लेखन समितिबाट लेखिएको योजनालाई पृष्ठपोषणका सबै सामुदायिक विद्यालयहरुका प्र.अ. तथा शिक्षकहरु संग छलफल गरि सुझाबका आधारमा पुनर्लेखन तथा संयोजन गरिएको
- शिक्षा योजना लेखनपूर्व सबै सरोकारवालाहरूसँग सुझाव तथा छलफल कार्यशाला सञ्चालन गरिएको,
- कार्यदल र विज्ञको सहयोगमा शिक्षा योजनालाई चाहिने विद्यालय तथा पालिकाबाट शैक्षिक तथ्याङ्कहरू, दस्तावेजहरूको सङ्कलन अध्ययन तथा विश्लेषण गरिएको,
- विभिन्न सरोकारवालाहरूसँग छलफल तथा सुझाब सङ्कलन गरिएको,
- कार्यदल तथा विज्ञबाट योजनाको मस्यौदा तयार गरिएको,
- तयार भएको मस्यौदामाथि मिति २०८२ वैशाख महिनामा पालिका प्रमुख, उप प्रमुख तथा सरोकारवाला निकाय र सामुदायिक विद्यालयका प्र.अ. हरूसँग ५ वर्षे शैक्षिक योजनामा रहेर छलफल तथा सुझाव सङ्कलन गरिएको,
- तयार भएको मस्यौदालाई सबै सरोकारवालाहरूलाई पृष्ठपोषण प्रदान गर्न अवसर प्रदान गरिएको,
- शिक्षा योजनालाई विज्ञबाट अन्तिम मस्यौदा तयार गरिएको,
- तयार भएको मस्यौदालाई कार्यपालिकाको बैठकबाट प्रमाणित गरिएको ।

साथै यो योजना तय गर्दा मुख्य रूपमा सङ्घीय तथा प्रदेश सरकारका नीति, कार्यक्रम तथा योजनाका साथै अन्तर्राष्ट्रिय स्तरमा राष्ट्रले प्रतिबद्धता गरेका कुरालाई समेत मुख्य आधार बनाइएको छ साथै पालिकाले तय गरेको दूरदृष्टि, लक्ष्य र उद्देश्यका आधारमा यो योजना निर्माण गरिएको छ ।

### ङ) **योजनाको लेखाजोखा**

मिक्लाजुङ गाउँपालिकाको शिक्षा योजना निर्माण गर्दा योजना विश्वसनीय, वस्तुनिष्ठ दिगो र लगानीयोग्य छ कि छैन भन्नका लागि योजनाको विविध पक्ष समेटेर लेखाजोखा गरिएको छ, जुन योजना कार्यान्वयन गर्नुपूर्व गरिने महत्त्वपूर्ण कार्य तथा योजनाको अभिन्न अङ्ग हो निर्माण भएको योजनाको लेखालोखा कार्यलाई मिक्लाजुङ गाउँपालिकाले आन्तरिक र बाह्य रहेका विभिन्न विषय क्षेत्रका विज्ञहरूको समिति निर्माण गरी सो समितिको कार्य विवरण तोकी सम्पन्न गर्नका लागि जिम्मेवारी बाँडफाँट गरिसकेको छ। योजनाको लेखाजोखा गर्दा तलको तालिकामा दिइएका पक्षको सूक्ष्म विश्लेषण गरिएको छ :

| **क्र.सं.** | **लेखाजोखाका पक्ष** | **विस्तृत विवरण** |
|---|---|---|
| १ | नेतृत्त्व तथा सहभागिता (Leadership and participation) | • मिक्लाजुङ गाउँपालिकाको नेतृत्वमा शिक्षा शाखा र विद्यालय शिक्षकहरूको सक्रिय भूमिकाले शिक्षा योजनाको लेखन कार्यमा सहजता प्रदान गरेको छ।<br>• शिक्षा शाखाले समन्वयकारी भूमिका निर्वाह गर्दै योजनालाई प्रभावकारी बनाउन योगदान पुऱ्याएको छ।<br>• विद्यालयका शिक्षकहरूले स्थानीय आवश्यकता र समस्याहरूको पहिचानमा महत्वपूर्ण सहयोग गरेका छन्। |
| २ | पर्याप्तता र सान्दर्भिकता (Adequacy and relevance) | • शिक्षा योजना स्थानीय समुदायको शैक्षिक आवश्यकतासँग प्रत्यक्ष रूपमा सम्बन्धित छ, जसले यसको औचित्य र महत्वलाई प्रष्ट पार्छ।<br>• योजनाले स्थानीय सन्दर्भलाई आधार बनाई शैक्षिक सुधार र विकासका लागि आवश्यक विषयवस्तुहरूलाई समेटेको छ।<br>• यो योजनाले दीर्घकालीन र अल्पकालीन शैक्षिक लक्ष्यहरूको प्राप्तिमा सहयोग पुऱ्याउँछ। |
| ३ | समता, सक्षमता तथा गुणस्तर (Equity, efficiency and quality) | • योजनामा समता, सक्षमता, र गुणस्तरलाई प्राथमिकता दिइएको छ।<br>• सबै विद्यार्थीहरूलाई समान अवसर प्रदान गर्न लैंगिक समानता, सामाजिक समावेशीकरण, र विशेष आवश्यकता भएका विद्यार्थीहरूको समावेशमा जोड दिइएको छ।<br>• शैक्षिक गुणस्तर वृद्धिका लागि शिक्षक तालिम, शिक्षण सामग्रीको व्यवस्था, र शिक्षण विधिको सुधारमा ध्यान केन्द्रित गरिएको छ। |
| ४ | अन्तर्सम्बन्ध र तादात्म्य (Coherence) | • समन्वयकर्ताको सहजीकरणमा गाउँपालिका, विद्यालय, र अन्य सरोकारवालाहरूबीच सकारात्मक समन्वय कायम गरिएको छ।<br>• योजनाले स्थानीय, क्षेत्रीय, र राष्ट्रिय शैक्षिक नीतिहरूसँग तादात्म्यता कायम राख्दै समग्र विकासमा योगदान पुऱ्याउने लक्ष्य राखेको छ।<br>• विभिन्न पक्षहरूबीच समन्वयात्मक दृष्टिकोणले योजनाको प्रभावकारिता बढाएको छ। |
| ५ | सम्भाव्यता, कार्यान्वयन | • यो योजना स्थानीय स्रोत, साधन, र क्षमताहरूलाई मध्यनजर गरी |

| | | |
|---|---|---|
| | योग्यता तथा सान्दर्भिकता | तयार पारिएको छ, जसले यसको कार्यान्वयन योग्यतालाई सुनिश्चित गर्छ ।<br>● योजनामा समावेश गरिएका गतिविधिहरू मापनयोग्य, प्राप्त गर्न सकिने, र समयबद्ध छन् ।<br>● स्थानीय समुदायको शैक्षिक आवश्यकतासँग सान्दर्भिक रहँदै योजनाले व्यावहारिक र प्रभावकारी समाधानहरू प्रस्तुत गर्छ । |
| ६ | स्रोतको प्रबन्ध | ● सङ्घीय सशर्त अनुदान कार्यक्रम र स्थानीय तहका कार्यक्रमहरूबाट स्रोतको व्यवस्था गरिएको छ ।<br>● स्रोतको प्रभावकारी उपयोग र पारदर्शी वितरणमा विशेष ध्यान दिइएको छ ।<br>● निजी क्षेत्र, गैरसरकारी संस्था, र समुदायको सहभागितामा स्रोत परिचालनको सम्भावनालाई पनि समेटिएको छ । |
| ७ | संस्थागत क्षमता | ● विद्यालयका विज्ञ शिक्षकहरू र गाउँपालिकाको नेतृत्वमा संस्थागत क्षमता अभिवृद्धि गरिएको छ ।<br>● स्थानीय तहमा शिक्षा शाखाको कार्यक्षमता वृद्धिका लागि तालिम र प्राविधिक सहयोगको व्यवस्था गरिएको छ ।<br>● नियमित समीक्षा र क्षमता विकासका कार्यक्रमहरूले योजनाको कार्यान्वयनलाई थप प्रभावकारी बनाएको छ । |
| ८ | कार्यान्वयनमा तत्परता | ● योजनाको कार्यान्वयन बजेटको सीमा र परिधिभित्र रही अधिकतम प्रभावकारिता हासिल गर्ने गरी डिजाइन गरिएको छ ।<br>● कार्यान्वयनका लागि समयबद्ध कार्ययोजना र जिम्मेवारी तोकिएको छ ।<br>● स्थानीय तह, विद्यालय, र समुदायको सक्रिय सहभागिताले तत्परतामा सकारात्मक प्रभाव परेको छ । |
| ९ | तथ्याङ्क विश्लेषण र प्रक्षेपण | ● योजनाको आधार जनगणना २०७८ र इमिस (EMIS) २०८१/२०८२ को तथ्यांकमा आधारित छ ।<br>● तथ्यांकको विश्लेषणबाट विद्यार्थी सङ्ख्या, शिक्षक-विद्यार्थी अनुपात, र शैक्षिक पूर्वाधारको अवस्थालाई प्रक्षेपण गरिएको छ ।<br>● तथ्याङ्कमा आधारित योजना निर्माणले योजनालाई वस्तुनिष्ठ र विश्वसनीय बनाएको छ । |
| १० | अनुगमन र प्रतिवेदन | ● योजनाको प्रभावकारी कार्यान्वयनका लागि नियमित अनुगमन र मूल्याङ्कनको व्यवस्था गरिएको छ ।<br>● अनुगमनका लागि स्थानीय तह, विद्यालय, र समुदायका |

| | | |
|---|---|---|
| | | प्रतिनिधिहरू सम्मिलित समिति गठन गरिएको छ।<br>● प्रतिवेदन प्रणालीमार्फत प्रगति विवरण, चुनौतीहरू, र सुधारका क्षेत्रहरू पहिचान गरी सम्बन्धित पक्षहरूलाई जानकारी गराइने छ।<br>● वार्षिक र अर्धवार्षिक प्रतिवेदनहरू तयार गरी सरोकारवालाहरूसँग छलफल र समीक्षा गरिने छ। |

## निष्कर्ष

मिक्लाजुङ गाउँपालिकाको शिक्षा योजना समग्र, समावेशी, र कार्यान्वयन योग्य दस्तावेज हो। यो योजनाले स्थानीय शैक्षिक आवश्यकताहरूलाई सम्बोधन गर्दै समता, सक्षमता, र गुणस्तरमा जोड दिएको छ। समन्वय, स्रोत व्यवस्थापन, र तथ्याङ्कमा आधारित दृष्टिकोणले योजनालाई प्रभावकारी र दीर्घकालीन बनाएको छ। नियमित अनुगमन र प्रतिवेदनले योजनाको सफल कार्यान्वयन सुनिश्चित गर्नेछ।

## च) योजना दस्तावेजको स्वरूप

मिक्लाजुङ गाउँपालिकाले यस योजनाको स्वरूपलाई अनुसूची १ बमोजिमको ढाँचामा आधारित भई तयार पारेको छ। यस योजनाको परिचय खण्डभन्दा पहिला योजनाको कार्यकारी सारांश, विषयसूची, तालिकाहरूको सूची, चित्रहरूको सूची, विभिन्न अन्तरसम्बन्धित विषयवस्तुहरू समावेश गरी मिक्लाजुङ गाउँपालिकाको शिक्षा योजनालाई अन्तिम रूप दिएको छ ।

# परिच्छेद १ : परिचय

## १.१ वर्तमान अवस्था

नेपालको संविधान २०७२ ले समतामुलक, समावेशी र समाजवाद उन्मुख राष्ट्रको परिकल्पना गरेको छ । संविधानको अनुसुची ८ मा आधारभूत र माध्यमिक तह सम्मको शिक्षाको व्यवस्थापन गर्ने अधिकार र जिम्मेवारी स्थानीय तहलाई प्रदान गरेको हुनाले नागरिकको सबैभन्दा नजिकको सरकारको हैसियतले आफ्नो क्षेत्राधिकार भित्र गुणस्तरीय शिक्षाको प्रबन्ध गर्नु पालिकाको कर्तव्य हुन आएको छ । स्थानीय सरकार सञ्चालन ऐन २०७४ दफा २४ अनुसार पालिकाहरूले आफ्नो अधिकार क्षेत्र भित्रका विषयहरूमा स्थानीयस्तरको विकासका लागि आवश्यक नीति, रणनीति तथा योजना बनाई लागु गर्नु पर्ने व्यवस्था गरिएको छ । स्थानीय तहलाई प्राप्त शिक्षा सम्बन्धी अधिकारलाई नीति निर्माण, मापदण्ड तयार, सञ्चालन, व्यवस्थापन र नियमनको क्षेत्रमा जवाफदेही बनाउँदै शैक्षिक सुशासन कायम गर्ने अभिष्ट लक्ष्य राखेको छ । यसका साथसाथै निशुल्क अनिवार्य आधारभूत शिक्षा ऐन २०७५ र यसलाई कार्यान्वयन गर्न बनेको शिक्षा नियमावली २०७७, बालबालिकाको संवैधानिक अधिकार र प्राथमिकताहरू ग्यारेन्टी गर्न बनेको बाल अधिकार ऐन २०७५, राष्ट्रिय शिक्षा नीति २०७६ हरूले दिएको निर्देशनहरूले शिक्षा क्षेत्रमा सुधार र परिवर्तन गर्दछ भन्ने विश्वास लिएको छ । समृद्ध नेपाल र सुखी नेपाली आकाङ्क्षा पूरा गर्न नेपालले आफूलाई अल्पविकसित देशबाट वि.स. २०८३ सम्ममा विकासशील र वि.स. २१०० सम्ममा विकसित देशको हैसियतमा पुग्ने तयारी गर्दैछ । विकासशील र विकसित राष्ट्रको गन्तव्य विन्दुमा पुग्नको लागि मुख्य माध्यम भनेको प्रभावकारी र कार्यान्वयनकारी शिक्षा योजना र कार्यान्वयन नै मुख्य हो ।

यसर्थ संघीय सरकारले विद्यालय शिक्षा क्षेत्र योजना (२०२२-२०३१) ल्याएको छ जुन स्थानीय तहको शिक्षा क्षेत्र योजना तर्जुमा गर्न मार्गदर्शक हुनसक्छ । यसै दस्तावेजमा आधारित भएर शिक्षा तथा मानव स्रोत विकास केन्द्रले स्थानीय तहहरूलाई सहजीकरणका लागि स्थानीय तह शिक्षा योजना निर्माण मार्गदर्शन २०७९ ल्याएको छ । मिक्लाजुङ गाउँपालिकाले स्थानीय सरकार सञ्चालन ऐन २०७४ मा प्रदत्त अधिकारहरूको आधारमा गाउँपालिकाको ५ वर्षे आवधिक योजना समेत तय गरी कार्यान्वयनमा ल्याएको छ । गाउँपालिकाका यस आवधिक योजनाको विषयगत उपक्षेत्र अन्तर्गत शिक्षालाई प्राथमिकतामा राखी रणनीतिको रुपमा आधारभूत शिक्षा सम्बन्धी नीति तर्जुमा तथा योजना कार्यान्वयन गर्ने कुरा उल्लेख छ । यसर्थ माथि उल्लेखित नीति, रणनीति तथा योजनाहरूमा आधारित रही शिक्षा योजना निर्माण मार्गदर्शन २०७९ मार्गदर्शनको आधारमा मिक्लाजुङ गाउँपालिकाले ५ वर्षे विद्यालय शिक्षा क्षेत्र योजना निर्माण गरेको छ ।

### १.१.१ भौगोलिक अवस्थितिको विश्लेषण

"मिक्लाजुङ" को नामाकरण लिम्बू भाषाबाट भएको पाइन्छ । लिम्वु भाषमा "मिक्ला" को अर्थ "मालिङ्गो" हुन्छ । मालिङ्गो भनेको एक प्रकारको लेकाली बाँस हो । यो घना बाक्लो र अग्लो हुन्छ । "जुङ" (जङ वाट अपभ्रंश भएको भन्ने गरिन्छ) को अर्थ "टुप्पो" हुन्छ । यसरी "मिक्लाजुङ" को अर्थ मालिङ्गो टुप्पो अर्थात् बाँसको टुप्पो भन्ने अर्थ लाग्छ । जसलाई टाढा टाढाबाट पनि सजिलै देख्न सकिन्छ । मिक्लाजुङ शब्द प्राकृतिक सम्पदासँग जोडिएको छ । मिक्लाजुङ एक डाँडाको नाम हो । मिक्लाजुङ गाउँपालिका विश्व मानचित्र अनुसार २९.९३$^{0}$ उत्तरी अक्षांश र ८७.६७$^{0}$ पूर्वी देशान्तरमा पर्दछ । मिक्लाजुङ गाउँपालिकाको कुल क्षेत्रफल **१६६.६१** वर्ग कि.मि. छ । जिल्लाको कुल क्षेत्रफलमा करिब प्रतिशत भूभाग यस गाउँपालिकाले ओगटेको छ । साविकका साराङडाँडा, रवि, आरुबोटे, कुरुम्बा, लिम्बा र दुर्दिम्बा गा.वि.स.लाई समावेश गरी यो गाउँपालिका निर्माण गरिएको हो । यस गाउँपालिकाको पूर्वमा इलामको फाकफोकथुम गाउँपालिका र पश्चिममा तुम्बेवा

गाउँपालिका, उत्तरमा फाल्गुनन्द गाउँपालिका र दक्षिणमा चौबिसे गाउँपालिका र माङ्सेबुङ गाउँपालिका रहेका छन्। स्थानीय बासीहरूलाई सर्वसुलभ ढङ्गले सेवा उपलब्ध गराउन यो गाउँपालिकालाई जम्मा ८ वटा वडामा विभाजन गरिएको छ।

### १.१.२ जनसाङ्ख्यिक संरचनाको विश्लेषण

राष्ट्रिय जनगणना, २०७८ अनुसार यस गाउँपालिकाको जनसङ्ख्या २१, ०६१ रहेको छ। जस मध्ये पुरुष ४९.६ प्रतिशत र महिला ५०.४ रहेका छन्। सोही अनुसार लैङ्गिक अनुपात ९८.५६ प्रतिशत रहेको छ। जनघनत्व १२६ जना प्रति वर्ग किलोमिटर रहेको छ भने ५४५९ घरघुरी रहेको छ। राष्ट्रिय जनगणना २०७८ अनुसार यस गाउँपालिकाको विवरण तलको तालिकामा रहेको छ। त्यसैगरी यस गाउँपालिकाको उमेर समूहगत जनसङ्ख्या विवरण तलको ग्राफमा राखिएको छ।

| वडा | पुरुष | महिला | जम्मा |
|---|---|---|---|
| **१** | ११०७ | ११३८ | २२४५ |
| **२** | १३०६ | १३७८ | २६८४ |
| **३** | १४३३ | १४६७ | २९०० |
| **४** | २०४९ | २०४९ | ४०९८ |
| **५** | १५०८ | १५२४ | ३०३२ |
| **६** | ८१३ | ७८० | १५९३ |
| **७** | ९६० | ९४७ | १९०७ |
| **८** | १२७८ | १३२४ | २६०२ |
| **जम्मा** | १०४५४ | १०६०७ | २१०६१ |

स्रोत : https://censusnepal.cbs.gov.np/results/np

यसरी हेर्दा यस पालिकामा जनसङ्ख्यागत हिसाबले सबैभन्दा कम जनसङ्ख्या भएको वडा ६ र सबैभन्दा बढी जनसङ्ख्या भएको वडा ४ रहेको छ।




स्रोत : https://censusnepal.cbs.gov.np/results/np




स्रोत : https://censusnepal.cbs.gov.np/results/np

### १.१.३ सामाजिक तथा सांस्कृतिक अवस्थाको विश्लेषण

नेपाल एकात्मक तथा केन्द्रीकृत शासन व्यवस्थाबाट संघीय लोकतान्त्रिक गणतान्त्रिक मुलुकको रुपमा रुपान्तरित भएको छ। संघीय व्यवस्था अनुसार नेपालमा सङ्घ, सात प्रदेश र ७५३ स्थानीय तहको गठन भएको छ, जसमा पाँचथर जिल्लामा ८ स्थानीय तहको गठन भएको छ । मिक्लाजुङ गाउँपालिका कोशी प्रदेशको पाँचथर जिल्लामा अवस्थित छ । कुल १६६.६१वर्ग कि.मी. को विशाल क्षेत्रफलमा फैलिएको यो गाउँपालिकाको जनसङ्ख्या कुल जम्मा २१,०६१ रहेको छ। जसमा पुरुषहरूको सङ्ख्या १०,४५४ रहेका छ भने महिलाहरूका सङ्ख्या १०,६०७ रहेका छ सो मध्ये पुरुषको जनसङ्ख्या ४९.६ प्रतिशत रहेको छ भने महिलाको सङ्ख्या ५०.४ रहेको छ घरधुरी सङ्ख्या जम्मा ५,४५९ रहेका छ । वि.सं. २०७३/११/२७ गते राजपत्रमा सूचना प्रकाशित भएसँगै र पछिल्ला सचिवस्तरीय निर्णयसँगै देशका विभिन्न ७५३ वटा स्थानीय तह भएसँगै यो गाउँपालिका पनि अस्तित्वमा आएको छ। स्थानीय बासीहरूलाई सर्वसुलभ ढङ्गले सेवा उपलब्ध गराउन यो गाउँपालिकालाई जम्मा ८ वटा वडामा विभाजन गरिएको छ। साविकका आरुबोटे, सराङडाँडा, रवि, लिम्बा,

कुरुम्बा र दुर्दिम्बा गा.वि.स. लाई समावेश गरी यो गाउँपालिका निर्माण गरिएको हो यस गाउँपालिकाको पूर्वमा इलामको फाकफोकथुम गाउँपालिका र पश्चिममा तुम्बेवा गाउँपालिका, उत्तरमा फाल्गुनन्द गाउँपालिका र दक्षिणमा चौबिसे गाउँपालिका र माङ्सेबुङ गाउँपालिका रहेका छन । यस गाउँपालिकामा १५ प्रतिशत राई १२ प्रतिशत तामाङ २ प्रतिशत सुनुवार १० प्रतिशत क्षेत्री बाहुन र ५५ प्रतिशत लिम्बु २ प्रतिशत दलित ३ प्रतिशत मगर १ प्रतिशत नेवार जातीको बसोबास रहेको छ । यो गाउँपालिका सदरमुकाम फिदिम देखि लगभग ४९ कि.मि. टाडा रहेको छ । यसमा प्राकृतिक सम्पदा मिक्लाजुङ डाँडा,जरीबुट्ट डाँडा, छालासुकुवा डाँडा, यावराङ झरना, इन्द्रेणी झरना, झाक्री झरना, सेरेखेम्बा झरना, गोजुला भोजोला ताल, कमल पोखरी, हिलेडाँडा, बेहुली ढुङ्गा, फाल्गुन्द पार्क, हिले पोखरी, पेटारे पोखरी, नागी डाँडा, शिवालय मन्दिर, गुम्बाडाँडा, सेन्चेलेङमा चिया बगान, थोक्मेचम्बा माङहिम, तारे ढुङ्गा, सप्तकन्या ताल, लगायत अन्य थुप्रै प्राकृतिक सम्पदाहरूले सजिएर रहेको गाउँपालिका हो । यसमा आदिबासी जनजातीको बाहुल्य रहेको छ ।

| जात | जम्मा | पुरुष | महिला |
|---|---|---|---|
| याक्थुङ/ लिम्बु | ७७५९ | ३८६९ | ३८९० |
| तामाङ | २२५८ | १०९२ | ११६६ |
| ब्राह्मण – पहाड | ४०९ | २२४ | १८५ |
| राई | ४२१९ | २०५७ | २१६२ |
| परियार | ३९६ | १७७ | २१९ |
| विश्वकर्मा | ६२६ | ३०३ | ३२३ |
| क्षेत्री | १८२० | ९१५ | ९०५ |
| नेवाः (नेवार) | ३४९ | १७८ | १७१ |
| सुनुवार | ३५३ | १६८ | १८५ |
| मगर | १३२० | ६५३ | ६६७ |
| वान्तावा | ८१४ | ४१६ | ३९८ |

स्रोत : https://censusnepal.cbs.gov.np/results/np

### १.१.४ आर्थिक अवस्थाको विश्लेषण

यस गाउँपालिकामा बसोबास गर्ने मानिसहरूको मुख्य पेशा कृषि हो । अधिकांश जनसङ्ख्या कृषि पेशामा आबद्ध छन् । यसका अलावा नोकरी, व्यवसाय, ज्याला मजदुरीमा पनि यस क्षेत्रका बासिन्दाहरूको आबद्धता छ । घरधुरी सर्वेक्षण २०७७ अनुसार करीब १३३९० जनसङ्ख्या कृषिमा, ७३९ जना व्यापारमा, १००७ जना जागिरमा, १२२१ जना ज्याला मजदुरीमा र २१६ उद्यम व्यावसायमा आबद्ध छन् । यसैगरी १४ वर्ष माथिका पेशा बिहीन सङ्ख्या करीब १८४३ छ ।

तरकारी, दलहन, फलफुल र नगदे बालीको उत्पादन यस गाउँपालिकामा उत्पादन भए पनि अन्नबाली नै प्रमुख उत्पादन हो। यस अन्तर्गत धान, मकै, कोदो, गहुँ मुख्य हो। यसै गरी अलैंची, अदुवा, अम्रिसो, चिराइतो, तोरी, दाल, आलु पनि यस क्षेत्रको प्रमुख बालीमा पर्दछ। यस पालिका क्षेत्रमा आफ्नो उत्पादनले वर्षभरी खान पुग्ने वा बेचविखन गर्न पुग्ने परिवार ज्यादै न्युन छ। गाउँपालिका घरधुरी सर्वेक्षण २०७७ (पार्श्वचित्र) अनुसार, कुल घरधुरी ५४६० मा ७५ घरले मात्र उपभोग गरी बाँकी रहेको उत्पादन विक्री गर्ने गरेको देखाउछ। आफ्नो उत्पादनबाट ३ महिना खान पुग्ने २१८८ घर, ६ महिना पुग्ने १९२१ र ९ महिना पुग्ने ९५८ घर रहेको छ।










जनगणना २०७८ का अनुसार यस गाउँपालिकाको आर्थिक रुपले सक्रिय जनसङ्ख्या को प्रतिशत ७९.५ रहेको छ भने त्यसैगरी कुनैन कुनै पेशामा सक्रिय सहितको जनसङ्ख्या रहेको आधारमा ९५.५ प्रतिशत रोजगारी रहेका छन्।

### १.१.५ शैक्षिक अवस्थाको विश्लेषण

नेपालमा विद्यालय क्षेत्र अन्तरगत एकवर्षे प्रारम्भिक बालविकास शिक्षामा ४ वर्ष उमेरका बालबालिका सहभागी हुन्छन्। ५-१२ वर्ष उमेर समूहका लागि ८ वर्षको निःशुल्क र अनिवार्य आधारभूत शिक्षा र १३- १६ वर्ष उमेर समूहका लागि ४ वर्षको निःशुल्क माध्यमिक शिक्षा दिने दायित्व नेपाल सरकारको रहेको छ। नेपालको संविधान २०७२ ले माध्यमिक तहसम्मको शिक्षाको अधिकार स्थानीय तहलाई प्रदान गरेको छ। यसले स्थानीय तहलाई माध्यामिक तह सम्मको शिक्षालाई जिम्मेवार बनाउने संवैधानिक व्यवस्था छ। नेपालमा निजी स्तरबाट सञ्चालन भएका सशुल्क र सरकारी लगानीमा सञ्चालन भएका निःशुल्क गरी दुई प्रकारका शिक्षा प्रणाली सञ्चालनमा आएका छन्। यी दुवै प्रकृतिका बिद्यालयहरु मिक्लाजुङ गाउँपालिकामा पनि संचालनमा रहेका छन्।

राष्ट्रिय जनगणना २०७८ को तथ्याङ्क अनुसार यस गाउँपालिकाको जम्मा जनसङ्ख्या २१२८९ रहेको छ । जसमा साक्षरताको अवस्था ९१.८ प्रतिशत (१९५४४) साक्षर रहेको छ । आ.व. २०८२/८३ को शैक्षिक सुचना व्यवस्थापन प्रणाली (EMIS) को तथ्याङ्कअनुसार पालिका क्षेत्रभित्र सामुदायिक ५६ र ५ संस्थागत ६१ गरी जम्मा विद्यालय रहेको छ । आ.व. २०८१/०८२ को शैक्षिक सूचना व्यवस्थापन प्रणालीको तथ्याङ्क अनुसार प्रारम्भिक बालविकास ४६, कक्षा १- ५ सञ्चालित विद्यालय ६१, कक्षा ६- ८ सञ्चालित २६, कक्षा ९- १० सञ्चालित १४ र कक्षा ११-१२ सञ्चालित ११ विद्यालय रहेको छ । कक्षा १ देखि कक्षा १० सम्मको विद्यार्थी सङ्ख्या ३८८२ जना, जसमा छात्रा १९५९र छात्र १९२३ जना रहेको छ । यस पालिकामा सञ्चालित ४६ प्रारम्भिक बालविकास केन्द्रमा जम्मा ६०१ विद्यार्थी रहेका छन् जसमा २८९ छात्रा र ३१२ छात्र छन् । यस गाउँपालिकामा हाल ५३० शिक्षक शिक्षिकाहरू रहेका छन् ।

यस गाउँपालिकाको स्थापना सँगै शिक्षामा जोड दिँदै आएको छ । हरेक वर्ष शिक्षा क्षेत्रको बजेटमा विस्तार गरिदै आएको छ । विद्यालय शिक्षालाई गहन रूपमा विश्लेषण गर्दा पछिल्ला दिनमा शिक्षाको पहुँचमा उल्लेखनीय विस्तार भएको भए पनि गुणस्तर तथा सिकाइ उपलब्धि सुनिश्चतता एक मुख्य चुनौतिको विषय रहेको छ । CEHRD Flash Report २०८१ को आधारमा केही शैक्षिक तथ्याङ्कहरूलाई तलको तालिकामा विश्लेषण गरिएको छ ।

| **इसिडिको कुल भर्नादर** | **छात्रा** | **७८.८** |
|---|---|---|
| | छात्र | ६९.४ |
| | जम्मा | ७३.९ |
| **इसिडिको खुद भर्नादर** | छात्रा | ७१.६ |
| | छात्र | ६७.६ |
| | जम्मा | ६९.५ |
| **कुल प्रवेशदर कक्षा १** | छात्रा | १०१.८ |
| | छात्र | १०३.१ |
| | जम्मा | १०२.४ |
| **खुद प्रवेशदर कक्षा १** | छात्रा | ९५.२ |
| | छात्र | ९६.३ |
| | जम्मा | ९५.८ |
| **कुल भर्नादर कक्षा १ बाट ५** | छात्रा | ९९.६ |
| | छात्र | ९७.६ |
| | जम्मा | ९८.५ |

| | | |
|---|---|---|
| **खुद भर्नादर कक्षा १ बाट ५** | छात्रा | ९५.७ |
| | छात्र | ९६.० |
| | जम्मा | ९५.८ |
| **कुल भर्नादर कक्षा ६ बाट ८** | छात्रा | ११६.४ |
| | छात्र | ११६.२ |
| | जम्मा | ११६.३ |
| **खुद भर्नादर कक्षा ६ बाट ८** | छात्रा | ९३.० |
| | छात्र | ९०.९ |
| | जम्मा | ९२.० |
| **कुल भर्नादर कक्षा १ बाट ८** | छात्रा | १०५.४ |
| | छात्र | १०३.७ |
| | जम्मा | १०४.६ |
| **खुद भर्नादर कक्षा १ बाट ८** | छात्रा | ९४.८ |
| | छात्र | ९४.३ |
| | जम्मा | ९४.५ |
| **कुल भर्नादर कक्षा ९ बाट १०** | छात्रा | ९०.३ |
| | छात्र | ८६.४ |
| | जम्मा | ८८.५ |
| **खुद भर्नादर कक्षा ९ बाट १०** | छात्रा | ६९.८ |
| | छात्र | ६८.८ |
| | जम्मा | ६९.३ |
| **कुल भर्नादर कक्षा ११ बाट १२** | छात्रा | ५४.० |
| | छात्र | ५२.१ |

| | | |
|---|---|---|
| | जम्मा | ५३.३ |
| **खुद भर्नादर कक्षा ११ बाट १२** | छात्रा | ३०.४ |
| | छात्र | ३३.० |
| | जम्मा | ३१.४ |
| **कुल भर्नादर कक्षा ९ बाट १२** | छात्रा | ७१.० |
| | छात्र | ७०.६ |
| | जम्मा | ७०.८ |
| **खुद भर्नादर कक्षा ९ बाट १२** | छात्रा | ४८.८ |
| | छात्र | ५२.३ |
| | जम्मा | ५०.३ |
| **कक्षा ८ सम्मको टिकाउदर** | छात्रा | ८७.० |
| | छात्र | ८७.४ |
| | जम्मा | ८७.२ |

## १.२ मुख्य समस्या तथा चुनौतीहरूको विश्लेषण

☐ **विद्यालय शिक्षाको सर्वसुलभता सुनिश्चित गर्नु:**

- सबै बालबालिकालाई विद्यालयको पहुँचमा ल्याउन भौगोलिक र आर्थिक अवरोधहरू हटाउने।
- विशेष गरी विपन्न, अपाङ्गता भएका र सीमान्तकृत समुदायका बालबालिकालाई समावेश गर्ने।

☐ **उपयुक्त भौतिक पूर्वाधारको विकास:**

- कक्षाकोठा, पुस्तकालय, प्रयोगशाला, शौचालय र खानेपानीजस्ता आधारभूत पूर्वाधारको निर्माण र स्तरोन्नति।
- विद्यालयमा आकर्षक, सुरक्षित र बालमैत्री वातावरण विकास गर्ने।

☐ **शिक्षाको गुणस्तर सुनिश्चितता:**

- पाठ्यक्रम कार्यान्वयन, शिक्षण विधि र मूल्याङ्कन प्रणालीमा सुधार गरी गुणस्तरीय शिक्षा प्रदान गर्ने।
- विद्यार्थीको सिकाइ उपलब्धि वृद्धि गर्न प्रभावकारी शिक्षण रणनीति लागु गर्ने।

☐ **सार्वजनिक शिक्षाप्रति आकर्षण बढाउनु:**

- सामुदायिक विद्यालयहरूप्रति अभिभावक र विद्यार्थीको विश्वास र आकर्षण बढाउन शैक्षिक सुधार र प्रचारप्रसार गर्ने।

☐ **विद्यार्थी–शिक्षक अनुपातमा दरबन्दी मिलान:**

- विद्यार्थी सङ्ख्याको आधारमा शिक्षक दरबन्दीको पुनर्वितरण र व्यवस्थापन गर्ने।

- दुर्गम क्षेत्रमा शिक्षक अभावको समस्या समाधान गर्न प्रोत्साहन र नीतिगत व्यवस्था गर्ने ।

☐ **प्रविधिमा आधारित र बालमैत्री शिक्षण:**

- डिजिटल कक्षा, स्मार्ट बोर्ड र ई–लर्निङ प्रणाली लागू गरी प्रविधिमा आधारित शिक्षा प्रवर्द्धन गर्ने ।
- बालमैत्री शिक्षण विधि र सामग्री विकास गरी सिकाइलाई रमाइलो बनाउने ।

☐ **विद्यालयबाहिर रहेका बालबालिकालाई भर्ना:**

- विद्यालयबाहिर रहेका सबै बालबालिकालाई पहिचान गरी भर्ना अभियान सञ्चालन गर्ने ।
- आर्थिक, सामाजिक र सांस्कृतिक अवरोध हटाउन विशेष कार्यक्रम सञ्चालन गर्ने ।

☐ **कक्षा छोड्ने दर शून्यमा झार्नु:**

- विद्यार्थी टिकाउ दर (Retention Rate) बढाउन छात्रवृत्ति, खाजा, यातायात र मनोसामाजिक सहयोग प्रदान गर्ने ।
- कक्षा छोड्ने कारणहरूको पहिचान र समाधानमा केन्द्रित नीति बनाउने ।

☐ **शिक्षा क्षेत्रमा सुशासन र उत्तरदायित्व:**

- विद्यालय व्यवस्थापन समिति र शिक्षा शाखामा पारदर्शिता र जवाफदेहीता सुनिश्चित गर्ने ।
- भ्रष्टाचार र अनियमितता रोक्न कडा नीति र अनुगमन संयन्त्र लागू गर्ने ।

☐ **शिक्षकको पेशागत क्षमता अभिवृद्धि:**

- शिक्षकहरूलाई नियमित तालिम, कार्यशाला र गोष्ठीमार्फत आधुनिक शिक्षण विधिमा दक्ष बनाउने ।
- शिक्षकको कार्यसम्पादन मूल्याङ्कन र प्रोत्साहन प्रणाली लागू गर्ने ।

☐ **नियमित अनुगमन र पृष्ठपोषण:**

- सामुदायिक विद्यालयहरूमा नियमित अनुगमन र रचनात्मक पृष्ठपोषण प्रदान गर्ने संयन्त्र स्थापना गर्ने ।
- अनुगमन प्रतिवेदनका आधारमा सुधार योजना कार्यान्वयन गर्ने ।

☐ **स्थानीय विषयका पाठ्यपुस्तक निर्माण र वितरण:**

- मिक्लाजुङ गाउँपालिकाको संस्कृति, इतिहास र स्थानीय सन्दर्भ समेटिएको पाठ्यपुस्तक विकास गर्ने ।
- पाठ्यपुस्तकको प्रभावकारी वितरण र उपयोग सुनिश्चित गर्ने ।

☐ **सूचना सञ्चार प्रविधिको उपयोग:**

- इन्टरनेट, कम्प्युटर ल्याब र डिजिटल सामग्रीमार्फत सूचना प्रविधिको अवसर सदुपयोग गर्ने ।
- शिक्षक र विद्यार्थीको डिजिटल साक्षरता बढाउन तालिम र कार्यक्रम सञ्चालन गर्ने ।

## १.३ शिक्षा क्षेत्रका चुनैतीका *SWOT* विश्लेषण

गाउँपालिकाको वस्तुस्थिति विश्लेषण, विगतका प्रयास तथा उपलब्धिको पुनरावलोकन एवं गाउँपालिकाको भावी मार्गचित्र बारे सहभागीतात्मक छलफलबाट पहिचान भएका शिक्षा क्षेत्रमा सकारात्मक पाटो, सम्भावना वा अवसर, समस्या र चुनौतीहरूलाई देहाय बमोजिम यस पालिकाको सकारात्मक पक्ष समेतलाई विश्लेषण गरी उल्लेख गरिएको छ ।

| सकारात्मक पाटो | सम्भावना वा अवसरहरू |
|---|---|
| ● प्रारम्भिक बालविकास केन्द्रहरू स्थापना तथा सन्चालन भइरहेको<br>● शहीद परिवार, विपन्न एवं जेहेन्दार विद्यार्थीहरूलाई छात्रवृत्तिको व्यवस्था<br>● बालबालिकाहरूका लागि दिवा खाजा, स्यानिटरी प्याडको | ▪ उमेर समुहका सबै बालबालिकाहरूको विद्यालयमा पहुँच<br>▪ शिक्षामा लगानी गर्न निजी क्षेत्रहरूको बढ्दो आकर्षण ।<br>▪ नेपाल सरकारको नीति तथा कार्यक्रमहरूमा |

| | |
|---|---|
| व्यवस्था<br>● भर्नादर र सिकाई उपलब्धि सन्तोषजनक रहेको<br>● विद्यालयहरूका आइसिटी, डिजिटल उपकरणहरू जडान भएको ।<br>● बिकास साझेदार संस्थाहरूसँग शैक्षिक कार्यक्रमहरूको लागत साझेदारी सहित सम्झौता हुनु | संसोधन गरी प्रारम्भिक कक्षा सिकाईलाई जोड दिदै ।<br>▪ बालबालिकाहरूलाई शिक्षा दिनुपर्ने पक्षमा अभिभावकहरू सचेत<br>▪ वैकल्पिक शिक्षा, खुल्ला तथा अनौपचारिक शिक्षा र सामुदायिक सिकाई केन्द्रको व्यवस्था<br>▪ बिकास साझेदार संस्थाहरुले भवन निर्माण सहित शैक्षिक सुधारका कार्यक्रम शुरु गर्नु |
| **सुधारात्मक पाटो** | **समस्या तथा चुनौती** |
| ○ प्रारम्भिक कक्षा १-३ वा ५ लाई प्राथमिकतामा राख्नु<br>○ प्राविधिक शिक्षालय सञ्चालन गर्न<br>○ प्रारम्भिक कक्षा १ -३ वा ५ का शिक्षकहरूलाई पर्याप्त तालिम<br>○ तालिम प्राप्त शिक्षकहरूले विद्यायलमा प्रभावकारीरुपमा ज्ञान हस्तान्तरण<br>○ विद्यालयमा शैक्षिक सामाग्री, खेलकुद लगायत आधारभूत भौतिक पुर्वाधारहरू<br>○ विद्यायलका भौतिक संरचनाहरू बालमैत्री, अपाङ्गतामैत्री, लैङ्गिक मैत्री सहितको निर्माण गरिनु<br>○ बिद्यार्थी संख्याका आधारमा विद्यालयहरुको नक्साङकन गरिने क्रियाकलाप र स्रोतको ब्यबस्थापन<br>○ प्र.अ. तथा शिक्षकहरुसँग मासिक शैक्षिक अन्तरक्रियाको शुरुवात गरिनु<br>○ भर्चुअल बैठक मार्फत पालिकामा रहेका बिज्ञ रोस्टर समुहले अन्य बिद्यालयका शिक्षकको पेसागत सहयोग गर्न शुरुवात गरिनु,<br>○ इमिसमा रहेका बिद्यार्थी संख्याको आधारमा बिद्यालयमै गई तथ्यांक सत्यापन गरिनु, | ● शिक्षालाई गुणस्तरीय र व्यवहारिक बनाउनु साथै सामुदायिक विद्यालयको शिक्षा प्रतिको आकर्षण अभिवृद्धि गर्नु ।<br>● विद्यालयहरूमा आाइसिटी लगायत भौतिक पूर्वाधारको पर्याप्त व्यवस्थापन गर्नु<br>● सिकाई आपुरण तथा द्रुत सिकाई योजना कार्यान्वयनका लागि भौगोलिक तथा प्राविधिक समस्या<br>● आवसीय विद्यालय सञ्चालन<br>● प्रारम्भिक कक्षा १, ३ वा ५ लाई प्राथमिकतामा राख्नु । साथै १-३ कक्षालाई छापामय बनाउनु<br>● भर्ना भएका विद्यार्थी टिकाई राख्न नसक्नु<br>● तहगत, विषयगत, क्षेत्रगत रुपमा सबै विद्यालयमा शिक्षक व्यवस्थापन गर्न नसक्नु ।<br>● शिक्षण सिकाई, मुल्याकंन तथा सुपरीवेक्षण साथै पृष्ठपोषण प्रक्रिया सुधार गर्न नसक्नु ।<br>● समयानुकुल प्रविधिमैत्री शैक्षिक व्यवस्थापन गर्न नसक्नु |

## १.४ अवसरहरू

यस गाउँपालिकामा रहेको जनसङ्ख्या बनोट तथा यहाँका विद्यालयमा रहेका जनशक्तिको अभाव अदि जस्ता कारणाले गर्दा देखापरेका समस्याहरूलाइ चिर्दै नेपालको संविधानले प्रदान गरेका अधिकार भित्र रहेर काम गर्दा शिक्षा क्षेत्रको विकास गर्न थुप्रै अवसर पनि देखिन्छ ।

- संविधानको प्रावधान अनुसार स्थानीय भाषामा पाठ्यक्रम तथा पाठ्यपुस्तक विकास गर्ने अवसर,
- विद्यालयको अपूर्ण तथा अपुग पुर्वाधार निर्माण गर्ने अवसर,
- स्थानीय पाठ्यक्रमको कार्यान्वयन मार्फत विद्यार्थीको सिकाइको गुणस्तर सुधार गर्ने अवसर,
- स्थानीय पाठ्यक्रम मार्फत भाषा तथा संस्कति संरक्षण गर्ने अवसर,
- शिक्षा क्षेत्रको गुणस्तर सुधारका लागि शिक्षक व्यवस्थापन तथा तालिमको व्यवस्था गर्रिँदै आएको छ।
- शिक्षक पेसागत विकासका लागि पालिकास्तरमा विज्ञ समूह गठन गरिएको छ।
- शिक्षकको पेसागत सहयोगका लागि शिक्षक Mentoring and Coaching को व्यवस्था गरी Menti शिक्षकहरूलाई पेसागत सहयोग प्रदान,
- विद्यालयमा इ-हाजिरी जडान, इमिसमा समयमै विद्यार्थीको तथ्याङ्क प्रविष्टि, सत्यापन तथा स्तरीय परीक्षा सञ्चालन,
- विद्यालयमा इन्टरनेट सेवा विस्तार गरि प्रविधिमैत्री शिक्षण सिकाइका लागि आवश्यक स्रोत साधन सहित दक्ष शिक्षकको व्यवस्थापन,
- दातृ निकायहरूको साझेदारी, समन्वय र सहकार्य सहित सिकाइ सुधार,

# परिच्छेद २ : दूरदृष्टि, उद्देश्य, रणनीति तथा लक्ष्य निर्धारण

## २.१ स्थानीय तहमा शिक्षा योजना निर्माण गर्दा लिनुपर्ने आधार

नेपालको संविधानले शिक्षा सम्बन्धी हकलाई मौलिक हकको रुपमा प्रत्याभूत गरेको छ। संविधानले आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क पाउने हकको कानूनी व्यवस्था गरेको छ। अपाङ्गता भएका र आर्थिक रुपले विपन्न नागरिकलाई कानुन बमोजिम निःशुल्क उच्च शिक्षा पाउने र प्रत्येक नेपाली समुदायलाई कानुन बमोजिम आफ्नो मातृभाषामा शिक्षा पाउने र त्यसका लागि विद्यालय वा शैक्षिक संस्था खोल्ने र सञ्चालन गर्ने हकको व्यवस्था गरेको छ। नेपालको संविधानको मौलिक हक अन्तरगत शिक्षाको हक, बालबालिकाको हक लगायत राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्व, राज्य संरचना र राज्य शक्तिको बाँडफाँड सम्बन्धी धारा ५७ को उपधारा ४ बमोजिम स्थानीय तहको अधिकार अनुसूची र स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ (ज) मा उल्लिखित प्राप्त अधिकारलाई समेत आधार मानी स्थानीय तहको शिक्षालाई योजनावद्ध ढङ्गले अगाडि बढाइ स्थानीय आवश्यकतालाई पूरा गर्न सक्ने जनशक्ति उत्पादन, राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरमा प्रतिस्पर्धा गर्न सक्ने गुणस्तरीय जनशक्ति उत्पादनका लागि Scaffolding को भूमिका निर्वाह गर्न सकोस् भन्ने आशयले सबैको राय सुझाव लिई यो १० वर्षे विद्यालय शिक्षा क्षेत्रको योजना (सन् २०२४- २०३३) तयार गरिएको छ।

विश्वको बदलिँदो परिवेशअनुसार नेपालले राष्ट्रिय स्तरमा बनाएका योजनाहरू र गरेका प्रतिवद्धताहरूलाई पूरा गर्नको लागि शिक्षा विकास गुरुयोजनाले महत्वपूर्ण मार्ग निर्देश गर्ने भएकोले यो योजनाको निर्माण गरिएको छ। यो योजना तयार गर्ने क्रममा यस गाउँपालिकाको गाँउ शिक्षा समिति, विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभवक सङ्घका पदाधिकारीहरू, शिक्षक कर्मचारी, विभिन्न सङ्घसंस्थाका प्रतिनिधिहरू, बाल क्लव लगायत सबैसँग औपचारिक तथा अनौपचारिक छलफल र अन्तरक्रिया गरी महत्वपूर्ण राय सुझाव लिइ योजना तर्जुमा गरिएको छ। स्थानीय तहमा उपलब्ध स्रोत साधनको अधिकतम प्रयोग गरी स्थानीय तहबाट नै विकेन्द्रीकरणको मर्म अनुरुप Bottom up Planning Approach का आधारमा विद्यालय सुधार योजना लगायत अन्य प्रक्रियाका माध्यमबाट शिक्षा विकासको गुरु योजना निर्माण गर्न वाञ्छनीय भएकोले यो योजना तयार पारिएको हो।

यस विद्यालय क्षेत्र योजनाको माध्यमबाट अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा, निःशुल्क माध्यमिक शिक्षा र सर्वसुलभ साक्षरता, निरन्तर शिक्षा तथा जीवन पर्यन्त सिकाइमा नेपालले वि.सं. २०८७ (सन् २०३०) सम्ममा प्राप्त गर्ने उपलब्धिहरूलाई समेट्ने गरी यस परिच्छेदमा योजनाको दूरदृष्टि, लक्ष्य, उद्देश्यहरू, रणनीतिहरू तथा प्रमुख उपलब्धि सूचक प्रस्तुत गरिएको छ।

## २.२ दूरदृष्टि

" मिक्लाजुङ गाउँपालिकाको अपेक्षा, समतामूलक शिक्षित समाज र गुणस्तरीय शिक्षा"

## २.३ लक्ष्य

सबै बालबालिकाहरूको शिक्षाको पहुँच सुधार गर्दै गुणस्तरीय सिकाइको लागि न्युनतम सिकाइ वातावरणको सुनिश्चित गर्ने।

## २.४ उदेश्य

- प्रारम्भिक बालविकासदेखि माध्यमिक तहसम्मको शिक्षामा अपाङ्गता भएका, अभिभावक विहीनलगायत सबै प्रकृतिका बालबालिकाको पहुँच पुऱ्याउनु,
- गुणस्तरीय सिकाइका लागि प्रविधिसहितको विपद्/जोखिम, प्रतिरोधी भौतिक तथा मनोवैज्ञानिक वातावरण निर्माण गरी प्राविधिक, व्यावसायिक तथा प्रविधिमैत्री मध्यम स्तरको जनशक्ति तयार गर्नु,
- विद्यालय शिक्षाको  सिकाइ उपलब्धिमा सुधार गर्नु,
- शिक्षकहरूको पेशागत क्षमता अभिवृद्धि गर्नु,
- विद्यालय व्यवस्थापनमा सुशासन कायम  गर्नु,
- अनौपचारिक शिक्षा, जीवनोपयोगी शिक्षा तथा जीवनपर्यन्त सिकाइका अवसरहरू विस्तार गर्नु,
- बालबालिकाहरूको सर्वाङ्गीण विकासका लागि खेलकुद प्रवर्धन गर्नु,
- विद्यालय शिक्षामा बाल संरक्षण सुनिश्चित गर्नु,
- आपतकालीन तथा सङ्कटपूर्ण परिस्थितिमा पनि बालबालिकाहरूले शिक्षा प्राप्त गर्ने अवसरमा वृद्धि गर्नु
- विद्यालय तहमा जलवायु परिवर्तनका प्रभावप्रति सचेत, अनुकूलनशील र उत्थानशील नागरिक उत्पादन गर्न ज्ञान, सीप र व्यवहारमा सकरात्मक परिवर्तन ल्याउनु।

## २.५ रणनीति

- वार्ड अध्यक्षसँग बालबालिका" कार्यक्रममार्फत विभिन्न कारणले विद्यालय भर्ना नभएका बालबालिकाको अवस्था पहिचान र कारण पत्ता लगाई विद्यालयमा ल्याउने,
- आवश्यकताको आधारमा विद्यालयको नक्साङ्कन, समायोजन, पुनर्वितरण र मर्ज गर्ने।
- शिक्षा मन्त्रालयले बनाएको निर्देशिकालाई आधार मानी पालिकाले विद्यालय मर्ज गर्ने कार्यविधि निर्माण गरी शिक्षक विद्यार्थीको अनुपातका आधारमा मर्ज गरिने,
- गुणस्तरीय शिक्षा प्राप्तिकालागि कार्यरत "पालिका शिक्षक/कर्मचारीका बालबालिका सामुदायिक विद्यालयमा भर्ना" कार्यक्रम सञ्चालन गर्ने,
- बालबालिकाहरूको पहुँच सुनिश्चतताका लागि बालविकास कक्षा भर्ना भएका बालबालिकाहरूका लागि  "पालिका प्रमुख बाल वचत कार्यक्रम" सञ्चालन गरी बालबालिकाहरूको शैक्षिक सहयोग कार्यक्रम सञ्चालनमा ल्याउने।
- बालविकास कक्षाहरूमा ६ महिनासम्म खेल, सङ्गीत र अभ्यासका माध्यमबाट विषयवस्तुको आकृति सिकाइ पश्चात मात्र अन्य शिक्षण सिकाइ गरिने,
- तोकिएको उमेर भन्दा अगावैका बालबालिका विद्यालयमा भर्ना हुन आए प्ले ग्रुपमा सिकाइ सहजीकरण गरिने,
- एक बालविकास एक खेल सामाग्री (पिङ, चिप्लेटी, लगायत) व्यवस्थापन गरिने,
- सिमान्तकृत तथा पछाडि पारिएका वर्गका तथा कार्यगत सीमितता (भिन्न क्षमता) भएका बालबालिकाहरूको पहिचान गरी शैक्षिक सहयोग कार्यक्रम लागु  गर्ने।
- एक विद्यालय एक बालविकास केन्द्रको अवधारणा लागु गरी त्यसलाई निरन्तरता दिने।

- पहुँचको सुनिश्चितताको लागि “एउटा बच्चाको भर्ना : मेरो सामाजिक दायित्व” कार्यक्रम लागु गर्ने।
- वडा तथा पालिकास्तरमा सतप्रतिशत विद्यालय पहुँच घोषणा कार्यक्रम सञ्चालन गर्ने।
- प्रारम्भिक बालविकास केन्द्रको सिकाइ सुधारको लागि प्रारम्भिक बाल विकास केन्द्रको पाठ्यक्रम २०७७ लाई कार्यान्वयनमा ल्याउने।
- प्रारम्भिक कक्षाको सिकाइ सुधारको लागि "पढ्नको लागि सिक्ने" धारणा सहित क्रमिक सिकाइ सहजीकरण रणनीति लाई पूर्ण कार्यान्वयनमा लाने।
- प्रारम्भिक कक्षामा छापामय कक्षाकोठा व्यवस्थापन, शिक्षणसिकाइ सामग्री, सन्दर्भ पढाइ तथा गणितीय सामग्रीको व्वस्थापन, विद्यालयमा सिकाइ मेला तथा प्रतियोगिता सञ्चालन, शिक्षकको क्षमताको विकास तथा पेशागत विकासमा सहयोग, कक्षाकोठामा आधारित प्रारम्भिक कक्षा पढाइ सीप परीक्षण, बालबालिकाहरूका लागि प्रारम्भिक पहिचान कार्यक्रम जस्ता क्रियाकलापहरू गर्ने।
- सिकाइ सुधारका लागि प्रविधिमैत्री तथा बालमैत्री शिक्षणसिकाइ क्रियाकलाप क्रमशः लागु गर्ने।
- विद्यालय तहको शिक्षण सिकाइमा सुधारका लागि सबै कक्षाहरूमा शिक्षक विद्यार्थी तथा अभिभावकबाट निर्मित No cost and low cost शैक्षिक सामग्री निर्माण कार्यक्रम लागु गर्ने।
- शिक्षकको पेशागत सहयोगका लागि पालिकास्तरमा स्थानीय विज्ञ समूहको परिचालन, क्लस्टर तथा विद्यालस्तरमा विषयगत शिक्षक समूहको निर्माण तथा परिचालन सहित मासिक घुम्ति शिक्षण कार्यक्रम लागु गर्ने।
- विद्यालय सुपरीवेक्षण तथा शिक्षकको पेशागत सहयोगको लागि पालिकास्तरमा निश्चित कार्यविधि लागु गर्ने।
- शिक्षकको क्षमता विकासका लागि मागमा आधारित छोटा अवधिका तालिम तथा क्षमता विकास कार्यक्रम सञ्चालन गर्ने।
- विद्यालयमा सङ्गीत र अतिरिक्त क्रियाकलाप सञ्चालन गर्न एक विद्यालय एक शिक्षक तालिम दिई खाली समयमा सङ्गीत र खेलका माध्यमबाट निरन्तर सिकाइ गरिने छ।
- स्थानीय तहद्वारा प्रत्येक विद्यालयमा कम्तिमा एक शिक्षकलाई प्रविधि सम्बन्धी तालिम (आधारभूत कम्प्युटर सम्बन्धी तालिम) कार्यक्रम सञ्चालन गर्ने।
- सामाजिक सञ्जाललाई शिक्षणसिकाइ कार्यमा आवद्ध गर्दै लाने।
- कक्षाकोठामा शिक्षक र विद्यार्थीको शैक्षिक अन्तरक्रिया बढाउनका लागि अनिवार्य रुपमा शिक्षकले कक्षाकोठामा बिताउने समय (TST) थप प्रभावकारी गरी कार्यान्वयनमा ल्याउने।
- सिकाइको लागि निरन्तर मूल्याङ्कनलाई अनिवार्य गरी कक्षा ५ र ८ को पालिका स्तरीय तथा १० को SEE पूर्व तयारी परीक्षा सञ्चालन गर्ने।
- आवश्यकता अनुसार दरबन्दी मिलान गर्दै पालिका शिक्षा ऐन तथा नियमावलीमा तोकिए अनुसार प्र.अ. व्यवस्थापन गरी प्रअलाई शैक्षिक तथा शैक्षणिक नेतृत्वकर्ताका रुपमा विकास गर्दै लाने।
- "कमजोर विद्यार्थीको घरमा प्रध्यानाध्यापक" कार्यक्रम सञ्चालन गरिने छ।
- स्थानीय तहका सबै विद्यालयको PMECs (कक्षाकोठा, न्युनत्तम शिक्षक, निशुल्क एक सेट पाठ्यपुस्तक तथा पाठ्यक्रम, पानी सहितको छात्रा शैचालय र न्यूनतम शैक्षिक सामग्री सहितको बुक कर्नर) लाई सुनिश्चित गर्ने।

- प्रअलाई शिक्षण सिकाइ सुधारको लागि "एक विद्यालय एक शैक्षणिक नेतृत्वकर्ता" को रुपमा तोकी कार्यान्वयनमा ल्याइने तथा तहगत तथा क्षेत्रगत इन्चार्जको व्यवस्था गर्ने ।
- घेरबारा सहितको सुरक्षित विद्यालयको अवधारणा ल्याइने,
- विद्यालयमा सुरक्षित खानेपानी तथा सरसफाइ स्वच्छता अभियान सहित हरित विद्यालय अभियान सञ्चालन गरिने,
- बिद्यालय, खानेपानी, सरसफाइ तथा स्वच्छता सम्बन्धि कार्यविधि, २०७४ अनुसार समन्वय समिति गठन गरिने,
- बिद्यालय खानेपानी सरसफाई तथा स्वच्छताका मापदण्ड कार्यविधि २०७४ अनुसार तयार गरि तारा पद्दतिमा लैजाने,
- स्थानीय पाठ्यपुस्तकलाई व्यावहारिक र यथार्थता सहित शिक्षण सिकाइ गरिने,
- प्र.अ. द्वारा जिम्मेवारी बाँडफाँड सहितको कार्यालय व्यवस्थापन र सञ्चालन गरिने,
- विषय विज्ञद्वारा प्राविधिक धार र साधारण धार पढ्ने विद्यार्थीहरूलाई करियर काउन्सिल गराइने,
- अक्षयकोष सञ्चालन कार्यविधि निर्माण गरि विद्यालयप्रेमीहरूबाट अक्षयकोष सञ्चालनार्थ खोलिएको खाता प्र.अ. र वि.व्य.स. द्वारा सञ्चालन र कार्यान्वयन गराइने,
- पूर्व विद्यार्थी समाज गठन र परिचालन गरिने,
- पाठ्यक्रम एकीकरण, शिक्षक क्षमता विकास, विद्यार्थी नेतृत्व, हरित विद्यालय अभ्यास र समुदायसँगको सहकार्यमार्फत विद्यालय तहमा जलवायु सचेत र उत्थानशील नागरिक विकास गरिने ।

## २.६ कार्यनितीः

- पालिकाभित्र रहेका माध्यमिक वा स्रोत विद्यालयहरूको अगुवाइमा सबै सरोकारवालाको सहभागितामा विद्यालयबाहिर रहेका बालबालिकाको पहिचान गरी तथ्याङ्क सङ्कलन गरिने छ ।
- विद्यालयबाहिर रहेका बालबालिका भएको समुदायमा "वार्ड अध्यक्षसँग बालबालिका प्रोत्साहन" कार्यक्रम सञ्चालन गरिने छ ।
- गाउँ शिक्षा समिति/प्राविधिक टोलिमार्फत भूगोल र आवश्यकताअनुरूप स्थलगत अनुगमन गरी प्राप्त प्रतिवेदनका आधारमा विद्यालय स्थापना, कक्षा थप र समायोजन गरिने छ ।
- विद्यार्थी सङ्ख्या, शिक्षक र भूगोलको अवस्था विश्लेषण गरी विद्यालयहरू मर्ज गरिने छ ।
- विद्यालयमा उपयुक्त सुरक्षित घेराबार सहित भौतिक व्यवस्थापन गरिने छ ।
- सामुदायिक विद्यालयहरूमा कक्षाकोठा, पुस्तकालय, विज्ञान प्रयोगशाला, र शौचालय निर्माण गर्न निजी क्षेत्रसँग निर्माण, सञ्चालन र हस्तान्तरण मोडलमा सम्झौता गरिने छ ।
- दरबन्दी मिलान तथा आवश्यक दरबन्दी सिर्जना गरी शिक्षक र कर्मचारी व्यवस्थापन गरिने छ ।
- अभिभावक आचार संहिता निर्माण गरी लागु गरिने छ ।
- क्षमता विकास सहितको अभिभावक शिक्षा सञ्चालन गरिने छ ।
- शिक्षक, विद्यार्थी र अभिभावकबिचको अन्तरक्रिया कार्यक्रम सञ्चालन गरिने छ ।
- अभिभावक सम्मान कार्यक्रम सञ्चालन गरिने छ ।

- शैक्षिक सत्रको सुरुमा सामुदायिक सिकाइ केन्द्र र स्रोत विद्यालयबिच समन्वय गरी भर्ना अभियान सञ्चालन गरिनेछ ।
- स्रोत विद्यालयहरूको अगुवाइमा भर्ना अवस्थाको विश्लेषण सहित शतप्रतिशत भर्ना सुनिश्चित गरिने छ ।
- शौचालय, खानेपानी, फर्निचर, कक्षाकोठा, खेलमैदान, पुस्तकालय आदिको समुचित व्यवस्थापन गरिने छ ।
- शिक्षण सिकाइ सामग्री र क्रियाकलापलाई सिकारू मैत्री बनाइने छ ।
- विद्यालयको तह तथा विद्यार्थी सङ्ख्याका आधारमा विद्युतीय उपकरण रहने गरी विद्यालयमा कम्प्युटर ल्याबको व्यवस्था गरिने छ ।
- माध्यमिक तह (९-१०) मा आधारभूत कम्प्युटर शिक्षा सम्बन्धी कक्षा सञ्चालन गरिने छ ।
- कम्प्युटर ल्याबको प्रयोग गरी सूचना तथा सञ्चार प्रविधि सम्बन्धित विषयहरू शिक्षण गराइने छ ।
- विद्यालयको माग र आवश्यकताका आधारमा प्राविधिकमार्फत लेखाजोखा गरिने छ ।
- आवश्यकताका आधारमा पुराना संरचनाहरूको सबलीकरण गरिने छ ।
- नयाँ संरचनाहरू विपद् जोखिम प्रतिरोधी बनाइने छ ।
- विद्यालय तथा पालिका स्तरमा शिक्षा क्षेत्रको विपद् प्रतिरोधी पूर्व तयारी प्रतिकार्य योजना निर्माण गरिने छ ।
- विद्यालय पाठ्यक्रम र सह–पाठ्यक्रम गतिविधिमा जलवायु परिवर्तन सम्बन्धी विषय एकीकृत गरी शिक्षक क्षमता अभिवृद्धि, विद्यार्थी नेतृत्व विकास र समुदाय सहभागितामार्फत व्यवहारिक अभ्यासहरू कार्यान्वयन गरिने छ ।
- विद्यालय, खानेपानी सरसफाई तथा स्वच्छता सम्बन्धि कार्यविधि २०७४ अनुरुप बिद्यालय तहमा समन्वय समिति गठन गरि सुरक्षित खानेपानीको पहुँच सहितको तारा पद्दति कार्यान्वयनमा ल्याइने छ ।
- सप्ताहव्यापी शैक्षिक सामग्री व्यवस्थापन अभियान सञ्चालन गरिने छ ।
- शैक्षिक सामग्रीको निर्माणसम्बन्धी तालिम/कार्यशाला सञ्चालन गरिने छ ।
- विद्यालयमा शैक्षिक सामग्री निर्माण, सङ्कलन, खरिद तथा व्यवस्थापन गरिने छ ।
- पालिका स्तरमा शैक्षिक सामग्रीको प्रतियोगितात्मक प्रदर्शनी गरिने छ ।
- शैक्षिक सत्र सुरु हुनु अगावै शैक्षिक क्यालेन्डर निर्माण गरी लागु गरिने छ ।
- विद्यालय स्तरमा शैक्षिक सत्रको शुरूमै शैक्षणिक योजना निर्माण गरी लागु गरिने छ ।
- सिकाइ सुधारका लागि "पढ्नका लागि सिक्ने र सिक्नका लागि पढ्ने" धारणालाई मूर्त रूप दिन सहजीकरण प्रक्रिया अपनाइने छ ।
- विद्यालयहरूमा सञ्चालन हुने आवधिक परीक्षाको नतिजापश्चात् विषयगत सिकाइ अवस्थाको विश्लेषण गरिने छ,
- नतिजाको आधारमा शैक्षणिक सुधारका थप योजना बनाइ लागु गरिने छ ।
- आवश्यकताका आधारमा विद्यालयहरूमा विषयगत समूह/सञ्जाल निर्माण गरी छलफल गरिने छ ।
- शिक्षकको पेशागत विकास तथा सहयोगका लागि तालिम सञ्चालन गरिने छ ।
- शिक्षकहरूलाई आधुनिक शिक्षण विधि (STEM, मिश्रित शिक्षण) मा तालिम प्रदान गर्न निजी शैक्षिक संस्थाहरूसँग तालिम प्याकेज विकास गरिने छ ।

- विद्यालयको सामाजिक परीक्षणसहित लेखा व्यवस्थापन चुस्त दुरुस्त राखिने छ।
- परीक्षा प्रणाली र नतिजा व्यवस्थापनलाई अद्यावधिक र प्रभावकारी बनाइने छ।
- शिक्षक, विद्यार्थी र अभिभावकको त्रिपक्षीय समन्वयलाई प्रभावकारी बनाइने छ।
- साझेदारी योजनाको स्वामित्व बढाउन अभिभावक र समुदायसँग नियमित छलफल र जागरूकता कार्यक्रम सञ्चालन गरिने छ।
- विद्यालयका समग्र गतिविधिमा समतामूलक र लैङ्गिक रूपमा सहभागिता गराइने छ।
- सामुदायिक विद्यालयको शैक्षिक र प्रशासनिक व्यवस्थापन सुधार गर्न निजी क्षेत्रसँग प्रबन्ध साझेदारी लागू गर्ने।
- ऐन, कानुन तथा नियमावलीहरूको पालना गरी सम्पूर्ण क्रियाकलाप कार्यान्वयन गरिने छ।
- व्यवस्थापन प्रणालीको प्रभावकारिता वृद्धि गर्न समन्वय, सहकार्य र सह-अस्तित्व कायम गरिने छ।
- नियमित अनुगमन तथा बैठक गरी लेखाजोखा गरिने छ।
- सामुदायिक सिकाइ केन्द्र सञ्चालन निर्देशिका बमोजिम परिचालन तथा क्षमता विकास गरिने छ।
- सामुदायिक सिकाइ केन्द्र र स्रोत विद्यालयबिच समन्वय कायम गरिने छ।
- स्थानीय स्रोत साधन तथा प्रविधिको प्रयोग गरी सिप विकास सम्बन्धी तालिम सञ्चालन गरिने छ।
- स्थानीय बजारको माग (जस्तै: कृषि, पर्यटन, हस्तकला) मा आधारित छोटो अवधिका व्यवसायिक कोर्स सञ्चालन गर्न निजी उद्योगहरूसँग संयुक्त लगानी गर्ने।
- विद्यार्थीहरूलाई इन्टर्नसीप र रोजगारी अवसर प्रदान गर्न निजी कम्पनीहरूसँग समझदारीपत्र (MoU) गरिने छ।
- “विद्यार्थी पढ्दै कमाउदै” पालिका प्रमुख कार्यक्रम सञ्चालन गरिने छ।
- वडाले समन्वय गरी सामुदायिक सिकाइ केन्द्र तथा स्रोत विद्यालयको अगुवाइमा अभिभावक शिक्षा कार्यक्रम सञ्चालन गरिने छ।
- स्थानीय बुद्धिजीवी, सेवा निवृत्त शिक्षक तथा कर्मचारीहरूको सहभागितामा चेतनामूलक सामग्रीहरू निर्माण गरी प्रकाशन तथा प्रसारण गरिने छ।
- विद्यालयमा अतिरिक्त/सह-क्रियाकलाप नियमित रूपमा सञ्चालन गरिने छ।
- विद्यालय हाताभित्रको वातावरण स्वच्छ राख्दै हरित विद्यालय कार्यक्रम सञ्चालन गरिने छ।
- तोकिएका प्रतियोगितात्मक खेलहरूको नियमित अभ्यास विद्यालयमा गरिने छ।
- “एक विद्यालय एक खेलकुद संयोजक” को व्यवस्था गरिने छ।
- तोकिएका खेल सञ्चालनार्थ गाउँपालिकाबाट स्रोत प्रशिक्षक/शिक्षक तयार गरिने छ।
- आवश्यकताका आधारमा सङ्गीत तथा खेल सम्बन्धी प्रशिक्षकबाट प्रशिक्षण गरिने छ।
- बाल संरक्षण सम्बन्धी कार्यविधि तयार गरी कार्यान्वयन गरिने छ।

## २.७ अपेक्षित उपलब्धी

- प्रारम्भिक बालविकासदेखि माध्यमिक तहसम्मको शिक्षामा अपाङ्गता भएका, अभिभावकत्व विहीनलगायत सबै प्रकृतिका बालबालिकाको पहुँच पुगेको हुने छ ।
- गुणस्तरीय सिकाइका लागि प्रविधिसहितको विपद्/जोखिम प्रतिरोधी भौतिक तथा मनोवैज्ञानिक वातावरण निर्माण गरी प्राविधिक, व्यावसायिक तथा प्रविधिमैत्री निम्न स्तरको जनशक्ति तयार हुने छ ।
- विद्यालय शिक्षाको सिकाइ उपलब्धिमा सुधार हुने छ ।
- शिक्षकहरूको पेशागत क्षमता अभिवृद्धि भएको हुने छ ।
- विद्यालय व्यवस्थापनमा सुशासन अभिवृद्धि भएको हुने छ ।
- अनौपचारिक शिक्षा, जीवनोपयोगी शिक्षा तथा जीवनपर्यन्त सिकाइका अवसरहरू विस्तार भएका हुने छन् ।
- बालबालिकाहरूको सर्वाङ्गीण विकासका लागि खेलकुद प्रवर्धन हुने छ ।
- विद्यालय शिक्षामा बाल संरक्षण सुनिश्चित भएको हुने छ ।
- आपतकालीन तथा सङ्कटपूर्ण परिस्थितिमा पनि बालबालिकाहरूले शिक्षा प्राप्त गर्ने अवसर हुने छ ।
- विद्यालय तहमा जलवायु परिवर्तनका प्रभावप्रति सचेत, अनुकूलनशील र उत्थानशील नागरिक उत्पादन गर्न ज्ञान, सीप र व्यवहारमा सकरात्मक परिवर्तन हुने छ ।

## २.८ मुख्य कार्यसम्पादन सूचकहरू तथा लक्ष्य निर्धारण

| प्रमुख कार्य सम्पादन सूचक | | | लक्ष्य | | सूचकको स्रोत |
|---|---|---|---|---|---|
| क्रस | तह | सुचाकाङ्क | आधार वर्ष २०८१ | २०८७ | |
| १.१ | प्रारम्भिक बाल विकास र शिक्षा | प्रारम्भिक बालविकास र शिक्षामा कूल भर्ना दर (%) | ७३.९ | ८२ | इमिस |
| १.२ | | प्रारम्भिक बालविकास र शिक्षामा खुद भर्ना दर (%) | ६९.५ | ७५ | विद्यालय सर्वे |
| १.३ | | न्युनतम योग्यता पुरा भएका सहजकर्ताको प्रतिशत | ७० | ९० | |
| १.४ | | आधारभूत तालिम प्राप्त सहजकर्ताको प्रतिशत | ५० | १०० | |
| १.५ | | प्रारम्भिक बालविकास र शिक्षाको अनुभव लिई कक्षा १ मा नयाँ भर्नाभएका बालबालिका (%) | ९१.४ | ९६ | इमिस/विद्यालय सर्वे |

| | | | | | |
|---|---|---|---|---|---|
| **२.१** | **आधारभूत तह** | कक्षा १ मा नयाँ भर्ना भएका बालबालिकाको खुद प्रवेशदर (%) | ९५.८ | ९७ | |
| **२.२** | | कक्षा १ मा नयाँ भर्ना भएका बालबालिकाको कूल प्रवेश दर (%) | १०२.४ | १०० | |
| **२.३** | | आधारभूत तह (प्राथमिक कक्षा १- ५) मा खुद भर्ना दर (%) | ९५.८ | ९८ | |
| **२.४** | | आधारभूत तह (प्राथमिक कक्षा १- ५) मा कूल भर्ना दर (%) | ९८.५ | १०० | |
| **२.५** | | आधारभूत तह (कक्षा १- ५) को कुल भर्ना दरमा लैङ्गिक समता सूचक | ०.९७ | ०.९५ | |
| **२.६** | | आधारभूत तह (कक्षा ६- ८) मा खुद भर्ना दर (%) | ९२.० | ९५ | |
| **२.७** | | आधारभूत तह (कक्षा ६- ८) मा कूल भर्ना दर (%) | ११६.३ | ११० | |
| **२.८** | | आधारभूत तह (कक्षा १- ८) मा खुद भर्ना दर (%) | ९४.५ | ९८ | |
| **२.९** | | आधारभूत तह (कक्षा १- ८) मा कूल भर्ना दर (%) | १०३.९ | १०० | |
| **२.१०** | | आधारभूततह(कक्षा १- ८) कुल भर्ना दरमा लैङ्गिक समता सूचक | १.०४ | १ | |
| **२.११** | | आधारभूततहको कक्षा ८ सम्मको टिकाउ दर (%) | ८७.२ | ९५ | |
| **२.१२** | | विद्यालयवाहिर रहेका बालबालिका (%) कक्षा १- ५ | ३.० | ० | |
| **२.१३** | | विद्यालयवाहिर रहेका बालबालिका (%) कक्षा १- ८ | ५.५ | २.० | |
| **२.१४** | | कक्षा ३ को सिकाइ उपलब्धि दर (नेपाली) | ७६.२५ | ८० | |
| **२.१५** | | कक्षा ३ को सिकाइ उपलब्धि दर (गणित) | ७२ | ७५ | |
| **२.१६** | | कक्षा ३ को सिकाइ उपलब्धि दर (विज्ञान | ८२.२५ | ८६ | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | तथा प्रविधि) | | | |
| **२.१७** | | कक्षा ३ को सिकाइ उपलब्धि दर (अंग्रेजी) | ७३ | ७६ | |
| **२.१८** | | कक्षा ५ को सिकाइ उपलब्धि दर (नेपाली) | ६७.५ | ७२ | |
| **२.१९** | | कक्षा ५ को सिकाइ उपलब्धि दर (गणित) | ६०.२५ | ६५ | |
| **२.२०** | | कक्षा ५ को सिकाइ उपलब्धि दर (विज्ञान तथा प्रविधि) | ६१.५ | ६५ | |
| **२.२१** | | कक्षा ५ को सिकाइ उपलब्धि दर (अंग्रेजी) | ६५.५ | ६८ | |
| **२.२२** | | कक्षा ८ को सिकाइ उपलब्धि दर (नेपाली) | ६३ | ७० | |
| **२.२३** | | कक्षा ८ को सिकाइ उपलब्धि दर (अंग्रेजी) | ६१ | ६५ | |
| **२.२४** | | कक्षा ८ को सिकाइ उपलब्धि दर (गणित) | ५८.७५ | ६५ | |
| **२.१५** | | कक्षा ८ को सिकाइ उपलब्धि दर (विज्ञान तथा प्रविधि) | ६२ | ६७ | |
| **२.१५** | | आधारभूत तह (कक्षा १- ८) को महिला शिक्षकको प्रतिशत | ४४ | ५० | |
| **३.१** | **माध्यमिक तह** | माध्यमिक तह (कक्षा ९- १२) मा खुद भर्ना दर (%) | ६९.३ | ७५ | |
| **३.२** | | माध्यमिक तह (कक्षा ९- १२) मा कूल भर्ना दर (%) | ८८.० | ९३ | |
| **३.३** | | कक्षा ९- १२ को कुल भर्ना दरमा लैङ्गिक समता सूचक | ०.९७ | १ | |
| **३.६** | | माध्यमिक तह (कक्षा९- १२) को महिला शिक्षकको प्रतिशत | २५.६ | ३० | |
| **३.७** | | माध्यमिक तह (कक्षा ९–१२)मा अध्ययनरत विद्यार्थीमध्ये विज्ञान र प्राविधिक तथा व्यावसायिक शिक्षा विषयमा भर्ना भएका विद्यार्थी सङ्ख्या (%) | २२ | ३० | |
| **३.८** | | कक्षा १० को सिकाइ उपलब्धी दर | ७८ | ८५ | |

| | | | | | |
|---|---|---|---|---|---|
| ४ | **साक्षरता** | साक्षरता दर १५ वर्ष माथिको उमेर समूह) | ८२.९ | ९६ | |
| ५.१ | **सुशासन तथा व्यवस्थापन** | आधारभूत तह (कक्षा १–५)मा विद्यार्थी–शिक्षक अनुपात (सामुदायिक विद्यालय) | ५.८६ | ५.८६ | शिक्षा शाखा/ इमिस |
| ५.२ | | आधारभूत तह (कक्षा ६–८)मा विद्यार्थी–शिक्षक अनुपात (सामुदायिक विद्यालय) | १५.६ | १५.६ | |
| ५.३ | | आधारभूत तह (कक्षा १–८)मा विद्यार्थी–शिक्षक अनुपात (सामुदायिक विद्यालय) | ८ | ८ | |
| ५.४ | | माध्यमिक तह (कक्षा ९–१०)मा विद्यार्थी–शिक्षक अनुपात (सामुदायिक विद्यालय) | १५.३६ | १५.३६ | |
| ५.५ | | माध्यमिक तह (कक्षा ११–१२)मा विद्यार्थी–शिक्षक अनुपात (सामुदायिक विद्यालय) | १६.७ | १६.७ | |
| ६.१ | **PMEC पुरा गरेका विद्यालयको प्रतिशत** | बालविकास | ७ | २० | विद्यालय सर्वे |
| ६.२ | | आधारभूत | १३ | ३५ | |
| ६.३ | | माध्यमिक | ३ | ९ | |
| ७ | **बजेट प्रतिशत** | स्थानीय तहले विनियोजन गरेको कूल बजेटको शिक्षा क्षेत्रमा विनियोजित बजेट(%) | ७.४ | १४ | स्थानीय तह |

**Socure: Census 2078, Flash Report 2081, CEHRD and IEMIS 2082**

**मिक्लाजुङ गाउँपालिकाको कक्षा छाड्ने, दोहोर्याउने र उत्तीर्ण दर निम्नानुसार छ:**

| कक्षा | छात्र/छात्रा | दोहोर्याउने दर | छाड्ने दर | उत्तीर्ण दर |
|---|---|---|---|---|
| G1 | Girls | १२.९ | ५.१ | ७८.९ |
| | Boys | १२.४ | २.७ | ८१.५ |
| | Total | १२.६ | ३.९ | ८०.३ |
| G2 | Girls | १२.० | ५.३ | ७९.९ |
| | Boys | १०.४ | ४.८ | ८१.८ |
| | Total | ११.१ | ५.० | ८०.९ |
| G3 | Girls | ४.६ | ३.२ | ८८.६ |
| | Boys | ६.५ | ३.५ | ८७.१ |
| | Total | ५.६ | ३.३ | ८७.८ |

| | | | | |
|---|---|---|---|---|
| G4 | Girls | ५.६ | २.९ | ८७.५ |
| | Boys | ५.५ | ३.७ | ८६.० |
| | Total | ५.५ | ३.३ | ८६.८ |
| G5 | Girls | ६.९ | १.९ | ८८.५ |
| | Boys | ४.९ | २.४ | ९०.४ |
| | Total | ५.९ | २.१ | ८९.४ |
| G1-5 | Girls | १०.१ | ३.७ | ८२.१ |
| | Boys | १०.१ | ३.४ | ८२.४ |
| | Total | १०.१ | ३.६ | ८२.३ |
| G6 | Girls | ४.६ | ३.५ | ८६.८ |
| | Boys | ३.७ | ३.६ | ८७.८ |
| | Total | ४.२ | ३.५ | ८७.३ |
| G7 | Girls | ५.४ | ३.८ | ८७.७ |
| | Boys | ८.५ | ३.९ | ८४.८ |
| | Total | ७.० | ३.८ | ८६.३ |
| G8 | Girls | ९.७ | ३.१ | ८४.४ |
| | Boys | १५.१ | २.८ | ७८.८ |
| | Total | १२.४ | २.९ | ८१.५ |
| G6-8 | Girls | ६.६ | ३.५ | ८६.२ |
| | Boys | ९.६ | ३.४ | ८३.३ |
| | Total | ८.१ | ३.४ | ८४.८ |
| G9 | Girls | १.७ | ५.५ | ८६.३ |
| | Boys | २.३ | ५.१ | ८७.० |
| | Total | २.० | ५.३ | ८६.६ |
| G10 | Girls | २.० | १.० | ९७.० |
| | Boys | १.८ | १.० | ९७.० |
| | Total | १.९ | १.० | ९७.० |
| G9-10 | Girls | १.८ | ३.१ | ९१.५ |
| | Boys | २.१ | ३.१ | ९१.९ |
| | Total | १.९ | ३.१ | ९१.७ |
| G11 | Girls | २.७ | १.५ | ८७.६ |
| | Boys | २.९ | ४.१ | ८४.४ |
| | Total | २.८ | २.६ | ८६.३ |

| | | | | |
|---|---|---|---|---|
| G12 | Girls | ०.० | ०.० | १००.० |
| | Boys | ०.० | ०.० | ९९.८ |
| | Total | ०.० | ०.० | ९९.९ |
| G11-12 | Girls | १.४ | ०.८ | ९५.३ |
| | Boys | १.४ | २.० | ९३.७ |
| | Total | १.४ | १.३ | ९४.७ |

*CEHRD Flash Report-2081*

# परिच्छेद ३ : विद्यालय शिक्षाका मुख्य उपक्षेत्रहरू

## ३.१ प्रारम्भिक बाल विकास तथा शिक्षा

प्रारम्भिक बाल विकास तथा शिक्षा आधारभूत तहको एक महत्वपूर्ण उप क्षेत्र हो । चार वर्ष उमेर पुगेका बालबालिकालाई दिइने शिक्षालाई प्रारम्भिक बालशिक्षा भनिन्छ । हाल शारीरिक, मानसिक (बौद्धिक), संवेगात्मक र सामाजिक क्षेत्रको समुचित विकासलाई नै बाल विकासको आधारका रूपमा लिएको छ । हाल बालविकास केन्द्र विद्यालयमा आधारित तथा समुदायमा आधारित २ प्रकारका रहेका छन् ।

पाठ्यक्रम प्रारुप २०७६ का अनुसार चार वर्षको उमेर पूरा भएका बालबालिकालाई एक वर्षको प्रारम्भिक बालविकासको अवसर प्रदान गरिने कुरा उल्लेख गरिएको छ भने चार वर्ष उमेरभन्दा मुनिका बालबालिकालाई शिशु विकास केन्द्रबाट शारीरिक, मानसिक वा बौद्धिक,संवेगात्मक र सामाजिक विकास तथा स्याहारका क्रियाकलाप सञ्चालन गर्न सकिने कुरा उल्लेख छ । प्रारम्भिक बालविकास र शिक्षाको मुख्य उद्देश्य विविध किसिमका मनोरञ्जनात्मक सिकाइ सहजीकरण क्रियाकलापका माध्यमद्वारा बालबालिकाहरूको सर्वाङ्गीण विकासमा सहयोग पुर्याउनु र कक्षा १ मा प्रवेशका लागि तयारपार्नु हुने छ भन्ने कुरा उल्लेख गरिएको छ । प्रारम्भिक बालविकास र शिक्षाका ७ सक्षमताहरूमा सर्वाङ्गीण विकासका क्रियाकलापमा संलग्नता, पोषणयुक्त खाना र स्वस्थकर बानी विकास, वैयक्तिक सुरक्षाका उपायहरू अवलम्बन, सरसफाइ र सामाजिक बानी व्यवहारको अवलम्बन, सिर्जनात्मक सोचको विकास र भाषिक तथा सञ्चार सिपको विकास रहेका छन् ।

नेपालको संविधानको धारा ३९(३) मा प्रत्येक बालबालिकालाई प्रारम्भिक बालविकास तथा बाल सहभागिताकोहक हुनेछ भनी उल्लेख गरिनु र शिक्षा ऐन २०२८ को आठौं संशोधनले बालविकास र शिक्षालाई विद्यालय शिक्षाकै अङ्गको रूपमा मान्यता दिनुले यसको आवश्यकता र महत्त्व थप पुष्टि भएको छ त्यस्तैगरी १५औँ योजनाले प्रारम्भिक शिक्षालाई विद्यालय शिक्षाको अभिन्न अङ्गका रुपमा लिई सबै बालबालिकाहरूको पहुँचको सुनिश्चित गर्ने रणनीति लिइएको छ भने कार्यनितका रुपमा बालविकासको विकासका लागि लगानी साझेदारी गर्ने दक्ष योग्यता पुगेका शिक्षकबाट सेवा प्रदान गर्ने प्रारम्भिक शिक्षाको व्यवस्थापनको न्युनतम मापदण्ड पूरा गर्ने लिएको छ ।

### ३.१.१ वर्तमान अवस्था

शिक्षा क्षेत्रको योजना २०२१-२०३० को तथ्याङ्क अनुसार हाल नेपालमा ३००३९ सरकारी अनुदान प्राप्त प्रारम्भिक वालविकास केन्द्र र ६,६२३ संस्थागत विद्यालयमा सञ्चालित पूर्व प्राथमिक कक्षाहरू रहेका छन् । चार वर्ष उमेरका बालबालिकाको कुल सङ्ख्या ६,४०,००० मध्ये ४,३६,११५ (६७.२ प्रतिशत) प्रारम्भिक वालविकासमा भर्ना भएको देखिन्छ । प्रारम्भिक बालविकास तथा शिक्षा चार वर्ष उमेर समूहका सम्पूर्ण बालबालिकाहरूको पहुँचमा पुर्याउन विगतदेखि सङ्घीय सरकार, स्थानीय सरकार, निजी क्षेत्रबाट सञ्चालित वालविकास केन्द्र सञ्चालनमा रहेका छन् ।

यस पालिकामा जम्मा ४६ वटा बालविकास केन्द्र रहेका छन् भने ३९ जना बालविकास सहजकर्ता रहेको अवस्था छ । यस गाउँपालिका अन्तरगत रहेका अधिकांश बालविकास केन्द्रहरू सरकारले तोकेका मापदण्ड पूरा नभएको, बालविकास शिक्षामा सबै बालबालिकाहरूको पहुँचमा अझै पनि नआएको देखिन्छ भने इसीडिको अनुभवसहित कक्षा १ मा भर्ना हुनेको प्रतिशत ७३.९ मात्र भएको पाइन्छ । त्यसैगरी बालविकास केन्द्र बालबालिकाको घरबाट ३० देखि ४० मिनेटको पैदल दुरीमा हुनुपर्नेमा सो नभई कुनै स्थानमा २ घण्टा वा सो भन्दा बढी समय लाग्नेर कुनै स्थानमा एउटा पनि बालविकास केन्द्र नभएको

अवस्था रहेको छ । भूगोल, जनसङ्ख्या, बस्ती आदिलाई मध्यनजर गरी नक्साङ्कनको आधारमा बालविकास केन्द्रको समायोजन, स्थानान्तरण एवं नयाँ स्थापना गर्नुपर्ने जरुरी हुन आउँछ । यसै गरी स्थापना भएका बालविकास केन्द्रहरूको संस्थागत विकासका साथै थप व्यवस्थापन गर्न भौतिक व्यवश्थापन, शिक्षकको सेवा सुविधा, सन्दर्भ सामग्री व्यवश्थापन जस्ता विषयमा तीनै तहका सरकारको ध्यान जानु जरुरी छ भने नयाँ स्थापना हुने बालविकास केन्द्रहरूको स्थापना लगायत क्षमता अभिवृद्धि गर्दै जानु जरुरी हुन आउँछ ।

| **क्षेत्रहरू** | **आव २०८१/०८२** |
|---|---|
| सामुदायिक विद्यालयको सङ्ख्या | **५६** |
| संस्थागत विद्यालयको सङ्ख्या | **८** |
| ECD को विद्यार्थी सङ्ख्या | ५४० |
| प्रारम्भिक बालविकास र शिक्षामा कूल भर्ना दर* (%) | ७३.९ |
| प्रारम्भिक बालविकास र शिक्षामा खुद भर्ना दर* (%) | ६९.५ |
| प्रारम्भिक बालविकास र शिक्षाको अनुभव लिई कक्षा १ मा नयाँ भर्ना भएका बालबालिका* (%) | ९१.४ |

**बिद्यार्थी बिवरण:**

| **क्र.स.** | **छात्र** | **छात्र** | **जम्मा** |
|---|---|---|---|
| १. | ३१४ | ३२७ | ६४१ |

**अवसर:**

- बालविकासको क्षेत्रमा प्रत्येक वर्ष प्रतिविद्यार्थी रु ५०० का दरले अनुदान विद्यालयले प्राप्त गर्नु,
- गाउँपालिकाले बालविकास व्यवस्थापनमा जोड दिनु,
- दिवा खाजा कार्यक्रम लागु हुनु,
- बालविकास केन्द्रको लागि धेरै विद्यालयहरूमा छुट्टै कक्षाकोठा हुनु,
- अभिभावकहरूमा क्रमश ४ वर्षपछि बालविकासमा भर्ना गर्नु पर्छ भन्ने चेतना बढ्दै जानु,
- स्थानीय सरकारले बालविकास केन्द्र स्थपना गर्नु लागायतका गतिविधिले यस क्षेत्रको सुधार र विकासको स्पष्ट अवसर देखिन्छ ।

**चुनौती:**

- गुणस्तरीय सिकाइको सुरूवात गर्न वालविकास शिक्षकहरूले विद्यालयमा शिक्षकको अभावले अन्य कक्षाहरू पनि सहजीकरण गर्नु,
- बाल विकास शिक्षकले कम पारिश्रमिक न्यून हुनु,
- बालविकास केन्द्रहरूको बर्गीकरण नगर्नु,

- धैरै बालविकास केन्द्रहरूका सरकारले ताकेका न्युनत्तम मापदण्ड पनि पुरा नगर्नु ।
- प्रारम्भिक बालविकास केन्द्रको न्युत्तम मापदण्ड पुरा गर्दै बालबालिकाहरूको सर्वाङ्गीण विकास गर्न,
- पिछडिएका वर्गका बालबालिकाहरूलाई बाल शिक्षाको पहुँचमा सुनिश्चत गर्न ,
- योग्यता तथा तालिम प्राप्त सहजकर्ताको व्यवस्था गर्नु तथा टिकाइ राख्नु,
- सबै बालविकास केन्द्रहरूमा तोकिएको पाठ्यक्रम अनुरुप सहजीकरण गर्न,
- प्रारम्भिक बालहेरचाह पोषण सुरक्षा तथा सिकाइका सम्बन्धमा अभिभावक जागरण गर्न,

### ३.१.२ उद्देश्य

यस मिक्लाजुङ शिक्षा योजनाको प्रारम्भिक वालविकास तथा शिक्षा कार्यक्रमको समग्र उद्देश्य सबै बालबालिकाहरूलाई गुणस्तरीय प्रारम्भिक वालविकास तथा शिक्षाको अवसर सुनिश्चित गर्नु रहेको छ । यसका लागि योजनाले प्रारम्भिक वालविकास तथा शिक्षासम्बन्धी निम्नलिखत उद्देश्यहरू राखेको छ ।

- चार वर्ष उमेरका सबै बालबालिकाको सर्वाङ्गीण विकास र आधारभूत शिक्षाको तयारीका लागि प्रारम्भिक वालविकास शिक्षामा पहुँच बढाउनु ।
- प्रारम्भिक वालविकास तथा शिक्षाका सेवाहरूमा गुणस्तर सुनिश्चित गर्नु ।
- सबै बालबालिकाहरूलाई प्रारम्भिक बालशिक्षाको अनुभवसहित कक्षा १ मा प्रवेश गराउनु ।
- बालविकास केन्द्रहरूलाई प्रारम्भिक बालविकास केन्द्रको राष्ट्रिय न्यूनतम मापदण्ड मार्गदर्शक पुस्तिका २०६७ को पहिलो संशोधन २०७५ को मापदण्ड अनुसार बनाएर गुणस्तरीय बनाउनु ।

### ३.१.३ रणनीति

यस गाउँपालिकाले सबै बालविकास केन्द्र तथा शिक्षालाई गुणस्तरीय बनाउदै सबैको पहुँचलाई विस्तार गर्ने रणनीति लिनेछ । जसका लागि तलका रणनीतिहरू कार्यान्वयनमा ल्याईने छ ।

- बालविकासका सहजकर्ताहरूको क्षमता विकाससँगै प्रोत्साहनका गतिविधिहरू सञ्चालन गर्ने ।
- १ विद्यालय १ बालविकास केन्द्रको अभियान सञ्चालन गर्ने ।
- बालविकास केन्द्रलाई व्यवस्थित बनाउनको लागि अभिभावक तथा समुदायलाई समेत परिचालन गरिने छ अभिभावक सचेतना कार्यक्रमलाई जोड दिने ।
- प्रारम्भिक बाल कक्षामा निर्धारित मापदण्ड अनुरूप बसाइव्यवस्था र सरसफाइलाई ध्यान दिई खेलसामग्री, सिकाइ सामग्री, मनोरञ्जन सामग्री, अडियो भिडियो सामग्रीसहित आकर्षक, मनोरञ्जक र बालमैत्री कक्षाकोठा व्यवस्थापन गर्ने ।
- एक वडा एक नमुना बालविकास केन्द्रको निमार्ण गर्दै लगिने ।
- बालविकास सहजकर्तासँग कार्यसम्पादन करार सम्झौता गरी निश्चित सूचकको आधारमा पुरस्कार तथा दण्डको कार्यक्रम लागु गर्ने ।
- प्रत्येक वडा वा टोलमा बालबालिकाहरूलाई स्थानीय स्तरका तथा कम लागतका खेल्ने र मनोरञ्जन गर्ने सामग्रीहरू सहितको क्रमश बालउद्यान निर्माण गर्ने ।
- प्रत्येक वालविकास केन्द्रमा खेल सामाग्री सहितको कक्षाकोठा व्यवस्थापन गर्ने ।

- बालविकास कक्षामा छ महिना सम्म खेलको माध्यमबाट सिकाइ गर्ने र छ महिना पश्चात शिक्षण सिकाई मार्फत पठनपाठन गराउने।
- प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रमलाई प्रविधिमैत्री, बालमैत्री एवं गुणस्तरीय बनाउँदै सबै बालबालिकाहरूको पहुँचमा विस्तार गर्ने।
- बालविकास केन्द्रमा सङ्घले तयार गरेको पाठ्यक्रम मार्फत सिकाइ सहजीकरण अनिवार्य गर्ने।
- नियमित अनुगमन तथा समीक्षा बैठक सञ्चालन गर्ने।
- प्रारम्भिक बालविकास केन्द्रमा उपयुक्त योग्यता र तालिमप्राप्त शिक्षकको व्यवस्था गर्ने।
- वालविकास केन्द्रको नक्साङ्कन, पुनर्निर्माण र आवश्यकता अनुसार नयाँ केन्द्र स्थापना गर्ने।
- जटिल भौगोलिक क्षेत्रमा बसोबास गर्ने सीमान्तकृत तथा अतिविपन्न समुदायका बालबालिका तथा आपाङ्गता भएका ३–४ वर्षका बालबालिकालाई समेट्नका लागि आवश्यकतामा आधारित प्रारम्भिक वालविकास तथा शिक्षाका कार्यक्रमहरू विकास गरी पहुँच सुनिश्चित गर्ने।
- आमा शिक्षा कार्यक्रमलाई कार्यान्वयन गर्ने।
- पोषण र बालअधिकार बारे अभिभावकहरूलाई जानकारी दिने र सुनिश्चितता गर्ने।
- प्रारम्भिक उमेरका बालबालिकालाई मध्यनजर राख्दै नीजि तथा सामुदायिक क्षेत्रलाई प्रोत्साहित गर्दै बाल उद्यानको अवधारणा क्रमशः ल्याउने।
- कक्षाकोठालाई वालमैत्री र स्रोतपूर्ण बनाउने।

### ३.१.४ प्रमुख उपलब्धी तथा नतिजा

#### उपलब्धी

सबै बालबालिकाहरूलाई समावेशी **र** गुणस्तरीय प्रारम्भिक वालविकास तथा शिक्षाको अवसर सुनिश्चित भएको हुने।

#### नतिजा तथा परिमाणात्मक लक्ष्य

- चार वर्ष उमेरका सबै बालबालिकाको सर्वाङ्गीण विकास र आधारभूत शिक्षाको तयारीका लागि प्रारम्भिक बालविकास शिक्षामा पहुँच पुगेको हुनेछ।
- प्रारम्भिक वालविकास तथा शिक्षाका सेवाहरूमा गुणस्तर सुनिश्चित भएको हुनेछ।
- सबै बालबालिकाहरूलाई प्रारम्भिक बालशिक्षाको अनुभवसहित कक्षा १ मा प्रवेश भएको हुनेछ।
- बालविकास केन्द्रहरूलाई प्रारम्भिक बालविकास केन्द्रको राष्ट्रिय न्यूनतम मापदण्ड मार्गदर्शक पुस्तिका २०६७ को पहिलो संशोधन २०७५ को मापदण्ड अनुसार निर्देशिका बनाई सबै बालविकासकेन्द्रहरू गुणस्तरीय भएका हुनेछन ।

**योजनाको नतिजा तथा परिमाणात्मक लक्ष्य**

योजनाको कार्यान्वयनबाट हासिल हुने मुख्य नतिजाः

| क्र.सं. | सूचक | आधार वर्ष | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ |
|---|---|---|---|---|---|---|---|

| | (२०८१/८२) | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १ | प्रारम्भिक बालविकास र शिक्षामा कुल भर्ना दर (%) | ७३.९ | ७५ | ७६.५ | ७८.५ | ८० | ८२ |
| २ | प्रारम्भिक बालविकास र शिक्षामा खुद भर्ना दर (%) | ६९.५ | ७३ | ७३.५ | ७६ | ७९ | ८५ |
| ३ | प्रारम्भिक बालविकास र शिक्षाको अनुभव लिई कक्षा १ मा नयाँ भर्ना भएका बालबालिका (%) | ९१.४ | ९२ | ९३ | ९४ | ९५ | ९६ |
| ४ | न्यूनतम मापदण्ड पूरा गरेका बालविकास केन्द्रको सङ्ख्या | ७ | ९ | १२ | १६ | १८ | २० |
| ५ | सबै प्रारम्भिक बालविकास केन्द्रहरूमा न्यूनतम योग्यता र तालिम प्राप्त शिक्षक | ४० | ४५ | ० | ० | ० | ० |
| ६ | वालविकास शिक्षकहरूसँग समीक्षा तथा वार्षिक Refresher बैठक | ० | १ | १ | १ | १ | १ |
| ७ | सबै कक्षाहरूमा शिक्षक विद्यार्थी तथा अभिभावकबाट निर्मित No cost and low cost शैक्षिक सामग्री निर्माण | ० | ४५ | ४५ | ४५ | ४५ | ४५ |

### ३.१.५ प्रमुख क्रियाकलाप तथा परिमाणात्मक लक्ष्य

| क्र.सं. | कार्यक्रम/क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य ५ वर्ष | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | |
| १ | सघन भर्ना अभियान सञ्चालन | समय | १ | १ | १ | १ | १ | ५ | |
| २ | समुदायको वस्ती, बालबालिकाको सङ्ख्या र | पटक | १ | १ | १ | १ | १ | ५ | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | बालविकास केन्द्रको दूरीलाई आधारमानी बालविकास केन्द्र सङ्ख्या विस्तार र समायोजन | | | | | | | | |
| ४ | अभिभावक शिक्षा कार्यक्रम सञ्चालन | सङ्ख्या | ४५ | ४५ | ४५ | ४५ | ४५ | ४५ | |
| ५ | अति विपन्न तथा पछाडिएका वर्गका बालबालिकाहरूका लागि शैक्षिक सामग्रीहरूको सहयोग | पटक | १ | १ | १ | १ | १ | ५ | |
| ६ | प्रारम्भिक बालविकास तथा शिक्षाका न्यूनतम मापदण्डको प्रबोधीकरण | पटक | १ | १ | १ | १ | १ | ५ | |
| ७ | प्रस्ताबनाको आधारमा न्यूनतम मापदण्ड सहितको बालविकासको सुनिश्चतको लागि सहयोग कार्यक्रम सञ्चालन | केन्द्र | १० | ९ | ९ | ९ | ८ | ४५ | |
| ९ | बालविकासको सहजकर्ताको पारिश्रमीकमा थप प्रोत्साहन भत्ताको व्यवस्था | जना | ४५ | ४५ | ४५ | ४५ | ४५ | ४५ | |
| १० | बालविकास सहजकर्ताको क्षमता विकासको लागि क्षमताविकास कार्यक्रम सञ्चालन | पटक | १ | १ | १ | १ | १ | ५ | |
| ११ | वडागत नमुना बालविकास केन्द्रको स्थापना कार्यक्रम | वडा | ० | २ | २ | १ | १ | ८ | |
| १२ | बाल विकासको पाठ्यक्रम प्रवोधीकरण गर्ने र पाठ्यक्रम अनुसार अनिवार्य रूपमा सिकाइ सहजीकरण | पटक | १ | १ | १ | १ | १ | ५ | |
| १३ | बालविकासमा सिकाइका छ कुनामा आधारित सहित शैक्षिक सामग्रीहरू विकास, वितरण तथा | सङ्ख्या | ७ | १३ | २५ | ० | ० | ४५ | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | व्यवस्थापन | | | | | | | | |
| १४ | निश्चित सूचकका आधारमा शिक्षक अभिभाव सङ्घ मार्फत त्रैमासिक सूचकका आधारमा अनुगमन गरी समीक्षा बैठक सञ्चालन | पटक | ४ | ४ | ४ | ४ | ४ | २० | |
| १५ | वर्षको कम्तिमा १ पटक बालविकास शिक्षकहरूसँग समीक्षा तथा क्षमता विकास कार्यक्रम सञ्चालन | पटक | १ | १ | १ | १ | १ | ५ | |
| १६ | निश्चित सूचकको आधारमा वर्षिक उत्कृष्ट बालविकास सहजकर्ता लाई सम्मान | जना | १ | १ | १ | १ | १ | ५ | |
| १७ | वर्षको २ पटक बालबालिकाहरूको नजिकको स्वास्थ्य चौकीबाट स्वास्थ्य परीक्षण कार्यक्रम सञ्चालन | पटक | २ | २ | २ | २ | २ | १० | |
| १८ | अति विपन्न तथा पिछडिएको वर्गका बालबालिकाहरूका लागि शैक्षिक सामग्रीहरूको सहयोग | पटक | १ | १ | १ | १ | १ | ५ | |
| १९ | साझेदार संस्थाको खोजी र सहयोग कार्यक्रम सञ्चालन | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| २० | अभिभावक शिक्षा (शिक्षा, स्वास्थ्य, पोषण र संरक्षण) | पटक | १० | १० | १० | १० | ५ | ४५ | |
| २१ | मन्टेश्वरी पद्धतिमा आधारित तालिम | सङ्ख्या | ० | २५ | २० | | | ४५ | |
| २२ | बालबालिकाहरूको अपाङ्गता तथा कार्यरत सिमितता पहिचानको लागि तालिम प्रदान | पटक | १ | १ | १ | १ | १ | ५ | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | गरी प्रारम्भिक पहिचान | | | | | | | | |
| २३ | सबै बालविकास केन्द्रमा खेल सहितको सामाग्री ब्यबस्थापन | सङ्ख्या | ८ | १६ | २१ | ० | ० | ४५ | |

## ३.२ आधारभूत शिक्षा

### ३.२.१ परिचय

मानव जीवनयापनका लागि चाहिने आधारभूत सिप र ज्ञान आर्जन गरी घरपरिवार तथा समुदायमा आफ्ना कुरा अभिव्यक्त गर्न र समाजमा घुलमिल भई जीवनयापन गर्न सहज बनाउने शिक्षा नै आधारभूत शिक्षा हो। नेपालको विद्यालय शिक्षा आधारभूत र माध्यमिक गरी दुई तहको रहेको छ। एक वर्ष अवधिको प्रारम्भिक बालविकास तथा शिक्षापछि कक्षा १ देखि ८ सम्म तीन तह (कक्षा १-३, कक्षा ४-५ र कक्षा ६-८) गरी आठ वर्ष सम्मको आधारभूत शिक्षा सञ्चालनमा छ। अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन २०७५ ले आधारभूत तहको शिक्षा प्रदान गर्न सङ्घीय सरकार, प्रदेश सरकार तथा स्थानीय सरकार हुने र आधारभूत शिक्षाका लागि सबै बालबालिकालाई विद्यालय पठाउनु प्रत्येक नागरिकको कर्तव्य हुने उल्लेख भएको छ । स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ को (ज) मा आधारभूत तथा माध्यमिक तहका २३ वटा अधिकार स्थानीय सरकारको अधिकार क्षेत्रभित्र पर्ने कुरा उल्लेख छ । विशेषगरी प्रारम्भिक कक्षा ( कक्षा १ देखि ३) सम्मका बालबालिकाको तथा सिकाइको दृष्टिकोणले अझै महत्त्वपूर्ण रहेको छ।

### ३.२.२ वर्तमान अवस्था

मिक्लाजुङ गाउँपालिकाभित्र सञ्चालित सामुदायिक तथा संस्थागत विद्यालयमा आधारभूत तहअन्तर्गत कक्षा १ देखि ८ सम्म सञ्चालित विद्यालय ४५ वटा रहेका छन् जसमा सामुदायिक विद्यालयहरू ४ वटा रहेका छन् । कक्षा १ देखि ३ सम्म सञ्चालित १३ वटा, कक्षा १ देखि ५ सम्म ३२ वटा , कक्षा १ देखि ८ सम्म २४ वटा, कक्षा १ देखि १० सम्म ११ वटा, कक्षा १ देखि १२ सम्म ११ वटा, गरी जम्मा ५६ वटा सामुदायिक विद्यालयहरू सञ्चालनमा रहेका छन् । आधारभूत तहका विद्यालयहरूमध्ये २ वटा विद्यालयहरूमा विद्यार्थी नभएका कारण शैक्षिक कार्यक्रम स्थगित गरिएको छ । यस पालिकामा आधारभूत तह मात्र सञ्चालित सामुदायिक विद्यालय ४५ वटा रहेका छन् ।

सामुदायिक विद्यालय आधारभूत तहका विद्यार्थीहरूः

| कक्षा | छात्रा | छात्र | जम्मा |
|---|---|---|---|
| **कक्षा १ –५** | ६२७ | ८१३ | १५४० |
| **कक्षा ६-८** | ४६४ | ४५१ | ९१५ |
| **कक्षा १–८** | **१०९१** | **१२६४** | **२४५५** |

*(स्रोतः इमिस तथा* मिक्लाजुङ गाउँपालिकाको *शिक्षा पार्श्वचित्र २०८२)*

### ३.२.३ चुनौती तथा अवसरहरू

**चुनौती:**

- निःशुल्क तथा अनिवार्य आधारभूत शिक्षामा सबै बालबालिकाको पहुँच तथा सहभागिता सुनिश्चित गर्न
- सिकाइको गुणस्तर अभिवृद्धि गरी विद्यार्थीको सिकाइ उपलब्धिमा सुधार ल्याउन
- विद्यालयको प्रशासनिक, भौतिक तथा शैक्षिक वातावरणमा सुधार ल्याई विद्यालयलाई अपाङ्गता, बाल तथा छात्रामैत्री बनाउन
- विद्यालय व्यवस्थापन तथा जनसहभागितामा परिवार, समुदाय, गैरसरकारी सङ्घसंस्था, निजी क्षेत्र र विद्यालयहरूलाई जिम्मेवार बनाउन
- सूचना तथा सञ्चार प्रविधिको दक्षतामा वृद्धि गरी शिक्षण सिकाइलाई प्रभावकारी ढङ्गले प्रयोग गर्न
- खुद भर्ना दर शतप्रतिशत पुऱ्याउने, कक्षा दोहोऱ्याउने र छोड्ने दरमा कमी ल्याउन
- शिक्षकहरूको विषयगत र कक्षागत दरबन्दीको व्यवस्था मिलाउन
- आवश्यकताअनुसार सह तथा अतिरिक्त कक्षा सञ्चालन गर्नु
- शिक्षक, अभिभावक र विद्यार्थीबिच नियमित अन्तरक्रिया तथा समन्वय गर्न
- आधारभूत तह कक्षा ८ को वार्षिक परीक्षालाई व्यवस्थित गर्न
- पालिकाभित्रका अन्तर विद्यालय स्तरीय आधारभूत तहका विविध सहक्रियाकलाप गराउन

**अवसर:**

- स्थानीय पाठ्यक्रम तथा पाठ्यपुस्तक विकास र कार्यान्वयनको चरणमा हुनु,
- निःशुल्क रूपमा पाठ्यपुस्तक उपलब्ध हुनु,
- दक्ष जनशक्तिको व्यवस्था हुनु,
- शिक्षण सिकाइमा सूचना प्रविधिको पहुँच विस्तार हुँदै जानु,
- शिक्षण सिकाइमा प्रयोग गरिने स्रोत तथा सन्दर्भ सामग्रीहरू उपलब्ध हुनु,
- विद्यार्थी अभिलेखीकरण इमिसमार्फत गरिनु,
- भौतिक पूर्वाधारको अवस्था सन्तोषजनक हुनु,
- अभिभावकहरूमा सचेतना विकास हुँदै जानु,
- सरोकारवाला निकायको संलग्नता वृद्धि हुँदै जानु,
- अपाङ्गता तथा विशेष अवस्थाका बालबालिका लक्षित कार्यक्रम सञ्चालनमा हुनु,
- सचेतनामूलक कार्यक्रमहरू सञ्चालन हुनु।

### ३.२.२ उद्देश्यहरू

- आधारभूत शिक्षा उमेरका बालबालिकाको समतामूलक पहुँच र सहभागिता सुनिश्चित गर्नु ।
- भौतिक तथा शैक्षिक वातावरण बालमैत्री, समावेशी र सुरक्षित बनाउनु ।
- बालबालिकाहरूमा न्यूनतम सिकाइ उपलब्धि हासिल हुने अवस्था सुनिश्चित गर्नु ।
- बालबालिकाहरूमा व्यवहार कुशल सिप अभिवृद्धि गर्नु ।
- आधारभूत तह पूरा गर्ने अवसर सुनिश्चित गर्नु ।
- आधारभूत खेल र सहक्रियाकलापको सिप विकास गर्नु ।
- विद्यालय शिक्षाको प्रशासन तथा व्यवस्थापनमा सुधार ल्याउनु ।

### ३.२.३ रणनीतिहरू

- भर्ना अभियान सञ्चालन गरिने छ ।
- अभिभावकहरूको भूमिका वृद्धि गर्न अभिभावक शिक्षा सञ्चालन गरिने छ ।
- सीमान्तकृत बालबालिकाहरूको पहुँच सुनिश्चित गरिने छ ।
- पोषणयुक्त दिवाखाजासहित विद्यार्थी प्रोत्साहन गरिने छ ।
- विद्यालय परिसरलाई सुरक्षित र भयरहित बनाइने छ ।
- अपाङ्गता, लैङ्गिक तथा बालमैत्री वातावरण व्यवस्थापन गरिने छ ।
- शिक्षण सिकाइको प्रभावकारिता अभिवृद्धि गरिने छ ।
- विद्यार्थी नियमितता र सक्रियता कायम गर्न सरोकारवालाहरूको भूमिका बढाइने छ ।
- "कमजोर विद्यार्थीको घरमा प्रध्यानाध्यापक" कार्यक्रम सञ्चालन गरिने छ ।
- आन्तरिक मूल्याङ्कनलाई प्रभावकारी बनाइने छ ।
- सिकाइ सञ्जालमा जोड दिइने छ ।
- श्रमप्रति आस्थावान, नैतिक मूल्य र सामाजिक दायित्वप्रति सचेत बनाइने छ ।
- खेलका सिपहरूको विकासमा जोड दिइने छ ।
- शारीरिक, बौद्धिक, सामाजिक तथा संवेगात्मक विकासका लागि सहक्रियाकलाप गराइने छ ।
- अनुगमन तथा सुपरिवेक्षणलाई नियमित र प्रभावकारी बनाइने छ ।
- अभिलेख व्यवस्थापनलाई डिजिटलतर्फ समेत रुपान्तरण गरिने छ ।
- शैक्षिक सरोकारका निकायहरूबिचको अन्तर्सम्बन्धलाई प्रभावकारी बनाइने छ ।
- स्तरीय परीक्षा प्रणालीको विकास गरिने छ ।
- प्राकृतिक प्रकोप तथा विशेष परिस्थितिको सिकाइ क्षति आपूरण गरिने छ ।

### ३.२.४ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य निर्धारण

#### उपलब्धि

- सबै बालबालिकालाई आधारभूत तहमा गुणस्तरीय शिक्षाको पहुँच सुनिश्चित भएको हुने छ।
- आधारभूत तहको कुल तथा खुद भर्नादर शतप्रतिशत पुगेको हुने छ।
- अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षामा पहुँच र सहभागिता सुनिश्चित भई गुणस्तरीय जनशक्तीको रूपमा माध्यमिक शिक्षामा शतप्रतिशत प्रवेश हुने छ ।

**नतिजा:**

- आधारभूत शिक्षा उमेरका बालबालिकाको समतामूलक पहुँच र सहभागिता सुनिश्चित भएको हुने छ।
- भौतिक तथा शैक्षिक वातावरण बालमैत्री, समावेशी र सुरक्षित भएको हुने छ।
- बालबालिकाहरूमा न्यूनतम सिकाइ उपलब्धि हासिल भएको हुने छ।
- बालबालिकाहरूमा व्यवहारकुशल सिप अभिवृद्धि भएको हुने छ।
- आधारभूत तह पूरा गर्ने अवसर सुनिश्चित भएको हुने छ।
- आधारभूत खेल र सहक्रियाकलापको सिप विकास हुने छ।
- विद्यालय शिक्षाको प्रशासन तथा व्यवस्थापनमा सुधार आएको हुने छ।

**नतिजा तथा परिमाणात्मक लक्ष्य**

योजनाको कार्यान्वयनबाट हासिल हुने मुख्य नतिजा:

| क्र.सं. | सूचक | आधार वर्ष (२०८१/८२) | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ |
|---|---|---|---|---|---|---|---|
| १ | कक्षा १ का बालबालिकाको खुद प्रवेशदर (%) | ९५.५ | ९६ | ९७ | ९८ | ९९ | १०० |
| २ | कक्षा १ का बालबालिकाको कुल प्रवेश दर (%) | १०२.४ | १०१ | १०० | १०० | १०० | १०० |
| ३ | आधारभूत तह (प्राथमिक कक्षा १-५) मा खुद भर्ना दर (%) | ९५.८ | ९६ | ९७ | ९८ | ९९ | १०० |
| ४ | आधारभूत तह (प्राथमिक कक्षा १-५) मा कुल भर्ना दर (%) | ९८.५ | ९९ | १०० | १०० | १०० | १०० |
| ५ | आधारभूत तह (कक्षा ६-८) मा खुद भर्ना दर (%) | ९२.० | ९३ | ९४ | ९५ | ९६ | ९७ |
| ६ | आधारभूत तह (कक्षा ६-८) मा कुल भर्ना दर (%) | ११६.३ | ११४ | ११२ | ११० | १०५ | १०० |
| ७ | आधारभूत तह (कक्षा १-८) मा खुद भर्ना दर (%) | ९४.५ | ९६ | ९७ | ९८ | ९९ | १०० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ८ | आधारभूत तह (कक्षा १-८) मा कुल भर्ना दर (%) | १०४.६ | १०३ | १०२ | १०१ | १०० | १०० |
| ९ | आधारभूत तह (प्राथमिक कक्षा १-५)मा विद्यालयबाहिर रहेका बालबालिकाको प्रतिशत | ४.२ | ४ | ३ | २ | १ | ० |
| १० | आधारभूत तह (कक्षा १-८) मा प्रमाणीकरण तालिम प्राप्त शिक्षकको सङ्ख्या | १०० | १२५ | १५० | १७५ | २०० | २२५ |
| ११ | न्यूनतम सिकाइ सबलीकरण मापदण्ड (Minimum Enabling Conditions) पूरा गरेका आधारभूत तहका विद्यालयको सङ्ख्या | ५ | ५ | ५ | ५ | ५ | ५ |
| ११ | प्रविधिमैत्री पूर्वाधारको विकास भएका विद्यालय | ७ | ५ | १० | १५ | ९ | १-८ चलेका विद्यालय मात्र |
| १२ | लेखा तथा जिन्सी व्यवस्थापन अभिलेखीकरण व्यवस्थित भएका विद्यालय सङ्ख्या | ५ | २० | २० | ४५ | ४५ | |
| १३ | जिम्मेवारी बाँडफाट भएका विद्यालय सङ्ख्या | ७ | २० | १८ | ४५ | ४५ | आर्थिक, प्रशासनिक, शैक्षिक |

**प्रमूख क्रियाकलाप तथा लक्ष्यहरू**

| क्र.स. | प्रमूख क्रियाकलापहरू | एकाइ | भौतिक लक्ष्य ५ वर्ष | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | |
| १ | विद्यालय नक्शाङ्कन, पुनर्वितरण र समायोजन, तथा मर्ज | पटक | १ | १ | १ | १ | १ | ५ | |
| २ | शिक्षक दरबन्दी मिलान | पटक | १ | १ | १ | १ | १ | ५ | |
| ३ | विद्यार्थी पहिचान तथा भर्ना तयारि | सङ्ख्या | ५६ | ५६ | ५६ | ५६ | ५६ | ५६ | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ४ | सघन भर्ना कार्यक्रम सञ्चालन | विद्यालय | ५६ | ५६ | ५६ | ५६ | ५६ | ५६ | |
| ५ | अभिभावक शिक्षा सञ्चालन | विद्यालय | ५६ | ५६ | ५६ | ५६ | ५६ | ५६ | |
| ६ | अति विपन्न तथा पछाडिएका वर्गका बालबालिकाहरूको लागि शैक्षिक सामग्रीहरू जस्तैं ड्रेस झोला स्टेशनरीको सहयोग | विद्यालय | ५६ | ५६ | ५६ | ५६ | ५६ | ५६ | |
| ७ | विद्यालयमा न्यूनतम भौतिक पूर्वाधार विकास (भवन तथा कक्षाकोठा, फर्निचर, शौचालय, खानेपानी, खेलमैदान, घेराबारा, खाजा घर) | सङ्ख्या | ११ | ११ | ११ | ११ | १२ | ५६ | |
| ८ | सिकाइका लागि न्युनत्तम वातावरणको लागि विद्यालय सुधार योजनामा आधारित विद्यालय सहयोग कार्यक्रम | सङ्ख्या | १० | २० | २० | ६ | ५६ | ५६ | |
| ९ | शैक्षिक सामग्रीको विकास वितरण तथा व्यवस्थापन | सङ्ख्या | ५६ | ५६ | ५६ | ५६ | ५६ | ५६ | |
| १० | छापमय कक्षाकोठा व्यवस्थापन | सङ्ख्या | १० | १० | २० | १६ | ५६ | ५६ | |
| ११ | शिक्षकको क्षमता विकास तालिम सञ्चालन | पटक | २ | २ | २ | २ | २ | १० | |
| १२ | नयाँ पाठ्यक्रम तथा मूल्याङ्कन सम्बन्धी प्रवोधीकरण कार्यक्रम र कार्यान्वयन | पटक | २ | २ | २ | २ | २ | १० | |
| १३ | स्थानीय पाठ्यक्रम तथा पाठ्यपुस्तकको कार्यान्वयन | विद्यालय | ५६ | ५६ | ५६ | ५६ | ५६ | ५६ | |
| १४ | सिकाइका लागि उपचारात्मक तथा सुधारात्मक कक्षा सञ्चालन | सङ्ख्या | ५६ | ५६ | ५६ | ५६ | ५६ | | |
| १५ | विद्यालयमा सिकाइ मेला तथा प्रतियोगिता सञ्चालन | सङ्ख्या | ५६ | ५६ | ५६ | ५६ | ५६ | ५६ | |
| १६ | विद्यालय स्तरीय तथा पालिका स्तरीय पढाइ प्रतियोगिता पढाइ उत्सब सहित शैक्षिक प्रदशनी मेला सञ्चालन | पटक | १ | १ | १ | १ | १ | ५ | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| १७ | एक वडा एक नमुना आधारभूत विद्यालय निर्माण कार्यक्रम | पटक | २ | २ | २ | १ | १ | ८ | |
| १८ | उत्कृष्ट शिक्षक छनोट गरी सम्मान कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ | |
| १९ | शैक्षिक सुशासन तथा सिकाइ उपलब्धि वृद्दिका लागि छलफल तथा अन्तरक्रिया | पटक | १ | १ | १ | १ | १ | ५ | |
| २० | शिक्षकले कक्षाकोठामा बिताउने समयको पूर्ण कार्यान्वयनमासहयोग | विद्यालय | ५६ | ५६ | ५६ | ५६ | ५६ | ५६ | |
| २१ | घुम्ति शिक्षक बैठक | पटक | २ | २ | २ | २ | २ | १० | |
| २२ | कक्षा ५ सम्म खाजा कार्यक्रमको व्यवस्थापन | विद्यालय | ५६ | ५६ | ५६ | ५६ | ५६ | | |
| २३ | वर्षको २ पटक बाबालिकाहरूको स्वास्थ्य नजिकको स्वास्थ्य चौकिबाट स्वास्थ्य परीक्षण कार्यक्रम सञ्चालन | पटक | २ | २ | २ | २ | २ | १० | |
| २४ | बालबालिकाहरूको अपाङ्गता तथा कार्यरत सिमितता पहिचानको लागि तालिम प्रदान गरी प्रारम्भिक पहिचान | पटक | १ | १ | १ | १ | १ | ५ | |
| २५ | छात्राहरूलाई सेनिटरी प्याडको खरिद र  वितरण | पटक | १ | १ | १ | १ | १ | ५ | |
| २६ | बिद्यालय तहमा खानेपानी, सरसफाई तथा स्वच्छता समन्वय समिति गठन, परिचालन र कार्यक्रम कार्यान्वायन | बिद्यालय | ५६ | ५६ | ५६ | ५६ | ५६ | ५६ | |
| २७ | जलबायु परिवर्तन र उत्थानशिलाता बाट बिद्यालयमा हुने जोखिम न्यूनीकरण, सिकाइ क्षति आपुरण लागायतका कार्यक्रम, सहयोग र समन्वय | बिद्यालय | ५६ | ५६ | ५६ | ५६ | ५६ | ५६ | |
| २८ | प्रारम्भिक कक्षामा पठाइ तथा गणितीय सामग्रीहरूको खरिद र व्यवस्थापन | विद्यालय | ५६ | ५६ | ५६ | ५६ | ५६ | ५६ | |

## ३.३ *माध्यमिक* शिक्षा

### ३.३.१ परिचय

नेपालको संविधान २०७२ ले माध्यमिक तहको शिक्षा निःशुल्क प्राप्त गर्ने हक स्थापित गरेको छ भने अनिवार्य तथा निःशुल्क शिक्षा ऐन २०७५ ले पनि प्रत्येक नागरिकलाई माध्यमिक शिक्षा प्रदान गर्ने दायित्व राज्यको हुने उल्लेख गरेको छ । संविधानले एकातिर विद्यालय तहको शिक्षालाई स्थानीय तहको अधिकार क्षेत्रभित्र रहने व्यवस्था गरेको देखिन्छ भने अर्कोतिर सङ्घ प्रदेश र स्थानीय सरकारको साझा अधिकार भित्र पनि राखेको छ । संविधानमा उल्लेखित प्रावधानहरूले आम नागरिकका लागि गुणस्तरिय शिक्षा सुनिश्चत गर्न एकल तथा साझा सूचीका आधारमा तीनै तहका सरकारलाई जिम्मेवार बनाउने स्पष्ट दिशा निर्देश गरेको छ । अनिवार्य आधारभूत शिक्षा अन्तर्गत सबै बालबालिकाले कक्षा ८ सम्मको गुणस्तरिय शिक्षा प्राप्त गरिसकेपछि विद्यार्थीको रुचि र माध्यमिक तहको शिक्षालाई व्यावसायिक, गुणस्तरीय, रोजगारमूलक, सिपमूलक, जीवनोपयोगी तथा उत्पादनमूलक बनाउनु पर्छ । आधारभूत तहमा प्राप्त गरेको भाषिक तथा गणितीय सिपको उपयोग गरी आफ्नो रुचि, आवश्यकता, क्षमता तथा दक्षताका आधारमा सिकारुले अध्ययनको अवसर प्राप्त गर्छ । हाल मिक्लाजुङ गाउँपालिकामा माध्यमिक तहमा साधारण तथा प्राविधिक धारका शैक्षिक कार्यक्रमसमेत सञ्चालनमा छन् । गाउँपालिकाले माध्यमिक तहको शिक्षालाई प्रविधियुक्त, सिपमूलक, रोजगारमूलक, नि:शुल्क, बालमैत्री, प्रविधिमैत्री, समतामूलक र समावेशी गराउने लक्ष्य लिएको छ ।

### ३.३.२ वर्तमान अवस्था

मिक्लाजुङ गाउँपालिकाका भित्र हाल सामुदायिक विद्यालय कक्षा १- १२ सञ्चालित ११ वटा र संस्थागत विद्यालय कक्षा १- १० सञ्चालित ३ वटा गरी जम्मा १४ वटा माध्यमिक तहको विद्यालयहरू रहेको छन् । शैक्षिक सत्र २०८१ अनुसार माध्यमिक तहमा जम्मा ६८७ जना बालबालिकाहरू अध्यायनरत छन् । मिक्लाजुङ गाउँपालिकाले हाल आफ्नो सेवा क्षेत्रभित्र रहेका माध्यमिक तहका विद्यालयहरूमा गुणस्तरीय शिक्षाको सुनिश्चितता अभिवृद्धिका लागि इन्टरनेटको पहुँच, सूचना तथा सञ्चार प्रविधि (ICT) विस्तार, सेवा प्रवेश तालिम, पुनर्ताजगी तालिम, लेखा व्यवस्थापन, EMIS अद्यावधिक तालिम र कम्प्यूटर तथा विज्ञान प्रयोगशालाको स्थापनामा जोड दिइएको छ । बालविकास केन्द्रको भौतिक तथा शैक्षिक अवस्था सुदृढीकरण, विद्यालयको अनुगमन तथा सुपरिवेक्षण र शैक्षिक सहयोगको जिम्मा स्थानीय तहलाई दिए पनि विद्यालय सङ्ख्या बढी रहेका र शाखामा कार्यरत कर्मचारी दरबन्दी २ जना मात्रै रहेकाले प्रशासनिक कार्य बोझका कारण योजनाअनुरूप शिक्षकको पेशागत सहयोग अपेक्षित हुन सकेको छैन ।

यस गाउँपालिकाको माध्यमिक तह कक्षा ९-१० को खुद भर्नादर ४५.१% र कुल भर्नादर ८८.०% रहेको छ । लिङ्गको आधारमा विद्यार्थी विश्लेषण गर्दा सामुदायिक विद्यालयको कक्षा ९–१० मा ५३.७८% छात्रा र ४६.२२% छात्र भर्ना भएको अवस्था छ । शिक्षक विद्यार्थी अनुपात ३४.६३% रहेको छ । कक्षा १० को टिकाउदर, उत्तीर्णदर, दाहोर्याउने दर क्रमशः ३६.४५%, ३.०%, २.०५% रहेको छ । माध्यमिक तहको हालको अवस्था तलको तालिकामा राखिएको छ:

| क्र.स. | विद्यालय | सञ्चालित कक्षा | सामुदायिक | संस्थागत | जम्मा |
|---|---|---|---|---|---|
| १ | माध्यमिक | ECD - १० | ११ | ३ | १४ |

| | | | | | |
|---|---|---|---|---|---|
| २ | माध्यमिक | ECD - १२ | ११ | ३ | १४ |
| ३ | माध्यमिक | ११-१२ | ११ | ० | ११ |
| ४ | प्राविधिक | ९-१२ | १ | ० | १ |

**यस गाउँपालिकामा रहेका विद्यार्थी विवरण:**

| कक्षा | छात्रा | छात्र | जम्मा |
|---|---|---|---|
| कक्षा ९-१० | २७२ | २५९ | ५५५ |
| कक्षा ११-१२ | २१७ | २२६ | ४४३ |
| कक्षा ९-१२ | ४८९ | ४८५ | ९७४ |

### ३.३.३ अवसर र चुनौती

**अवसर:**

- निःशुल्क रूपमा पाठ्यपुस्तक (प्राविधिक धार ९-१२ र ११-१२ का ऐच्छिक विषयबाहेक) उपलब्ध हुनु,
- दक्ष जनशक्तिको व्यवस्था हुनु,
- शिक्षण सिकाइ तथा कार्यालय व्यवस्थापनमा सूचना प्रविधिको पहुँच विस्तार हुनु,
- शिक्षण सिकाइमा प्रयोग गरिने स्रोत तथा सन्दर्भ सामग्रीहरू उपलब्ध हुनु,
- विद्यार्थी अभिलेखीकरण इमिसमार्फत गरिनु,
- भौतिक पूर्वाधारको अवस्था सन्तोषजनक हुनु,
- अभिभावकहरू सचेत हुँदै जानु,
- सरोकारावाला निकायहरूको संलग्नता वृद्धि हुँदै जानु,
- अपाङ्गता तथा विशेष अवस्थाका बालबालिका लक्षित कार्यक्रम बढ्दै जानु,
- सचेतनामूलक  कार्यक्रमहरू सञ्चालन हुनु,
- विद्यालयको स्वामित्वमा जमिन हुनु,
- खेल मैदानको व्यवस्था हुनु,
- सबै विद्यालयमा पुस्तकालय तथा प्रयोगशालाको व्यवस्था हुनु,
- छात्राहरूलाई निःशुल्क स्यानिटरी प्याडको व्यवस्था हुनु,
- उपचारात्मक शिक्षणको व्यवस्थापनमा स्थानीय निकाय र अन्य सरोकारवालाहरूको संलग्नता हुनु,
- सहकार्यकलापका कार्यक्रमहरू सञ्चालन हुनु,
- बालक्लब, जुरेस/युरेस, स्काउट, टिन्स क्लब लगायतका नेतृत्वदायी संस्थाहरू हुनु,
- भौतिक र शैक्षिक उन्नतिका लागि बिकास साझेदार र पालिका बीच सम्झौता भई कार्यक्रम शुचारू हुनु,

**चुनौती :**

- माध्यमिक शिक्षालाई निःशुल्क र पहुँच योग्य बनाई कार्यान्वयन गर्न,
- प्राविधिक तथा व्यावसायिक शिक्षालाई व्यवस्थित बनाई विस्तार गर्न,
- विद्यार्थीको सिकाइ गुणस्तर सुधार गरी उपलब्धिमा सुधार ल्याउन,
- विद्यालयको भौतिक तथा शैक्षिक वातावरण बालमैत्री बनाउन,
- शिक्षकको कार्यसम्पादन पारदर्शी, नतिजामा आधारित मापनयोग्य बनाई व्यवस्थित गर्न,
- शिक्षालाई समावेशी र समतामूलक बनाउन,
- विषयगत दरबन्दीको व्यवस्था गरी विद्यालयसहित जनशक्ति व्यवस्थापन गर्न,
- प्रकोप, महामारीलगायत सङ्कटजन्य परिस्थितिमा बैकल्पिक माध्यमबाट सिकाइलाई निरन्तरता दिन,
- विविध कारणले विद्यालय छोड्ने बालबालिकाको सिकाइलाई निरन्तरता दिन,
- कक्षा १० उत्तीर्ण गरेका विद्यार्थीको कक्षा ११ मा भर्ना र टिकाउदर कायम गर्न,
- सूचना तथा सञ्चार प्रविधिमा शिक्षक तथा विद्यार्थीहरूको पहुँच विस्तार गर्न,
- शिक्षकको पेशागत दक्षता समयानुकूल अद्यावधिक गर्न,
- बालबालिकाहरूमा हराउदै गएको पठन / अध्ययन संस्कृतिलाई पुनर्स्थापित गर्न,
- शिक्षक तथा कर्मचारीहरूको मनोबल उच्च राखी पेशागत जवाफदेहितामा वृद्धि गर्न,
- अभिभावकहरूमा विद्यालय तथा आफ्ना बालबालिकाहरूको बहुपक्षीय सिकाइ संलग्नताप्रति चासो बढाउन,
- खानेपानी, शौचालय र चमेनागृहको व्यवस्थापन गर्न,
- औषधीसहितको प्राथमिक उपचार वक्स व्यवस्थापन गर्न।

### ३.३.२ उद्धेश्यहरू

- विद्यालयहरूको भौतिक तथा शैक्षिक वातावरण बालमैत्री समावेशी र सुरक्षित बनाउनु।
- माध्यमिक तहमा सवैको पहुँचमा सुधार ल्याउनु।
- माध्यमिक तहका बालबालिकाहरूमा न्युनतम सिकाइ उपलव्धी हासिल गर्नु।
- खुद भर्नादर र टिकाउ दर बढाउनु साथै कक्षा छोड्ने र दोहोऱ्याउने दर घटाउनु।
- सिकाइलाई जीवनोपयोगी बनाउन प्राविधिक तथा व्यवहारकुशल सिप अभिवृद्धि गर्नु।
- माध्यमिक तहको सिकाइ उपलब्धि वृद्धि गर्नु।
- माध्यमिक तह (कक्षा ९-१२) पूरा गर्ने दर बढाउनु।
- नवीनतम प्रविधिको प्रयोग वृद्धि गरी सिकाइमा प्रभावकारिता बढाउनु।
- शिक्षक र कर्मचारीको सक्षमता विकास गर्नु।
- विद्यालयमा अभिभावकको अपनत्व बोध गराउनु।

- विद्यालय शिक्षाको प्रशासन तथा व्यवस्थापनमा सुधार ल्याउनु ।
- बिद्यालयमा खानेपानी, सरसफाई तथा स्वच्छता र जलबायु परिवर्तन र उत्थानशिलता सम्बन्धि कार्यक्रम संचालन गर्नु ।

### ३.३. ३ रणनीतिहरू

- विद्यार्थी भर्ना अभियान सञ्चालन गरिने छ ।
- अभिभावक शिक्षा सञ्चालन गरिनेछ ।
- विद्यार्थी प्रोत्साहनका लागि साझेदार निकायको खोजी गरिनेछ ।
- सीमान्तकृत तथा पछाडि पारिएका बालबालिकालाई प्रोत्साहन गरिनेछ ।
- विद्यालय परिसरलाई सुरक्षित र भयरहित बनाइने छ ।
- स्रोत पहिचान र व्यवस्थापन गरी भौतिक पूर्वाधार निर्माण गरिने छ ।
- बालमैत्री वातावरण व्यवस्थापन गरिने छ ।
- दुर्व्यसनरहित वातावरण व्यवस्थापन गरिने छ ।
- विद्यार्थीको रुचिअनुसार खेलकुदलगायतका सहक्रियाकलाप सञ्चालन गरिने छ ।
- पर्याप्त शैक्षिक सामग्रीसहितको आकर्षक कक्षाकोठा व्यवस्थापन गरिने छ ।
- शैक्षिक परामर्शका कार्यक्रम सञ्चालन गरिने छ ।
- उपचारात्मक शिक्षण सिकाइको व्यवस्था गरिने छ ।
- "कमजोर विद्यार्थीका घरमा प्रध्यानाध्यापक" कार्यक्रम सञ्चालन गरिने छ ।
- “अध्यक्षसँग कमाउदै पढ्दै” कार्यक्रम सञ्चालन गरिने छ ।
- प्रयोगात्मक/परियोजना केन्द्रित सिकाइ क्रियाकलापमा जोड दिइनेछ ।
- विद्यार्थी उपस्थिति र सहभागितामा जोड दिइने छ ।
- सिकाइ उपलब्धि केन्द्रित अभ्यासमा जोड दिइने छ ।
- पाठ्यक्रमले निर्दिष्ट गरेअनुरूप शैक्षणिक कार्यहरू सञ्चालन गरिने छ ।
- स्तरीय परीक्षा प्रणालीको विकास गरिने छ ।
- "एक विद्यालय एक कम्प्युटर/ल्यापटप/प्रिन्टर" कार्यक्रमलाई प्रभावकारी बनाइने छ ।
- ICT प्रयोग दक्षता अभिवृद्धि कार्यक्रम सञ्चालन गरिने छ ।
- प्र.अ., शिक्षक तथा कर्मचारी प्रोत्साहनका कार्यक्रमहरू सञ्चालन गरिने छ ।
- अनुगमन तथा सुपरिवेक्षणलाई नियमित र प्रभावकारी बनाइने छ ।
- अभिलेख व्यवस्थापनलाई डिजिटलतर्फ समेत रूपान्तरण गरिने छ ।
- शैक्षिक सरोकारका निकायहरूबिचको अन्तरसम्बन्धलाई प्रभावकारी बनाइने छ ।

- बिद्यालयमा खानेपानी, सरसफाई तथा स्वच्छता समन्वय समिति गठन गरि प्रभावकारी बिद्यालयलाई तारा पद्दति अभियान संचालन गरिने छ।
- जलबायु परिवर्तन र उत्थानशिलताले बिद्यालयमा हुन सक्ने विभिन्न क्षतिहरुको न्यूनीकरणका लागि कार्यक्रम संचालन गरिएन।

### ३.३.४. उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य निर्धारण

**उपलब्धि**

- माध्यमिक शिक्षामा सबैको पहुँच सुनिश्चित भई सान्दर्भिकता र गुणस्तरमा सुधार हुने।
- बालबालिकाहरूलाई गुणस्तरीय व्यावसायिक शिक्षामा पहुँचको अवसर सुनिश्चित हुने।

**नतिजा**

- माध्यमिक शिक्षामा सबैको पहुँच सुनिश्चित भएको हुने छ ।
- भौतिक तथा शैक्षिक वातावरण सुधार गरी बालमैत्री, समावेशी, समतामूलक र सुरक्षित बनाइने छ।
- खुद भर्नादर र टिकाउ दर बढाउनु साथै कक्षा छोड्ने र दोहोऱ्याउने दर घटेको हुनेछ।
- सिकाइलाई जीवनोपयोगी बनाउन प्राविधिक तथा व्यवहारकुशल सिप अभिवृद्धि भएको हुनेछ।
- माध्यमिक तहको सिकाइ उपलब्धिमा वृद्धि भएको हुनेछ।
- कक्षा ९-१२ सम्मको तह पूरा गर्ने दर बढेको हुनेछ।
- नवीनतम् प्रविधिको प्रयोग वृद्धि गरी सिकाइमा प्रभावकारिता बढाइने छ।
- शिक्षक/कर्मचारी सक्षमता विकास भएको हुनेछ।
- विद्यालयमा अभिभावकको अपनत्व बोध भएको हुनेछ।
- विद्यालय शिक्षाको प्रशासन तथा व्यवस्थापनमा सुधार आएको हुनेछ।

**नतिजा तथा परिमाणात्मक लक्ष्यः**

| क्र.सं. | सूचक | आधार वर्ष (२०८१/८२) | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ |
|---|---|---|---|---|---|---|---|
| १ | विज्ञान विषय (कक्षा ११-१२) मा अध्ययनरत विद्यार्थी सङ्ख्या | २२ | २५ | २५ | २८ | २८ | ३० |
| २ | न्यूनतम् सिकाइ सबलीकरण मापदण्ड (PMEC) पूरा गरेका माध्यमिक विद्यालय सङ्ख्या | ३ | ५ | ३ | ० | ० | ११ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| **३** | माध्यमिक तह (कक्षा ९-१२) मा खुद भर्ना दर (%) | ६९.३ | ७० | ७३ | ७५ | ७७ | ७८ |
| **४** | माध्यमिक तह (कक्षा ९-१२) मा कुल भर्ना दर (%) | ८८.० | ९० | ९२ | ९३ | ९४ | ९५ |
| **५** | माध्यमिक तह (कक्षा ९-१०) उत्तीर्ण दर | ९१.७ | ९२ | ९३ | ९४ | ९५ | ९५ |
| **६** | माध्यमिक तह (कक्षा ११-१२) उत्तीर्ण दर | ३.१ | ५ | ७ | ९ | ११ | १५ |
| **७** | माध्यमिक तह (कक्षा ९-१०) छोड्ने प्रतिशत | १.९ | १.८ | १.७ | १.६ | १.५ | १.४ |
| **८** | माध्यमिक तह (कक्षा ११-१२) छोड्ने प्रतिशत | १.३ | १.३ | १.२ | १.१ | १ | १ |
| **९** | माध्यमिक तह (कक्षा ९-१०) दोहोऱ्याउने | १.९ | १.८ | १.७ | १.६ | १.५ | १.४ |
| **१०** | माध्यमिक तह( कक्षा ११-१२) दोहोऱ्याउने प्रतिशत | १.४ | १.३ | १.२ | १.१ | १ | १ |
| **११** | माध्यमिक विद्यालयले आधारभूत मापदण्ड पूरा गरेका | २ | ० | २ | ० | २ | ७ |
| **१२** | माध्यमिक तहमा प्राविधिक तथा व्यावसायिक धार सञ्चालित विद्यालय | १ | ० | १ | ० | ० | ० |
| **१३** | विद्यालयहरूमा सुरक्षित (बाल तथा अपाङ्गमैत्री) भौतिक पूर्वाधार विकास | ० | १ | ० | १ | ० | २ |
| **१४** | बालबालिकाहरूको सिकाइप्रति सचेत अभिभावक (%) | ६० | ७० | ८० | ९० | १०० | १०० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| **१५** | विद्यालयको प्रशासनिक काम गर्ने गरी योग्यता र क्षमतामा आधारित प्र .अ. व्यवस्थापन | १५ | ३० | ५० | ५६ | ५६ | ५६ |
| **१६** | शिक्षण/सिकाइ सहजीकरण प्रक्रियामा नवीनतम प्रविधिको उपलब्धता र प्रयोग (%) | २० | ४० | ६० | ८० | ९० | १०० |

## प्रमुख क्रियाकलाप तथा लक्ष्य

| क्र.स. | प्रमूख क्रियाकलापहरू | ईकाइ | भौतिक लक्ष्य (५वर्ष) | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | |
| १ | विद्यालय नक्शाङ्कन, पुनर्वितरण र समायोजन | पटक | १ | १ | १ | १ | १ | ५ | गा.पा. |
| २ | शिक्षक योग्यताका मापदण्ड र दरवन्दी आधारको पुनरावलोकन | सङ्ख्या | १ | १ | १ | १ | १ | ५ | गा.पा. |
| ३ | निःशुल्क माध्यमिक शिक्षाको कार्यान्वयनका लागि आवश्यक कार्यविधि तयारी | पटक | १ | | | | १ | २ | गा.पा. |
| ४ | विद्यालयमा न्युनतम भौतिक पूर्वाधार विकास | पटक | ० | १ | | १ | १ | ३ | सङ्घ/प्रदेश/गा.पा./सङ्घसंस्था |
| ५ | सूचना तथा सञ्चार प्रविधिको प्रयोगमा विद्यालयको क्षमता विकास | सङ्ख्या | १ | १ | १ | १ | १ | ५ | सङ्घ/प्रदेश/गा.पा. |
| ६ | आवश्यकता अनुसार स्कुल बसको व्यवस्था | सङ्ख्या | | | | | १ | १ | सङ्घ/प्रदेश/गा.पा. |
| ७ | निःशुल्क शिक्षाको सुनिश्चितताका लागि विद्यार्थ◌ी पाठ्यपुस्तक | प्रतिशत | १०० | १०० | १०० | १०० | १०० | १०० | सङ्घ |
| ८ | आर्थिक रुपमा विपन्नका लागि ड्रेस र स्टेशनरी वितरण | पटक | १ | १ | १ | १ | १ | ५ | गाउँपालिका |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ९ | घुम्ति पुस्तकालय सञ्चालन | प्रतिशत | | | | | | गाउँपलिका |
| १० | नमूना माध्यमिक विद्यालय विस्तार | सङ्ख्या | ० | ० | १ | ० | १ | २ | सङ्घ/प्रदेश/गा.पा. |
| ११ | सिकाई सामाग्री व्यवस्थापन | प्रतिशत | १५ | ४० | ६० | ७० | ८० | १०० | गाउँपालिका |
| १२ | प्राविधिक धारको शिक्षाको विस्तार | सङ्ख्या | १ | ० | ० | ० | १ | २ | गाउँपालिका |
| १३ | पोषण सहितको दिवा खाजा कार्यक्रम | प्रतिशत | १०० | १०० | १०० | १०० | १०० | १०० | सङ्घ/प्रदेश/गा.पा. |
| १४ | कार्य क्षमतामा आधारित प्र.अ. व्यवस्थापन प्रतिशत | सङ्ख्या | १० | ३० | ५० | ६० | ७० | ७० | गाउँपालिका |
| १५ | प्रकोप प्रति सचेत रहन विपद प्रतिकार्य योजनाको विकास | पटक | १ | १ | १ | १ | १ | १ | गाउँपालिका |

## ३.४ प्राविधिक शिक्षा तथा व्यवसायीक तालीम

### ३.४.१ परिचय

नेपालको संविधान २०७२ ले माध्यमिक शिक्षालाई निःशुल्क र सर्वसुलभ हुने कुरा उल्लेख गरेको छ भने प्रचलित शिक्षा ऐनले समेत माध्यमिक तहसम्मको शिक्षा निःशुल्क प्रदान गर्ने दायित्व राज्यको हुने कुरा उल्लेख गरेको छ । नेपालको संविधानले माध्यमिक तहसम्मको शिक्षाको सम्पूर्ण अधिकार स्थानीय सरकारलाई सुम्पेको छ भने शिक्षा जस्तो महत्वपूर्ण जिम्मेवारीबाट सङ्घीय सरकार र प्रदेश सरकारलाई पनि पछि हट्न नसक्ने गरी बाँधेको छ । आधारभूत तह पूरा गरी सकेका विद्यार्थीहरूको रुचि र क्षमता अनुसार माध्यमिक तह अन्तर्गत कक्षा ९ देखि कक्षा १२ सम्म परम्परागत, संस्कृत, साधारण र प्राविधिक धार अन्तर्गतको शिक्षा हासिल गर्न पाउने व्यवस्था रहेको छ । माध्यमिक तहको शिक्षा जीवनोपयोगी, व्यवहारिक, प्रविधियुक्त र उत्पादनमूलक हुन जरुरी छ । यस तहको शिक्षाले व्यक्तिमा उत्पादनमूलक सीपको विकास गर्नुका साथै उच्च शिक्षा अध्ययनको लागि आधार निर्माण गर्न सक्नु पर्दछ । हरेक स्थानीय तहका कम्तीमा एक माध्यमिक विद्यालयमा प्राविधिक तथा व्यवसायिक शिक्षा धार अन्तर्गत बाली विज्ञान, पशु विज्ञान, कम्प्यूटर इन्जिनियरिङ, सिभिल इन्जिनियरिङ, इलेक्ट्रिकल इन्जिनियरिङ जस्ता विषयहरूमध्ये कुनै एक विषयमा कक्षा सञ्चालन गर्न सकिने प्रावधान रहेको छ । मिक्लाजुङ्ग गाउँपालिकाले प्राविधिक शिक्षाको सञ्चालन र विकासलाई विशेष महत्व दिँदै आएको छ ।

### ३.४.२ वर्तमान अवस्थाः

नेपाल सरकारको एक स्थानीय तह, एक प्राविधिक विद्यालयको नीति अनुसार यस मिक्लाजुङ्ग गाउँपालिका अन्तर्गत कुनै पनि विद्यालयमा प्राविधिक धारका विषयहरू पठनपाठनमा नरहेको अवस्था छ, तथापि पनि वि.स. २०४५ सालमा गरिब जनताको पहुँचमा पुर्याउने लक्ष्यका साथ प्राविधिक तथा व्यवसायिक तालिम परिषदको गठन भई उक्त कार्यक्रमलाई निरन्तरता दिँदै नीजि क्षेत्रमा २०५० सालबाट स्वीकृति दिने सरकारको नीति अनुसार प्राविधिक धारका शिक्षालयहरू सञ्चालित छन् । त्यसै गरी नेपालको संविधान २०७२ को अनुसूची ८ मा व्यवस्था भए बमोजिम स्थानीय तहका अधिकार क्षेत्रभित्र आधारभूत

र माध्यमिक शिक्षा सञ्चालन गर्न सक्ने हुँदा आफ्नो गाउँपालिकाभित्र एक प्राविधिक धारको विद्यालय सञ्चालन गरी व्यवस्थापन गर्न सक्ने र उक्त प्राविधिक विद्यालय सञ्चालन गर्न प्राविधिक विद्यालयहरूमा व्यवस्थापनका लागि अनुदान २०७६ समेत प्रदेश सरकारले कार्यविधि बनाएको वर्तमान परिप्रक्षमा यस गाउँपालिकाले भने अहिलेसम्म प्राविधिक धारका विद्यालयहरू सञ्चालन गर्ननसकिरहेको अवश्था छ तथापी पनि शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयको तथा प्राविधिक सीप विकास तालिम परिषदको प्राविधिक विद्यालय स्थापनार्थ बनाइएको सहज नीति अनुरुप एक गाउँपालिका एक प्राविधिक विद्यालयको स्थापनाका लागि माध्यमिक तह सञ्चालित विद्यालयहरू प्रक्रिया पुर्याउन नियम, नीति, निर्देशिकाको खोजी गरी सबैलाई सहज हुने विद्यालयमा सञ्चालन गर्नुपर्छ भन्ने मानसिकतामा अगाडि बढेको अवश्था छ।

### ३.४.३ प्राविधिक तथा व्यावसायिक शिक्षामा देखिएका चुनौतीहरू

- प्राविधिक तथा व्यावसायिक शिक्षा धारको कक्षा सञ्चालन, सम्बन्धन र अनुमति लिन,
- भौतिक पूर्वाधार विकास गर्न,
- प्राविधिक तथा व्यावसायिक धारको जनशक्ति व्यवस्थापन गर्न,
- प्राविधिक तथा व्यावसायिक शिक्षाको महत्त्वबोध गराउन,
- प्राविधिक तथा व्यावसायिक शिक्षाको प्रत्याभूति दिलाउन,
- प्राविधिक तथा व्यावसायिक शिक्षा धारको सफल सञ्चालनका लागि आर्थिक व्यवस्थापन गर्न।

### ३.४.४ उद्देश्यः

- प्राविधिक तथा व्यावसायिक शिक्षा धार सञ्चालित शिक्षालयको संस्थागत विकास तथा सुदृढीकरण गर्नु।
- प्राविधिक तथा व्यावसायिक शिक्षा धारको पूर्वाधार विकास गरी सक्षम जनशक्तिको उत्पादन गर्नु।
- प्राविधिक तथा रोजगारमूलक आत्मनिर्भर जनशक्ति निर्माण गर्नु।

### ३.४.५ रणनीति

- उपयुक्त भौतिक पूर्वाधार र आवश्यक जनशक्ति व्यवस्थापन गर्ने,
- कुनै एक सामुदायिक विद्यालयलाई IT Hub को रूपमा विकास गर्न सम्बन्धित निकायमा पहल गर्ने,
- स्नातक तहको प्राविधिक तथा व्यावसायिक शिक्षा व्यवस्थापन गर्न सम्बन्धित निकायमा पहल गर्ने,
- उत्पादित जनशक्तिको गुणस्तर कायम गर्न सिकाइलाई व्यवहारिक र परिमाणमुखी बनाई अनुगमन र मूल्याङ्कनका मापदण्डहरू प्रभावकारी बनाउने,
- प्राविधिक तथा व्यावसायिक शिक्षा सञ्चालनार्थ आर्थिक स्रोत जुटाउने,
- प्राविधिक धारको पढाइलाई आय आर्जनसँग जोड्ने,
- प्राविधिक शिक्षाका लागि आवश्यक पर्ने सिकाइ सामग्रीहरूको विकास गरी वेबसाइटमा राख्ने।

### ३.४.६ उपलब्धि, नतिजा तथा प्रमुख क्रियाकलापहरू

**उपलब्धि**

- सुरक्षित र उपयुक्त भौतिक पूर्वाधारसहितको प्राविधिक तथा व्यावसायिक शिक्षा अध्ययन गर्ने अवसर हुने।

- प्राविधिक तथा व्यावसायिक शिक्षाप्रति तल्ला कक्षाका विद्यार्थी र अभिभावकहरूमा समेत रुचि र आकर्षण पैदा भएको हुने ।
- रोजगारउन्मुख र आत्मानिर्भर जनशक्ति तयार भएको हुने ।

**नतिजा**

- प्राविधिक तथा व्यावसायिक शिक्षा धार सञ्चालित शिक्षालयको संस्थागत विकास तथा सुदृढीकरण भएको हुने छ
- प्राविधिक तथा व्यावसायिक शिक्षा धारको पूर्वाधार विकास गरी सक्षम जनशक्तिको उत्पादन भएको हुने छ ।
- प्राविधिक रोजगारमूलक तथा आत्मनिर्भर जनशक्ति निर्माण भएको हुने छ ।

**नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्र.सं. | सूचक | आधार वर्ष (२०८१/८२) | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ |
|---|---|---|---|---|---|---|---|
| १ | प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम प्रदान गर्ने विद्यालय सङ्ख्या | १ | ० | ० | ० | १ | ० |
| २ | माध्यमिक तहमा प्राविधिक शिक्षा तथा व्यावसायिक तालिममा भर्ना भएका विद्यार्थी सङ्ख्या | 0 | 0 | | | | |
| ३ | सामुदायिक विद्यालयलाई IT Hub को रूपमा विकास | ० | ० | ० | १ | ० | ० |
| ४ | उपयुक्त भौतिक पूर्वाधार र आवश्यक जनशक्ति व्यवस्थापन | ० | १ | १ | १ | १ | १ |

## प्राविधिक तथा व्यावसायिक शिक्षाका प्रमुख क्रियाकलाप तथा लक्ष्य

| क्र.सं | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | |
| १ | विद्यार्थी र अभिभावक लक्षित प्राविधिक र व्यावसायिक शिक्षाप्रति सचेतना विस्तार कार्यक्रम | पटक | २ | २ | २ | २ | २ | १० | |
| २ | प्राविधिक तथा व्यावसायिक शिक्षा विकासका लागि प्रयोगशाला/सामग्री | विद्यालय | ० | - | - | १ | - | १ | |
| ३ | IT Hub स्थापना गर्न सामुदायिक विद्यालयको सम्भाव्यता अध्ययन | विद्यालय | ० | १ | - | १ | - | २ | |
| ४ | IT Hub पूर्वाधार तयारी र स्थापना | विद्यालय | - | - | १ | - | ० | १ | |
| ५ | प्राविधिक तथा व्यावसायिक धारअन्तर्गत थप कार्यक्रम सञ्चालन गर्न संस्थागत विकास तथा सुदृढीकरण | विद्यालय | - | ० | ० | १ | ० | १ | |
| ६ | प्राविधिक धारको प्रोत्साहनका लागि पढ्दै कमाउदै कार्यक्रम | विद्यालय | ० | १ | १ | २ | २ | २ | |
| ७ | कार्यरत शिक्षकहरूका लागि प्रविधिमैत्री तालिम कार्यक्रम | पटक/ सङ्ख्या | १ | १ | १ | १ | १ | ५ | |
| ८ | पालिकाभित्रका प्राविधिक धारबाट उत्पादित जनशक्तिलाई रोजगारी | सङ्ख्या | ० | ५ | ५ | ५ | ५ | २५ | |
| ९ | स्नातक तहको प्राविधिक तथा व्यावसायिक शिक्षा व्यवस्थापन | विद्यालय | ० | ० | ० | ० | १ | १ | |
| १० | प्राविधिक विषयमा १०+२ तहका कक्षा सञ्चालन | बिद्यालय | ० | ० | १ | ० | १ | २ | पहल गर्ने |

## ३.५ अनौपचारिक शिक्षा तथा आजीवन सिकाइ

### ३.५.१ परिचय

अनौपचारिक शिक्षा औपचारिक शिक्षाको जननी हो । विभिन्न माध्यम र किसिमले जीवनोपयोगी ज्ञान र सीप हासिल गरेर समाजमा आफ्नो उपस्थितिलाइ सशक्त बनाउन उपयुक्त शिक्षा अनौपचारिक र औपचारिक माध्यमबाट आर्जन गर्नुपर्ने हुन्छ । समूदायले विभिन्न योग्यता, क्षमता, सामाजिक, आर्थिक, सांस्कृतिक तथा धार्मिक विविधता सम्मिश्रणको प्रतिनिधित्व गर्छन् । औपचारिक शिक्षाको निश्चत समयावधिमा हासिल गरेको ज्ञान र सीपले मात्र मानव जीवनलाई सार्थक बनाउन सक्दैन । अनौपचारिक शिक्षाको दायरा र अपरिहार्यताको आधारमा यसको गरिमा बढाउन राज्यको लगानी तथा ध्यान पर्याप्त नभएको वास्तविकता हो । जीवन पर्यन्त सिकाईको अवधारणा नेपालमा जीवनपर्यन्त सिकाईलाई आधिकारिक रुपमा परिभाषित नगरिएको भए पनि सरकारी नीति तथा योजनालाई आधार मान्दा जीवनपर्यन्त सिकाइ, अनौपचारिक र औपचारिक शिक्षाका माध्यमबाट जीवनभर गरीने सिकाइ हो ।

### ३.५.२ वर्तमान अवस्था

अनौपचारिक तथा आजीवन सिकाइले शैक्षिक क्षेत्रमा महत्वपूर्ण भूमिका रहेको छ । नेपालमा अनौपचारिक शिक्षा विकासमा धेरै प्रयासहरू भइरहेका छन् । विशेष गरी विद्यालय क्षेत्र विकास कार्यक्रम (SSDP) कार्यान्वयन अवधिमा अनौपचारिक शिक्षा तथा जीवनपर्यन्त सिकाइअन्तर्गत निरन्तर शिक्षा तथा साक्षरता कार्यक्रमहरूमा पहुँचको वृद्धि भएको र साक्षरता तथा जीवनपर्यन्त सिकाइ कार्यक्रममा सुधार हुने नतिजाको अपेक्षा गरिएको छ । मिक्लाजुङ गाउँपालिकाका अन्तर्गत शिक्षा शाखाले अनौपचारिक शिक्षा तथा जीवनपर्यन्त सिकाइको योजना निर्माण तथा कार्यान्वयनमा समन्वय र सहजीकरण गर्ने जिम्मेवारी रहेको छ । मिक्लाजुङ गाउँपालिकामा अनौपचारिक शिक्षा तथा जीवनपर्यन्त सिकाइसम्बन्धी कार्य गर्न हाल ५ वटा सामुदायिक सिकाइ केन्द्र (Community Learning Center- CLC) हरू स्थापना भएका छन् । निरन्तर सिकाइका लागि सामुदायिक सिकाइ केन्द्रलाई जिम्मेवार बनाउने सरकारको नीति रहेको छ । यस नगरपालिकामा कक्षा ८ पास गरेर बिचैमा विद्यालय छोड्नेका लागि कक्षा १० को पढाइ पूरा गर्न एउटा खुल्ला विद्यालय यस पालिकामा आवश्यक रहेको देखिएको छ जसले निरन्तर सिकाइ सञ्चालन गर्नेछ ।

### ३.५.३ अवसर तथा चुनौती

**अवसर**

- पाँच वटा सामुदायिक सिकाइ केन्द्रहरू सूचना केन्द्रको रूपमा स्थापना हुनु,
- वडा शिक्षा समिति गठन भई सक्रिय हुनु,
- साक्षरता, निरन्तर सिकाइ तथा आयमूलक सिपसँगै समय सापेक्ष कक्षाहरू सञ्चालन हुनु,
- अनौपचारिक शिक्षा तथा आजीवन सिकाइको सहज र सर्वसुलभ पहुँच वृद्धि गर्नु,
- पाठ्यक्रम, पाठ्यपुस्तक तथा थप सिकाइ सामग्रीहरूको विकास गर्नु,
- साक्षर व्यक्तिहरूलाई निरन्तर शिक्षाको कार्यक्रम दिनु,
- साक्षरता कार्यक्रममा सहभागी भएका व्यक्तिहरूले सिकेका ज्ञान र सिपलाई रोजगारसँग जोड्नु,
- साक्षर भएकाहरूले निरन्तर सिपको प्रयोग र अभ्यास गर्नु,
- शैक्षिक सत्र पूरा नगरी बिचैमा छोड्ने र नियमित नहुने बालबालिकाको सङ्ख्या समेत क्रमशः बढ्नु ।

**चुनौती**

- अनौपचारिक शिक्षा तथा आजिवन सिकाईका लागि मापदण्ड नबनाउनु,
- पाठ्यक्रम, पाठ्यपुस्तक तथा थप सिकाई सामाग्रीहरू विकास गर्न नसक्नु,
- व्यक्तित्व विकासका लागि सामूदायिक सूचना केन्द्र, घुम्ती पुस्तकालय स्थापना र प्रवर्धन गर्न नसक्नु,
- अनौपचारिक शिक्षा तथा आजिवन सिकाइको सहज र सर्वसुलभ पहुँच सुनिश्चित गर्न
- साक्षरता, निरन्तर सिकाई, आयमुलक सीपसँगै समय सापेक्ष सूचना प्रविधियुक्त साक्षरता कक्षा सञ्चालन गर्न,
- मौलिक तथा परम्परागत सस्कृतिको पहिचान, संरक्षण र प्रवर्धन गर्न,
- सामूदायिक सिकाई केन्द्रहरू प्रविधिमैत्री नहुनु,
- सहजकर्ताको क्षमता विकासका कार्यक्रमहरू सञ्चालन नहुनु।

### ३.५. ४ उद्धेश्य

यस योजनाले अनौपचारिक शिक्षा तथा आजीवन सिकाई सम्बन्धी निम्नलिखित उद्देश्यहरू राखेको छः

- निरक्षर व्यक्तिलाई साक्षर बनाउनु।
- अनौपचारिक शिक्षालाई आयमूलक तथा सिप केन्द्रित बनाउनु।
- विद्यालयबाहिर रहेका र बिचैमा विद्यालय छोड्ने बालबालिकालाई अनौपचारिक शिक्षामार्फत विद्यालय शिक्षाको मूल प्रवाहमा समाहित गर्नु।
- विद्यालय शिक्षावाट वञ्चित रहेका र विशेष क्षमता भएका व्यक्तिको लागि व्यवाहारिक तथा सिपमूलक शिक्षा प्रदान गर्नु।
- औपचारिक तथा अनौपचारिक शिक्षाबिच अन्तरसम्बन्ध स्थापना गर्नु,
- सामुदायिक सिकाइ केन्द्रको स्थापना विकास र विस्तार गर्नु।

### ३.५.५ रणनीति

- निरक्षर व्यक्तिका लागि साक्षरता कक्षा सञ्चालन गर्ने।
- अनौपचारिक तथा जीवनपर्यन्त शिक्षा सञ्चालन गर्न सङ्घसंस्थाबिच समन्वय गर्ने।
- अनौपचारिक शिक्षा अन्तर्गत आयमूलक तथा अल्पकालीन सिपप्रदायक तालिम सञ्चालन गर्ने।
- स्थानीय परिवेश र आवश्यकताअनुसार आय आर्जनको कार्यक्रम सञ्चालन गर्ने।
- सिप सिकेकाहरूलाई काम गर्न आर्थिक स्रोत जुटाउने कार्यक्रम सञ्चालन गर्ने।
- बिचमा विद्यालय छोड्ने दरमा न्यूनीकरण गर्ने।
- महिला तथा पिछडिएका लक्षित समूहका प्रौढहरूलाई जीवनोपयोगी सिपको विकास गरी सिकाइमा निरन्तर सहयोग पुर्याउने।
- सामुदायिक सिकाइ केन्द्र, विद्यालय, नागरीक समाज, सञ्चार माध्यम तथा अभिभावक लगायत अन्य साझेदारहरू परिचालन गरी साक्षर कक्षा सञ्चालन गर्ने।
- पठन संस्कृतिको विकासका लागि सामुदायिक अध्ययन केन्द्र, विद्युतीय पुस्तकालय तथा सामुदायिक वाचनालयको स्थापना, विस्तार तथा स्तरीकरण गरी सिकाइ स्रोत केन्द्रको रूपमा विकास गर्ने।

- मौलिक एवं परम्परागत ज्ञान सिपको पहिचान, संरक्षण, संवर्धन, आधुनिकीकरण एवं हस्तान्तरण सम्बन्धी कार्यक्रम सञ्चालन गर्ने ।

### ३.५. ६. उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य

**उपलब्धि**

- सबै नागरिकका लागि साक्षरता, निरन्तरता शिक्षा र जीवन पर्यन्त, जीवनोपयोगी सिकाईको अवसर प्राप्त हुने ।
- १५ देखि २४ वर्षको साक्षरता १०० प्रतिशत पुगेको हुने ।
- विद्यार्थीले बिचमा विद्यालय छोड्ने दर शून्य प्रतिशत पुगेको हुने ।

**प्रमूख नतिजाहरू**

- साक्षर मिक्लाजुङ गा.पा.को रुपमा विकास हुने ।
- विद्यालयबाहिर रहेका र बिचैमा विद्यालय छोड्ने बालबालिकालाई अनौपचारिक शिक्षामार्फत विद्यालय शिक्षाको मूल प्रवाहमा समाहित भएका हुनेछन् ।
- अनौपचरिक शिक्षा तथा आजीवन सिकाइको व्यवस्थापनका लागि आवश्यक संरचनागत व्यवस्था तयार भई कार्य सञ्चालन हुनेछ ।
- सामूदायिक सिकाइ केन्द्रको विकास र विस्तार हुनेछ ।
- अनौपचारिक तथा आजीवन सिकाई सम्बन्धि अवधारणा पत्र तयार हुनेछ ।
- स्थानीय माग र आवश्यकताका आधारमा रोजगारीमूलक अनौपचारिक पाठ्यक्रम तयार हुनेछ ।

**नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्र.सं. | सूचक | आधार वर्ष (२०८१/८२) | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ |
|---|---|---|---|---|---|---|---|
| १ | भाषिक तथा गणितीय साक्षरता सिप (पन्ध्र वर्षभन्दा माथि) (%) | ८२.९ | ८४ | ८७ | ९० | ९३ | ९६ |
| २ | आधारभूत सुविधासम्पन्न सामुदायिक सिकाइ केन्द्रको सङ्ख्या | ० | २ | २ | १ | ० | ० |
| ४ | सामुदायिक पुस्तकालयको सङ्ख्या | ० | १ | ० | ० | ० | ० |

**प्रमूख क्रियाकलापहरू तथा लक्ष्य**

| क्रस | प्रमूख क्रियाकलापहरू | इकाई | भौतिक लक्ष्य (पहिलो ५ वर्ष) | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | |
| १ | निरक्षरहरूको विवरण सङ्कलन | पटक | १ | १ | १ | १ | १ | गाउँपालिका |
| २ | अनौपचारिक शिक्षा तथा जीवनोपयोगी सिकाइको अभिमुखीकरण | पटक | १ | १ | १ | १ | १ | गाउँपालिका |
| ३ | साक्षरता र निरन्तर शिक्षा सम्बन्धी कार्यक्रम | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | गाउँपालिका |
| ४ | विद्यालय शिक्षाभन्दा बाहिर रहेको समूहलाई वैकल्पिक शिक्षाको व्यवस्था | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | गाउँपालिका/बिद्यालय |
| ५ | सामुदायिक सिकाइ केन्द्रको वार्षिक परीक्षण र समीक्षा कार्यक्रम | पटक | १ | १ | १ | १ | ५ | |
| ६ | सामुदायिक सिकाइ केन्द्र सञ्चालन तथा व्यवस्थापन सहयोग | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | गाउँपालिका |
| ७ | सामुदायिक सिकाइ केन्द्र परिचालकको क्षमता विकास तालिम | पटक | १ | १ | १ | १ | १ | |
| ८ | माध्यमिक तहका विद्यार्थीलाई निरन्तर सिकाइ कार्यक्रममा परिचालन गर्ने | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | सा.सि.के. |
| ९ | प्रस्तावनाका आधारमा सामुदायिक सिकाइ केन्द्रलाई साक्षरता र आयआर्जन कार्यक्रम | पटक | आवश्कताअनुसार | | | | | |
| १० | निरन्तर सिकाइका लागि सूचना प्रविधि सहितका सिकाइ केन्द्रको स्थापना | सङ्ख्या | १ | २ | २ | ० | ० | |

# परिच्छेद ४ : अन्तर सम्बन्धित क्षेत्रहरू

## ४.१ पाठ्यक्रम, पाठ्यपुस्तक, सिकाइ सामग्री तथा मूल्याङ्कन

### ४.१.१ परिचय

उद्देश्य, विषयवस्तु, सिकाइ सहजीकरण प्रक्रिया र मूल्याङ्कन प्रक्रिया सहितको विस्तृत योजनाको दस्तावेज नै पाठ्यक्रम हो। पाठ्यक्रमलाई पूर्णता दिन र कार्यान्वयन गर्नका लागि आवश्यक पर्ने नै पाठ्यसामग्री हुन। त्यसैगरी पठन पाठन साथसाथै पाठ्यक्रम बाहेकका विद्यालयमा गरिने क्रियाकलापलाई अतिरिक्त क्रियाकलाप भनिन्छ। मिक्लाजुङ गाउँपालिका अन्तर्गतका ५६ सामुदायिक विद्यालय र ८ वटा संस्थागत विद्यालयमा नेपाल सरकारले स्वीकृत पाठ्यक्रम कार्यन्वयन भै रहेको छ भने स्थानीय पाठ्यक्रमको हकमा केही सामुदायिक विद्यालयमा मातृभाषा शिक्षण र अन्य विद्यालयमा विषय शिक्षकद्वारा निर्मित पाठ्यक्रम पठन पाठन भैरहेको छ। केही माध्यमिक विद्यालयहरूमा पुस्तकालय र इन्टरनेट व्यवस्था भएको केही माध्यमिक विद्यालयहरूमा कम्प्युटर ल्याब र सबै विद्यालयहरूमा पुस्तक कुना (बूक कर्नर) को व्यवस्था गरिएको भएतापति पर्याप्त मात्रा र समय सापेक्ष अध्यावधिक सहितका पाठ्यसामाग्री अभाव विद्यामान छ। त्यस्तै अतिरिक्त क्रियाकलाप आंशिक रुपमा हुने गरेको।

स्थानीय तहको नेतृत्व र सहभागिताका अधारमा स्थानीय तहमै प्राविधिक तथा आर्थिक स्रोत परिचालन गरी मातृभाषा तथा स्थानीय ज्ञान, सीप र प्रविधिमा आधारित विषयवस्तुको चयन, व्यवस्थापन र कार्यान्वयन गरिनुलाई स्थानीय आवश्यकतामा आधारित शिक्षाको रुपमा लिईन्छ। निर्धारित सिकाई उपलब्धिहरू, प्राप्तिका लागि विद्यार्थीहरूलाई विभिन्न अनुभवहरू हासिल गराउन निश्चित दिशा दिने कार्यक्रम नै पाठयक्रम हो।

### ४.१.२ वर्तमान अवस्था

मिक्लाजुङ गाउँपालिकाले हालसम्म नेपाल सरकारबाट स्विकृत पाठयक्रम लागू गर्दै आएको सर्वविदितै छ। पाठयक्रम विकास केन्द्रको संरचनाको निरन्तरतासँगै विद्यालय तहको पाठयक्रम विकास, सुधार तथा अध्यावधिक गर्ने कार्य केन्द्रद्धारा भईरहेको सन्दर्भमा विद्यालय तहको शिक्षाको मार्गदर्शक दस्तावेजका रुपमा वि.सं. २०६३ मा राष्ट्रिय पाठयक्रम प्रारुप तयार गरी सोहीअनुसार पाठयक्रम विकास तथा कार्यन्वयन गर्ने परिपाटी सुरु गरीयो। यसै क्रममा वि.सं. २०७६ मा नयाँ पाठयक्रम प्रारुप तयार भई सो विद्यालय शिक्षाको राष्ट्रिय पाठयक्रम प्रारुप, २०७६ कार्यन्वयन गर्ने क्रममा विद्यालय तहमा नयाँ पाठयक्रम विकास गरी वि.सं. २०७७ सालदेखि कक्षा १ र ११ मा कार्यन्वयन सुरु भएको छ, भने वि.सं. २०८० सम्ममा विद्यालय तहको सबै कक्षाहरू अर्थात कक्षा १-१२ मा यो पाठयक्रम कार्यान्वयन भई रहेको छ।

मिक्लाजुङ गाउँपालिकामा शैक्षिक सत्र २०७८ सालसम्ममा कक्षा १- ८ को स्थानीय पाठ्यक्रम निर्माण गरी शैक्षिक सत्र २०७९ सालसम्ममा स्थानीय विषयको पाठ्यक्रम विकास गरी लागु गरिएको छ। स्थानीय विषयले यस गाउँपालिकाको समग्रता झल्काउन मद्धत पुर्याई बालबालिकालाई आफ्नो पालिकासँग परिचित हुन सहयोग पुर्याउने अपेक्षा राखिएको छ।

स्थानीय पाठ्यक्रममा विद्यालय तहको पाठ्यक्रमलाई सान्दर्भिक तथा प्रभावकारी बनाउन कक्षा १–८ मा अन्तरसम्बन्धित विषयवस्तुलाई एकिकृत गरीएको, व्यवहार कुशल तथा जीवनोपयोगी सिपहरू समावेश हुनेगरी सिकाइ क्रियाकलाप तर्जुमा गर्ने रणनीति लिइएको, आधारभूत तहमा स्थानीय कला, संस्कृति, जातजाति, धर्म, परम्परा भाषा, इतिहास, सिप तथा ज्ञानमा आधारित स्थानीय पाठ्यक्रम स्थानीय तहले विकास गरी कार्यान्वयन गर्नुपर्ने र सबै कक्षाका विषयवस्तुलाई यथासम्भव

स्थानीय परिवेश तथा दैनिक जीवनसँग सम्बन्धित गराई सिकाइ क्रियाकलाप गर्नुपर्ने व्यवस्था गरीएकोमा मिक्लाजुङ गाउँपालिकाले सो कुरालाई मध्यनजर गरि स्थानीय पाठ्यक्रम कार्यदल निर्माण गरेर अगाडी बढेको छ ।

आधारभूत तह कक्षा १-३ मा एकीकृत पाठ्यक्रमको मापदण्ड अनुसार मूल्याङ्कन प्रणाली मार्फत उदार कक्षोन्नति नीति, आधारभूत तह ४-५ मा ५० प्रतिशत निर्णयात्मक र ५० प्रतिशत निर्माणात्मक मूल्याङ्कन प्रणली अपनाइएको छ । आधारभूत तह कक्षा ६-८ मा ५० प्रतिशत निर्णयात्मक र ५० प्रतिशत निर्माणात्मक मूल्याङ्कन प्रणाली अपनाइएको छ । आधारभूत तहको कक्षा ७ सम्म निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणाली अपनाइएको छ । कक्षा ८ को वार्षिक परीक्षा पालिका स्तरीय हुने गरेको छ भने कक्षा १० र १२ को अन्तिम परीक्षा राष्ट्रिय परीक्षा बोर्डको निर्देशन अनुरुप हुने गरेको छ ।

### ४.१.३ अवसर तथा चुनौती

**अवसर:**

- प्रारम्भिक कक्षाहरूमा आवश्यकताअनुसार मातृभाषा, स्थानीय भाषा र बहुभाषाको प्रयोग हुनु,
- स्थानीय पाठ्यक्रम विकास तथा अद्यावधिक कार्यलाई अनुसन्धानमा आधारित बनाइनु,
- स्थानीय पाठ्यक्रम तथा पाठ्यसामग्री विकासका लागि क्षमता विकास गरिनु,
- स्थानीय पाठ्यक्रमको कार्यान्वयन हुनु,
- पठनसिप सम्बन्धी शिक्षण सिकाइ सामग्री तथा सन्दर्भ सामग्रीहरूको विकास हुनु ।

**चुनौती:**

- सिकाइ सहजीकरण र मूल्याङ्कनमा सूचना प्रविधिको प्रयोग गर्न,
- अपाङ्गतामैत्री पाठ्यपुस्तक तथा कार्य पुस्तिकाको प्रयोग गर्न,
- शिक्षक निर्देशिकाको वितरण र पूर्ण रूपमा प्रयोग गर्न,
- पाठ्यक्रमद्वारा निर्दिष्ट मूल्याङ्कन प्रक्रिया प्रयोग गर्न ।

### ४.१.४ उद्देश्य

- पाठ्यक्रम तथा पाठ्यपुस्तक प्रभावकारी कार्यान्वयन गर्नु ।
- विद्यालय तहमा तोकिएको पाठ्यक्रमलाई पूर्ण रुपमा कार्यान्वयन गर्नु ।
- स्थानीय परिवेश बमोजिम तोकिएका तहमा स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयन गर्नु ।
- पाठ्यक्रम तथा शैक्षिक सामग्रीहरूको विकास तथा व्यवस्थापनमा क्षमता विकासमा सुधार ल्याउनु ।
- आवधिक तथा स्तरीकृत मूल्याङ्कन पद्धतिको व्यवस्था गर्नु ।
- अपाङ्गतामैत्री सामग्रीको विकास एवं प्रबन्ध गर्नु ।

### ४.१.५ रणनीति

- पाठ्यक्रम प्रबोधीकरण गरी शिक्षकको पेसागत सक्षमता विकासमा सहयोग गर्ने ।
- अपाङ्गतामैत्री सामग्री निर्माण, खरिद र प्रयोगमा जोड दिने ।
- स्थानीय पाठ्यक्रम/पाठ्यपुस्तक विकास तथा कार्यान्वयन प्रक्रियालाई अद्यावधिक गर्ने ।

- स्थानीय विषयवस्तु सापेक्ष परियोजना कार्य मार्फत सिकाइमा जोड दिने।
- निरन्तर, आवधिक तथा स्तरीकृत मूल्याङ्कन प्रणालीलाई कार्यान्वयन गर्ने।

### ४.१.६ प्रमुख उपलब्धी तथा नतिजा र प्रमुख क्रियाकलाप

**उपलब्धी**

- स्थानीय पाठ्यक्रम तथा पाठ्यपुस्तकको मूल्याङ्कन प्रणाली प्रभावकारी भई दैनिक जीवनका लागि आवश्यक व्यवहारकुशल तथा जीवनोपयोगी सिपहरू समावेश हुने।
- स्थानीय कला, संस्कृति, भाषा, इतिहास, परम्पराको ज्ञान तथा सिप विकास हुने।
- सकारात्मक सोच भएको, निरन्तर सिकाइप्रति प्रतिबद्ध र रोजगार उन्मुख नागरिक तयार गर्ने।
- आधारभूत तहमा स्थानीय पाठ्यक्रम तथा पाठ्यपुस्तक निर्माण हुने।
- राष्ट्रिय तथा स्थानीय पाठ्यक्रमको प्रबोधीकरण भएको हुने।
- अपाङ्गता भएका विद्यार्थीहरूलाई आवश्यक सहजीकरण सामग्रीको प्रबन्ध हुने।
- पाठ्यक्रम निर्दिष्ट मूल्याङ्कन प्रक्रियाको प्रभावकारिता सुनिश्चित हुने।

**नतिजा**

- पाठ्यक्रमको प्रभावकारी कार्यान्वयन भएको हुने छ।
- सिकाइलाई दैनिक जीवनसँग जोड्दै विषयवस्तुलाई अन्तरसम्बन्धित गरिने छ।
- स्थानीय पाठ्यक्रममार्फत सक्षम, सिर्जनशील तथा स्थानीय परिवेशसंग परिचित नागरिक तयार भएको हुने छ।
- आवधिक तथा स्तरीकृत मूल्याङ्कन पद्धतिको व्यवस्था भएको हुने छ।
- अपाङ्गतामैत्री सामग्रीको विकास एवं प्रबन्ध भएको हुने छ।

**नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्र.सं. | सूचक | आधार वर्ष (२०८१/८२) | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ |
|---|---|---|---|---|---|---|---|
| १ | एकीकृत पाठ्यक्रम लागुगरेका विद्यालय सङ्ख्या | ५६ | ५६ | ५६ | ५६ | ५६ | ५६ |
| २ | परीक्षामा स्तरीकृत प्रश्न प्रयोग गर्ने विद्यालय सङ्ख्या | ५६ | ५६ | ५६ | ५६ | ५६ | ५६ |
| ३ | स्थानीय भाषामा कक्षा सञ्चालन गर्ने विद्यालय | | | | | | |
| ४ | निरन्तर विद्यार्थी | ५६ | ५६ | ५६ | ५६ | ५६ | ५६ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | मूल्याङ्कन गर्ने विद्यालय | | | | | | |
| ५ | बालमैत्री कक्षाकोठा व्यवस्थापन र सामग्री प्रयोग गर्ने विद्यालय सङ्ख्या | ५ | १५ | ३० | ६ | ५६ | ५६ |
| ६ | स्थानीय पाठ्यक्रम सहितको पाठ्यपुस्तक २०८० कक्षा १ देखि कक्षा ८ सम्म कार्यान्वयन | ५६ | ५६ | ५६ | ५६ | ५६ | ५६ |
| ७ | आधारभूत तहमा अध्ययनरत सबै विद्यार्थीहरूको पहुँचमा स्थानीय पाठ्यक्रम सम्बद्ध पाठ्यसामग्री पुगेको | ५६ | ५६ | ५६ | ५६ | ५६ | ५६ |
| ८ | स्थानीय पाठ्यपुस्तक निर्माण तथा प्रबोधीकरण (सहभागी सङ्ख्या) | ५६ | ५६ | ५६ | ५६ | ५६ | ५६ |
| ९ | पाठ्यक्रमद्वारा निर्दिष्ट मूल्याङ्कन प्रक्रियाको निरन्तर अनुगमन र मूल्याङ्कन (प्रतिशत) | ५० | ६० | ७० | ८० | ९० | १०० |
| १० | अपाङ्गतामैत्री सहजीकरण सामग्रीको विकास तथा खरिद प्रतिशत | १५ | ५० | ७० | ८० | ९० | १०० |

**प्रमुख क्रियाकलाप तथा परिमाणात्मक लक्ष्य**

| क्र. सं. | प्रमुख क्रियाकलापहरू | एकाइ | भौतिक लक्ष्य ५ वर्ष | कैफियत |
|---|---|---|---|---|

| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | स्थानीय पाठ्यक्रम/पाठ्यपुस्त विकास र कार्यान्वयन | पटक | १ | १ | १ | १ | १ | ५ | |
| २ | स्थानीय पाठ्यपुस्तक विकास र वितरण | विद्यालय | ५६ | ५६ | ५६ | ५६ | ५६ | ५६ | |
| ३ | पाठ्यक्रम सम्बन्धी प्रवोधिकरण कार्यक्रम | पटक | ५६ | ५६ | ५६ | ५६ | ५६ | ५६ | |
| ४ | थिमगत मूल्याङ्कन र आन्तरिक तथा बाह्य मूल्याङ्कन लागु | विद्यालय | ५६ | ५६ | ५६ | ५६ | ५६ | ५६ | |
| ५ | पाठ्यक्रम तथा शिक्षक निर्देशिकाको वितरण | विद्यालय | ५६ | ५६ | ५६ | ५६ | ५६ | ५६ | |
| ६ | वार्षिक रुपमा सिकाइ उपलब्धि विश्लेषणको प्रतिवेदन तयार र छलफल अन्तरक्रिया कार्यक्रम (विद्यालय तथा पालिका स्तरीय) | विद्यालय | ११ | २५ | ५६ | ५६ | ५६ | ५६ | |
| ७ | शिक्षण सुधार योजना तयार र कार्यान्वयन | विद्यालय | ११ | ३० | २५ | ५६ | ५६ | ५६ | |
| ८ | पाठ्यक्रम कार्यान्वयन सम्बन्धी समीक्षाका लागि घुम्ति शिक्षक बैठक सञ्चालन | पटक | १ | १ | १ | १ | १ | १ | |
| ९ | पालिका स्तरीय कक्षा ५ र ८ को परीक्षा सञ्चालन | पटक | १ | १ | १ | १ | १ | १ | |
| १० | कक्षाकोठामा आधारित कक्षा पढाइ तथा गणितीय सीप परीक्षण सञ्चालन | पटक | १ | १ | १ | १ | १ | १ | |
| ११ | विद्यालय तहको मूल्याङ्कन प्रक्रियाको अनुगमन तथा सहजीकरण | पटक | ३ | ३ | ३ | ३ | ३ | ३ | |

## ४.२. शिक्षक व्यवस्थापन तथा विकास

### ४.२.१ परिचय

शिक्षकलाई समाज परिवर्तनको संवाहकका रूपमा लिइन्छ र त्यसैले बदलिदो समय र परिस्थितिनुसार शैक्षिक क्षेत्रमा आमुल परिवर्तन गराउनका लागि शिक्षकको व्यवस्थापनमा विशेष ध्यान पुर्याउनु पर्दछ। यसका लागि शिक्षक व्यवस्थापन र विकास प्रभावकारी हुन आवश्यक छ।

वर्तमान अवस्थामा शिक्षक तयार पार्ने कामहरू विभिन्न विश्वविद्यालय तथा विद्यालयहरूले गरेका छन् । शिक्षक अध्यापन अनुमति पत्रको वितरण, परीक्षा सञ्चालन, शिक्षक पदपूर्तिका लागि परीक्षा सञ्चालन तथा नियुक्तिका लागि सिफारिस गर्ने र शिक्षक बढुवा सम्बन्धी काम शिक्षक सेवा आयोगले गर्दै आएको छ । यसै गरी अस्थायी, करार तथा राहत शिक्षकको रिक्त दरबन्दीमा शिक्षक नियुक्ति गर्ने , शिक्षकको कार्यसम्पादन मूल्याङ्कन गर्ने काम स्थानीय पालिकाहरूले गर्दै आएका छन् ।
यस योजनामा शिक्षाको गुणस्तर अभिवृद्धि गर्ने शिक्षण पेशालाई आकर्षक र पहिलो रोजाइको पेशाको रुपमा अभिवृद्धि गर्ने शिक्षण सिकाइलाई प्रभावकारी र गुणस्तरीय बनाउने, शिक्षकहरूको पेशागत विकासलाई अभिवृद्धि गर्ने, विद्यार्थीको सिकाइप्रति जिम्मेवार बनाउने, विद्यार्थी सङ्ख्याका आधारमा शिक्षक दरबन्दीको वितरण गर्ने, विषयगत शिक्षक पदको सञ्जाल निर्माण गर्ने कार्यलाई प्राथमिकता दिइनेछ । यसमा शिक्षक व्यवस्थापन तथा विकासको वर्तमान अवस्थाको समीक्षा तथा चुनौतीहरूका आधारमा शिक्षक व्यवस्थापन तथा विकासलाई प्रभावकारी र व्यवस्थित बनाउन कार्यक्रमका उद्देश्यहरू, रणनीतिहरू, कार्यक्रम कार्यान्वयनबाट हासिल हुने अपेक्षित नतिजा तथा क्रियाकलापहरू समावेश गरिएको छ ।

### ४.२.१. वर्तमान अवस्था

मिक्लाजुङ गाउँपालिकामा हालसम्म नेपाल सरकारबाट स्वीकृत पाठ्यक्रम लागु गरिँदै आएको व्यहोरा सर्वविदितै छ । शैक्षिक सत्र २०८२ सालसम्ममा कक्षा १-८ को स्थानीय पाठ्यक्रम तथा पाठ्यपुस्तक निर्माण गरी कार्यान्वयन गरिएको छ । स्थानीय विषयले यस गाउँपालिकाको समग्रता झल्काउन मद्दत पुर्याई बालबालिकालाई आफ्नो पालिकासँग परिचित हुन सहयोग पुर्याउने अपेक्षा राखिएको छ ।
नियमित रूपमा स्थायी नियुक्ति गर्ने कार्यको थालनीले शिक्षण पेशामा थप आकर्षण बढेको छ । वर्तमान अवस्थामा देशमा स्थायी, अस्थायी, राहत अनुदान, स्वयम्सेवक तथा निजी शिक्षकहरू छन् । यस गाउँपालिकाका सामुदायिक विद्यालयको कुल शिक्षक दरबन्दी सङ्ख्या २६८ रहेको छ । त्यस मध्ये २०० जना दरबन्दी र ६८ जना राहत/अनुदान शिक्षक कार्यरत रहेका छन् । त्यसैगरी यस गाउँपालिकामा जम्मा ६७ जना विद्यालय कर्मचारी रहेका छन् । हाल यस गाउँपालिकामा बालविकास तहदेखि माध्यमिक तह सम्मको जम्मा बालविकास शिक्षक कर्मचारीको सङ्ख्या ३५ रहेको छ ।
मिक्लाजुङ गाउँपालिकाको शिक्षक दरबन्दीको अवस्थाः

| क.स | तह | स्थायी | अनुदान/राहत | अस्थायी/अनुदान | जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | आधारभूत तह (१-५) | १५१ | २४ | | १७५ | |
| २ | आधारभूत तह (६-८) | ३७ | १३ | | ५० | |
| ३ | माध्यमिक तह (९-१०) | १२ | २० | | ३२ | |
| ४ | माध्यमिक तह (११-१२) | ० | ७ | | ७ | |
| ५ | माध्यमिक तह(११-१२) | | | २ | २ | प्रशिक्षक |
| ६ | निम्न माध्यमिक तह (६-८) प्राविधिक धार | | | २ | २ | प्रशिक्षक |
| | | २०० | ६४ | ४ | २६८ | |

*(स्रोत: मिक्लाजुङ गाउँपालिका शिक्षा शाखा २०८२)*

### ४.२.३ अवसर र चुनौती

#### अवसर

- स्थानीय सरकारले विद्यालय शिक्षाको जिम्मेवारी पाउनु,
- योग्य शिक्षकहरू उपलब्ध हुनु,
- स्थानीय शिक्षा ऐन (२०७९८)/नियम तयार गरी कार्यान्वयन गरिने व्यवस्था हुनु,
- विभिन्न सङ्घसंस्थाले शैक्षिक क्षेत्रमा काम गर्नु,
- विद्यालयहरूमा प्रविधिमैत्री वातावरण वृद्धि हुँदै जानु,
- शिक्षक पेशागत सहयोगको प्रणाली सुदृढ हुँदै जानु,
- पेशागत विकासको अवसर विस्तार हुनु,
- शिक्षकको कार्य सम्पादनलाई विद्यार्थीको सिकाइ उपलब्धिसँग जोड्नु,
- विद्यार्थी अनुपात र विषयगत आवश्यकताका आधारमा शिक्षक व्यवस्थापन हुनु।

#### चुनौती

- पर्याप्त विषयगत दरबन्दी नहुनु
- तहगत, योग्यता र तालिम भएका प्रधानाध्यापकका लागि पूर्ण रूपमा दरबन्दीको व्यवस्था गर्न,
- तहगत शिक्षक दरबन्दी मिलान र व्यवस्थापन गर्न,
- विद्यालयको सुपरिवेक्षण र अनुगमनमा प्राथमिकता दिन,
- शिक्षकलाई सेवा प्रवेश तालिमको व्यवस्था गर्न,
- तहगत र विषयगत आधारमा योग्य र तालिमप्राप्त शिक्षकको व्यवस्था गर्नु,
- प्राविधिक तथा व्यावसायिक विषयमा अध्यापन अनुमति-पत्र प्राप्त शिक्षक पाउनु ,
- शैक्षिक तथ्याङ्क व्यवस्थित पार्न,
- प्रविधियुक्त शिक्षण सिकाइलाई प्रयोगमा ल्याउन,
- शिक्षाको एकीकृत रूपमा बजेट विनियोजन गर्न
- संस्थागत रूपमा सञ्चालित विद्यालयका शिक्षकलाई तालिमको व्यवस्था गर्न।

### ४.२.४ उद्देश्य

- शिक्षकको पेसागत विकासलाई आवश्यकतामा आधारित बनाई गुणस्तर तथा सक्षमतामा सुधार गर्नु।
- विद्यालय सुपरिवेक्षण प्रणालीलाई आवश्यकता र मागमा आधारित बनाउनु।
- योग्य तथा सक्षम विषयगत शिक्षकको व्यवस्थापन गर्नु।
- सुपरिवेक्षण, शिक्षक तालिम तथा शिक्षक व्यवस्थापनमा प्रणालीगत सुधार गर्नु,
- शिक्षकलाई पुरस्कृत तथा सुधार नीतिलाई व्यवस्थित गर्नु।

### ४.२.५ रणनीति

- तालिम केन्द्रबाट तालिम प्रदान नगरिएका शिक्षकहरूलाई नगरपालिकाको तर्फबाट तालिम प्रदान गरिने छ।
- शिक्षकलाई पाठ्यक्रम तथा सूचना प्रविधि सम्बन्धी तालिम प्रदान गरी सञ्जालीकरण गरिने छ।
- शिक्षक मेन्टरिङ प्रक्रियालाई प्रभावकारी बनाइने छ।
- विज्ञ समूह (रोस्टर) परिचालन गरी विद्यालय सुपरिवेक्षण प्रक्रियालाई नियमित गरिने छ।
- शैक्षिक वर्षको सुरु वा अन्त्यमा दरबन्दी मिलान गरी शिक्षक व्यवस्थापन गरिने छ।
- लिडर मा.वि. स्तरीय प्र.अ. तथा रोस्टर शिक्षकहरूको संयन्त्र निर्माण गरिने छ।
- "शैक्षणिक प्रभावकारिता सूचक" निर्माण गरी कार्यान्वयन गरिने छ।
- शिक्षकहरूको सञ्जाल निर्माण गरी अनुभव आदान प्रदान गर्ने व्यवस्था मिलाइने छ।
- शिक्षकको कार्य सम्पादनमा सुधार ल्याई उत्कृष्ट शिक्षकलाई पुरस्कारको व्यवस्था गरिने छ।
- सबै प्रकृतिका शिक्षकको कार्यमूलक अनुसन्धान तथा कार्यसम्पादन प्रक्रियामा सुधार ल्याईने छ
- शिक्षकलाई विद्यार्थीको सिकाइ उपलब्धि वृद्धि गर्न प्रेरित गरिने छ।
- शिक्षक आचारसंहिता प्रभावकारी रूपमा कार्यान्वयन गरिने छ।

### ४.२.६. उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य

#### उपलब्धि

- प्रविधिमैत्री, सक्षम र अभिप्रेरित शिक्षकको व्यवस्था भई विद्यार्थीको सिकाइ क्षमतामा सुधार हुने।
- अभिभावक, विद्यार्थी र विद्यालयबिच सु-सम्बन्ध स्थापित भई विद्यालयमा सुशासन र शैक्षिक गुणस्तर कायम भएको हुने ।

#### नतिजा

- शिक्षकको पेसागत विकासलाई आवश्यकतामा आधारित बनाई गुणस्तर तथा सक्षमतामा सुधार हुने छ।
- विद्यालय सुपरिवेक्षण प्रणालीलाई आवश्यकता र मागमा आधारित बनाइने छ ।
- विद्यालयमा योग्य तथा सक्षम विषयगत शिक्षकको व्यवस्था भएको हुने छ ।
- सुपरिवेक्षण, शिक्षक तालिम तथा शिक्षक व्यवस्थापनमा प्रणालीगत सुधार भएको हुने छ।
- शिक्षक पुरस्कार तथा सुधार कार्य व्यवस्थित भएको हुने छ ।

**नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्रसं | सूचक | आधार वर्ष (२०८१/८२) | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ |
|---|---|---|---|---|---|---|---|
| १ | प्रारम्भिक बालविकास तथा | ४५ | ४८ | ५० | ५५ | ५५ | ५५ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | शिक्षामा कार्यरत तोकिएको योग्यता प्राप्त शिक्षक तथा सहजकर्ता सङ्ख्या | | | | | | |
| २ | आधारभूत तहमा कार्यरत तोकिएको योग्यता प्राप्त शिक्षक (%) | १०० | १०० | १०० | १०० | १०० | १०० |
| ३ | माध्यमिक तह (कक्षा ९-१२) मा कार्यरत न्यूनतम योग्यता तथा तालिम प्राप्त शिक्षक (%) | १०० | १०० | १०० | १०० | १०० | १०० |
| ४ | सूचना तथा प्रविधिसम्बन्धी न्यूनतम सक्षमता भएका शिक्षक (%) | २५ | ३५ | ४५ | ५५ | ६५ | ७५ |
| ५ | शिक्षक पेसागत सहयोग प्रणाली (Coaching and Mentoring) लागु भएका विद्यालय | आवश्यकता अनुसार | आवश्यकता अनुसार | आवश्यकता अनुसार | आवश्यकता अनुसार | आवश्यकता अनुसार | आवश्यकता अनुसार |
| ६ | विद्यालयमा सुशासन र शैक्षिक गुणस्तर कायम गर्न सरोकारवालासँग | १० | ३२ | ४५ | ५६ | ५६ | ५६ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | छलफल | | | | | | |

*प्रमुख क्रियाकलापहरू तथा लक्ष्य*

| क्र . स. | प्रमुख क्रियाकलापहरू | एकाइ | भौतिक लक्ष्य- ५वर्षे | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | |
| १ | न्यून तलब भएका शिक्षक, कर्मचारी तथा केजी सहजकर्ताहरूलाई प्रोत्साहन सहयोग कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ | |
| २ | आवश्यकताको आधारमा दरबन्दी मिलान तथा शिक्षक सरूवा | निरन्तर | निरन्तर | | | | | | |
| ३ | पालिका स्तरीय शिक्षक तालिम (पाठ्यक्रम, विषयगत, पेसागत, सूचना प्रविधि, इमिस) | पटक | १ | १ | १ | १ | १ | ५ | |
| ४ | चौमासिक रूपमा विद्यालय स्तरीय शैक्षिक सहयोग आदानप्रदान | पटक | ३ | ३ | ३ | ३ | ३ | १२ | |
| ५ | पालिका स्तरीय शिक्षक सम्मेलन आयोजना | पटक | १ | १ | १ | १ | १ | ५ | |
| ६ | शिक्षकको पेशागत सहयोगका लागि स्थानीयय विज्ञ समूह सहित कार्यविधि तयार गरी स्रोत शिक्षक परिचालन | निरन्तर | निरन्तर | | | | | | |
| ७ | शिक्षकले कक्षाकोठामा बिताउने समयत TST लागु गर्ने | वटा | ५६ | ५६ | ५६ | ५६ | ५६ | ५६ | |
| ८ | लिडर विद्यालय स्तरीय तथा क्लष्टर स्तरीय विषयगत शिक्षक सहयोग समिति मार्फत शिक्षकलाई पेशागत सहयोग | वटा | | | | | | | |
| ९ | उपचारात्मक शिक्षण सिकाई कार्यक्रम सञ्चालन | बिद्यालय | निरन्तर | | | | | | |
| १० | प्रविधि मैत्री तथा विद्यार्थी केन्द्रित शिक्षण क्रियाकलाप सञ्चालन | बिद्यालय | ५६ | ५६ | ५६ | ५६ | ५६ | ५६ | |
| ११ | वर्षको एकपटक शिक्षण सिकाई अनुभव तथा अनुसन्धानको आदान प्रदान कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ | |
| १२ | उत्कृष्ट सिकाइ हासिल गर्ने शिक्षकहरूलाई पुरस्कृत गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ | |
| १३ | सिकाइ केन्द्रित स्टाफ बैठक मासिक | पटक | १० | १० | १० | १० | १० | ५० | |
| १४ | शिक्षकलाई विद्यार्थीको नतिजाप्रति उत्तरदायी बनाइने | निरन्तर | निरन्तर | | | | | | |
| १५ | शिक्षण सुधार योजनाको निर्माण तथा कार्यान्वयन | पटक | १ | १ | १ | १ | १ | ५ | |
| १६ | कक्षा १-३ मा कार्यसञ्चयिका व्यवस्थापन सहितको मूल्याङ्कन र अनुगमन (शिक्षक, प्र.अ. र शिक्षा शाखा) | पटक | ३ | ३ | ३ | ३ | ३ | १५ | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| १७ | वार्षिक रूपमा न्यूनतम एउटा कार्यमूलक अनुसन्धान तयारी, प्रस्तुति र छलफल | पटक | १ | १ | १ | १ | १ | ५ | |
| १८ | निश्चित सूचकका आधारमा शिक्षक सम्मान कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ | |
| १९ | अन्तर विद्यालय शिक्षक अध्ययन, अवलोकन भ्रमण | पटक | १ | १ | १ | १ | १ | ५ | |
| | जम्मा | | | | | | | | |

## ४.३ शैक्षिक समता र समावेशीकरण

### ४.३.१ परिचय

नेपालको संविधान २०७२ ले शिक्षालाई आधारभूत मानव अधिकारको रूपमा परिभाषित गरेको वर्तमान परिप्रेक्षमा सबै वर्ग, लिङ्ग, जातजाति, भौगोलिक क्षेत्र लगायत विभिन्न शारीरिक तथा मानसिक क्षमता भएका व्यक्तिको शिक्षामा सहज, सर्वसुलभ र समतामूलक पहुँचको सुनिश्चितता गर्नु राज्यको दायित्व स्वीकार गरेको छ। विद्यालयमा सेवाक्षेत्रबाट आइरहेका तथा सेवाक्षेत्रमै गएर सेवा दिनुपर्ने सबैका लागि अनुकूल हुने शिक्षा पद्धति नै समावेशी शिक्षा हो। नेपाल सरकारको सोह्रौं योजना २०८१/०८२- २०८५/०८६ ले आर्थिक, समाजिक, राजनैतिक र प्रशासनिक दृष्टिकोणले पछाडी परेका/पारिएका विभिन्न वर्गका लागि सिप विकास तालिम, छात्रवृत्ति, शिक्षा तथा सार्वजनिक क्षेत्रको रोजगारीमा आरक्षण, शैक्षिक तथा स्वास्थ्य क्षेत्रमा देखिएको अन्तरको अन्त्य सम्बन्धी कार्यक्रम सञ्चालन हुँदै आएको उल्लेख गरेको छ।

समावेशी शिक्षा तथा समता सम्बन्धी संवैधानिक तथा नीतिगत व्यवस्थालाई हेर्दा दिगो विकास लक्ष्य (२०१५-२०३०) को लक्ष्य नं. ४ मा पनि यो विषय उल्लेख भएको छ। त्यसै गरी राष्ट्रिय शिक्षा नीति २०७६ ले अपाङ्गता भएका बालबालिकाहरूको अपाङ्गताको अवस्था हेरी सम्भव भएसम्म अन्य बालबालिकासँगै बसेर सिक्न पाउने गरी समावेशी शिक्षाको व्यवस्था गरेको छ। विविधताको सम्मान र समता तथा समावेशीता अभिवृद्धि गरी शिक्षामा सबैको पहुँच पुऱ्याई अर्थपूर्ण सहभागिता कायम गर्ने र सिकाइ सुनिश्चित गर्नका लागि यसका कारणहरू तथा बाधाहरू पहिचान गरी ती बाधाहरूलाई हटाउन सक्नु पर्दछ।

### ४.३.२ वर्तमान अवस्था

मिक्लाजुङ गाउँपालिका एक बहुजातीय, बहुभाषिक, बहुधार्मिक, तथा बहुसांस्कृतिक गाउँपालिका हो। यहाँ लिङ्गका आधारमा महिलाको जनसङ्ख्या पुरुषको भन्दा बढी छ। ब्राम्हण, क्षेत्री तथा नेवार समुदायको तुलनामा लिम्बू, राई, दलित वा अन्य जनजातिको शैक्षिक अवस्था तुलनात्मक रूपमा कमजोर देखिन्छ। विद्यालयहरूमा छात्राहरूको सहभागिता उत्साहजनक रहेको छ। भाषिक रूपमा नेपाली भाषा बाहेकका अन्य मातृभाषा भएका बालबालिकाहरूमा भाषिक असक्षमता हुने र सिकाइ ढिलो हुने समस्या उत्पन्न हुन्छन्। साथै अपाङ्गता भएका बालबालिकाहरूका निम्ति शैक्षिक पहुँच र गुणस्तसमा झन जटिल समस्या देखिएको छ। तथ्याङ्क अनुसार यस पालिका भित्रका विद्यालयहरूमा जम्मा २० जना अपाङ्गता भएका बालबालिकाहरू अध्ययनरत छन्। विद्यमान अवस्थामा शिक्षामा समतामुलक पहुँच पुर्याउन यस गाउँपालिकाबाट केही प्रयासहरू भएता पनि पर्याप्त मात्रामा सम्बोधन हुन सकेको छैन। विद्यालय बाहिर रहेका, बिचैमा विद्यालय छाडी तह पूरा नगर्ने, अपेक्षित शैक्षिक उपलब्धि हासिल गर्न नसकेकाहरूलाई सम्बोधन गरी समता र समावेशिता अभिवृद्धि गर्नु आवश्यक देखिएको छ। विविधताको सम्मान गर्दै शिक्षामा सबैको पहुँच पुर्याई सहभागितामूलक सिकाइ सुनिश्चित गर्नका लागि सबै बालबालिकाहरूलाई शिक्षामा समान र समतामा आधारित अवसर कसरी उपलब्ध गराउने भन्ने विषयहरूलाई सम्बोधन गर्नका लागि यो योजना केन्द्रित रहेको छ।

### ४.३.३ अवसर र चुनौती

**अवसर:**

- समतामूलक सोचप्रति सरोकारवालाको सकारात्मक दृष्टि रहनु,
- राज्यका सबै तहको नीतिगत प्रावधान समता र समावेशीको पक्षमा हुनु,
- विशेष तथा आवासीय विद्यालय सञ्चालन हुनु,
- समतामूलक छात्रवृत्ति वितरण हुनु,
- लक्षित समूह, दलित, आदिवासी जनजाती, लोपोन्मुख समुदाय, आर्थिक रूपले विपन्न र द्वन्द्व प्रभावित व्यक्तिको शिक्षामा समतामूलक पहुँच पुग्नु ।

**चुनौती:**

- सबै किसिमका अपाङ्गता भएका व्यक्तिका लागि शिक्षामा पहुँच पुऱ्याउन,
- लक्षित समूहका कार्यक्रममा आर्थिक स्रोत जुटाउन,
- लक्षित व्यक्तिको पहिचान र कार्यक्रम कार्यान्वयन प्रभावकारी बनाउन,
- स्रोत कक्षामा अध्यापन गराउने शिक्षकलाई नियमित क्षमता विकास तथा पाठ्यक्रम मिल्दो तालिम दिन,
- विद्यालयमा लैङ्गिक, अपाङ्गमैत्री, भौतिक तथा शैक्षिक वातावरण निर्माण गर्न
- विद्यालयमा कुनै पनि प्रकारको विभेद, दुर्व्यवहार, हेपाइ नहुने सुनिश्चितता गर्न ।

### ४.३.४ उद्देश्य

- अपाङ्गता भएका, जोखिममा परेका, सीमान्तकृत, द्वन्द्व प्रभावित, जनजाति, दलित, महिला तथा आर्थिक रूपले विपन्न भएका व्यक्तिलाई शिक्षामा पहुँच पुऱ्याउने ।
- लक्षित समूहका बालबालिकाको सिकाइ उपलब्धि वृद्धि गरी गुणस्तर सुनिश्चित गर्ने ।
- समता एवं समावेशी शिक्षाका मूल्यमान्यता अनुकुल गुणस्तरीय सेवा प्रवाह गर्दै शैक्षिक सुशासन सुनिश्चित गर्ने ।
- विद्यालयमा कुनै पनि प्रकारको विभेदरहित वातावरण सुनिश्चित गर्ने ।

### ४.३.५ रणनीति

- आर्थिक रूपले विपन्न, सुविधाविहीन, कठिन परिस्थतिमा रहेका र अपाङ्गता भएका बालबालिकाका लागि छात्रवृत्तिको व्यवस्था गरिने छ ।
- सबै तहका विद्यालयहरूमा लैङ्गिक तथा अपाङ्गमैत्री भौतिक तथा शैक्षिक वातावरणको विकास गरिने छ ।
- अपाङ्गताको प्रारम्भिक लेखाजोखा (Disability Screening) गर्दै अपाङ्गताका किसिम तथा स्वरूप पहिचान गरी आवश्यकताअनुसार समावेशी वा विशेष विद्यालयसम्म पुऱ्याइने छ ।
- किशोरी शिक्षा र मनोसामाजिक परामर्शको व्यवस्थाका लागि सम्पर्क व्यक्ति तोकी आवश्यक तालिम सहित परिचालन गरिने छ ।
- पोषण शिक्षासहित दिवा खाजाको प्रबन्ध गरिने छ ।

- लक्षित समूहलाई आवश्यकताअनुसार सबलीकरण गरिने छ ।
- सिकाइ सामग्रीको प्रबन्ध गरिने छ ।
- उपचारात्मक शिक्षण प्रक्रिया अपनाइने छ ।
- सरोकारवालाबिचको आदर्श समन्वय कायम गरिने छ ।
- प्रभावकारी अनुगमन तथा विश्लेषणात्मक मूल्याङ्कनका कार्यक्रम गरिने छ ।
- समावेशीमैत्री वातावरण निर्माण गरिने छ ।

### ४.३.६ उपलब्धि तथा प्रमुख नतिजा

**उपलब्धि**

विद्यालय तहको शिक्षामा समतामूलक र समावेशी सहभागिता सहित सबैका लागि प्रविधिमैत्रीसहितको गुणस्तरीय शिक्षा सुनिश्चित हुने ।

**नतिजा**

- अपाङ्गता भएका बालबालिकाको प्रारम्भिक पहिचान भएको हुने छ ।
- अपाङ्गता भएका, जोखिममा परेका, सीमान्तकृत, द्वन्द्व प्रभावित, जनजाति, दलित, महिला तथा आर्थिक रूपले विपन्न व्यक्तिको शिक्षामा पहुँच पुग्ने छ ।
- लक्षित समूहका बालबालिकाहरूको सिकाइ उपलब्धि वृद्धि गरी गुणस्तर सुनिश्चित भएको हुने छ ।
- समता एवं समावेशी शिक्षाका मूल्यमान्यता अनुकूल गुणस्तरीय सेवा प्रवाह गर्दै शैक्षिक सुशासन सुनिश्चित गरिएको हुने छ ।
- विद्यालयमा कुनै पनि प्रकारको विभेदरहित वातावरण सुनिश्चित भएको हुने छ ।
- किशोरी शिक्षा र मनोसामाजिक परामर्शको सम्पर्क व्यक्ति तोकी आवश्यक तालिमसहित परिचालन भएको हुने छ ।

**नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्र.स. | सूचक | आधार वर्ष (२०८१/८२) | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ |
|---|---|---|---|---|---|---|---|
| १ | आधारभूत तहमा विद्यालयबाहिर रहेका अपाङ्गता भएका बालबालिकाको सङ्ख्या | १९ | ० | ० | ० | ० | ० |
| २ | विद्यालय तहमा लैङ्गिक समता % | ८० | ८५ | ९० | ९५ | १०० | १०० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ३ | भेदभाव रहित समावेशी वातावरण सिर्जना भएका विद्यालय | ५६ | ५६ | ५६ | ५६ | ५६ | ५६ |
| ४ | अपाङ्गता भएका बालबालिकाको प्रारम्भिक पहिचान भएका विद्यालय | ५६ | ५६ | ५६ | ५६ | ५६ | ५६ |
| ५ | विद्यालयमा अपाङ्गतामैत्री र लैङ्गिकमैत्री वातावरण सिर्जना | ३ | ३ | ३ | ३ | ३ | ३ |

**प्रमुख क्रियाकलाप तथा लक्ष्य**

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | एकाइ | भौतिक लक्ष्य ५ वर्ष | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | |
| १ | बालमैत्री प्रारूप सम्बन्धी विद्यालयको प्रतिनिधिलाई तालिम | पटक | १ | १ | १ | १ | १ | ५ | |
| २ | प्रस्तावनाका आधारमा बालमैत्री प्रारूप कार्यान्वयनमा सहयोग कार्यक्रम | पटक | ० | १ | ० | १ | १ | ३ | |
| ३ | लैङ्गिक र मनोसामाजिक सम्पर्क व्यक्तिको छनोट र क्षमता विकास | पटक | ० | १ | १ | १ | १ | ४ | |
| ४ | छात्रा समावेशी सञ्चालनको निर्माण र परिचालन | पटक | १ | १ | १ | १ | १ | ५ | |
| ५ | मनोपरामर्श स्रोत शिक्षक तालिम सञ्चालन र परिचालन | पटक | ० | १ | १ | १ | १ | ५ | |
| ६ | भौतिक संरचनालाई पहुँचयुक्त बनाउन अध्ययन र सोही अनुसारको सहयोग कार्यक्रम | पटक | ११ | ११ | ११ | १२ | ११ | ५६ | |
| ७ | प्रारम्भिक पहिचान र आवश्यक सहयोग कार्यक्रम | विद्यालय | ११ | ११ | ११ | १२ | ११ | ५६ | |
| ८ | समावेशि शिक्षक शिक्षा तालिम र परिचालन | पटक | ० | १ | १ | १ | १ | ४ | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ९ | घरमै विद्यालय कार्यक्रम सञ्चालन | पटक | निरन्तर | | | | | | |
| १० | छात्रावास सहितको विद्यालय व्यवस्थापन कार्यक्रम | विद्यालय | ० | ० | १ | ० | १ | २ | |
| ११ | पिछडिएका वर्गका बालबालिकाहरूका लागि सिकाइ प्रोत्साहन कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ | |

## ४. ४ विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम

### ४.४.१ परिचय

नेपालमा आर्थिक वर्ष २०७७/२०७८ मा सामुदायिक विद्यालयमा पूर्वप्राथमिक देखि कक्षा ५ का सबै विद्यार्थीलाई दिवाखाजाको व्यवस्था गरिएको छ। एक शैक्षिक सत्र २०७८/०७९ मा कक्षा ६ मा समेत दिवा खाजा सञ्चालन भएता पनि हाल कक्षा ५ सम्म मात्र सञ्चालनमा रहेको छ। नेपाल सरकारले दिवा खाजामा विगत केही वर्षदेखि लगानी विस्तार गर्दै आई आर्थिक वर्ष २०८१/०८२ मा यो लगानी करिब १० अर्ब पुगेको छ । नेपालको हाल कार्यान्वयनमा रहेको सोह्रौं योजनालगायत शिक्षा क्षेत्रका मुख्य रणनीतिक दस्तावेजहरूमा दिवा खाजालाई प्राथमिकता दिइएको छ भने विद्यालय क्षेत्र विकास योजना (SSDP) र विद्यालय शिक्षा क्षेत्र योजना (SESP) ले बालबालिकाहरूको स्वास्थ्य तथा पोषण स्थितिमा सुधार ल्याई उनीहरूलाई विद्यालयमा टिकाउने, कुनै पनि बालबालिकाको भोकको कारणबाट विद्यालय आउनबाट वञ्चित तथा स्वस्थ दिमागमा मात्र स्वस्थ सिकाइ सम्भव हुने मान्यताअनुरूप शैक्षिक उपलब्धिहरू हासिल गर्न दिवा खाजाले महत्त्वपूर्ण योगदान दिएको छ।

नेपाल सरकारले संविधानको अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा, सबैका लागि खाद्य सम्प्रभुताको हक, दिगो विकासको गरिबी उन्मूलन तथा भोक उन्मूलन र सबैका लागि गुणस्तरीय पहुँच सुनिश्चितता सम्बन्धमा भएका कानुन तथा सम्झौता कार्यान्वयन गर्न बाल कक्षादेखि कक्षा ५ सम्म अध्ययनरत बालबालिकाको दिवा खाजा सञ्चालनार्थ मिक्लाजुङ गाउँपालिकाले प्राप्त बजेटबाट पालिकाभित्रका सबै समुदायिक विद्यालयहरूमा रकम हस्तान्तरण गर्ने तथा अनुगमन र नियमन गर्ने कार्य गरेको छ।

### ४.४.१. वर्तमान अवस्था

मिक्लाजुङ गाउँपालिकामा जम्मा ५६ वटा सामुदायिक विद्यालयहरू रहेका मध्ये ११ वटा माध्यमिक र बाँकी आधारभूत विद्यालय रहेका छन् साथै ३५ वटा बालविकास केन्द्रहरू सञ्चालनमा रहेका छन् । शैक्षिक सत्र २०८१/८२ मा बालविकासदेखि कक्षा ५ सम्म भर्ना भएका २०७७ जना विद्यार्थीहरू अध्ययनरत रहेका छन्। यस पालिकाभित्रका संस्थागत विद्यालयहरूले आ-आफ्नै मापदण्डानुसारको स्वास्थ्य तथा पोषणयुक्त खाजाको व्यवस्थापन गरेको भएता पनि विभिन्न सामुदायिक विद्यालयहरूले भिन्न-भिन्न तरिका अपनाएर खाजाको व्यवस्थापन गरिरहेको पाइन्छ। कुनै-कुनै विद्यालयहरूले वडा कार्यालयको आर्थिक सहयोगमा आर्थिक वर्ष २०७७/०७८ आगाडिदेखि खाजाको उचित व्यवस्थापन गरिरहेको पनि पाइन्छ । नेपाल सरकारको कार्यक्रम कार्यान्वयन पुस्तिकामा दिवा खाजासम्बन्धी विद्यालयबाट दिवा खाजा व्यवस्थापन, विद्यालयको चमेना गृहबाट दिवा खाजा व्यवस्था गर्ने र घरैबाट तयार गरी पठाउने व्यवस्थापन गरी जम्मा तीनवटा मोडालिटी उल्लेख गरिएको छ। जसमध्ये यस क्षेत्रका धेरैजसो विद्यालयहरूले तेस्रो विकल्प अवलम्वन गरिरहेको छन्।

### ४.४.३ अवसर र चुनौती

**अवसर:**

- राज्यको वर्तमान नीतिमा कक्षा ५ सम्म दिवा खाजाको व्यवस्था हुनु,
- विद्यालयहरूले पोषणयुक्त खाजाका लागि विद्यालयमै पकाउने र खुवाउने वातावरण मिलाउनु,
- स्थानीय उत्पादनलाई खाजाको रूपमा प्राथमिकतामा राख्नु,
- रु. पन्ध्रमा खाजाको प्रबन्ध गर्नु,
- पोषण सम्बन्धी कार्यक्रम विद्यालयमा सञ्चालन हुनु,
- दिवा खाजाप्रति अभिभावकको आकर्षण बढी विद्यार्थी नियमितता हुनु,
- अभिभावक, शिक्षक, विद्यार्थीसहित सरोकारवालाको भेला गराई दिवा खाजा र पोषण सम्बन्धी समीक्षा हुनु।

**चुनौती:**

- प्राप्त रकम एकदमै न्यून भएकोले रकम थप गरी व्यवस्थापन गर्न,
- माथिल्लो कक्षालाई दिइँदै आएको दिवा खाजामा निरन्तरता दिन,
- कतिपय विद्यालयहरू खानेपानीकै समस्याबाट गुज्रिरहेको अवस्थामा उचित पिउने पानीको व्यवस्थापन गर्न,
- सबै अभिभावकहरूमा पोषणयुक्त खाजासम्बन्धी जानकार हुन,
- महँगीलाई मध्यनजर गरेर दिवाखाजाको रकममा प्रतिवर्ष पुनरावलोकन गर्न
- कार्यक्रमको व्यवस्थापन ठीक ढङ्गले भए नभएको नियमित अनुगमन गर्न,
- पूर्ण रूपमा पत्रु खाना (Junk Food) को मनोविज्ञानबाट विद्यार्थीलाई माथि उकास्न,
- खाद्यवस्तुको नियमित गुणस्तर कायम गर्न,
- स्थानीय स्तरमा उपलब्ध हुने पोसिला खानेकुराको प्रबन्ध पूर्ण रूपमा मिलाउन,
- सम्बन्धित वडाध्यक्षको नेतृत्वमा प्राविधिकसहितको अनुगमन टोली बनाउन,
- सबै विद्यालयहरूमा चमेनागृहको व्यवस्था गर्न,
- विद्यालयमा सबै बालबालिकाको सरसफाई तथा स्वच्छता सम्बन्धी व्यवहारलाई परिवर्तन गर्न।

### ४.४.४ उद्देश्य

- विद्यालयमा स्वस्थकर तथा पोषणयुक्त खाजा सुनिश्चित गर्नु।
- बालबालिकाहरूको पोषण, सरसफाइ तथा स्वच्छतासम्बन्धी व्यवहार परिवर्तन भएको सुनिश्चित गर्नु।
- स्थानीय सरकार, अभिभावक र सरोकारवालासँग समन्वय गर्नु।

### ४.४.५ रणनीति

- पोषणयुक्त दिवा खाजा तोकिएको मापदण्डअनुरूप स्थानीय परिवेशअनुसार निर्धारण गरिने छ।
- विद्यालयमा पोषिलो खाजाको व्यवस्थापन गरिने छ।
- विद्यार्थी सङ्ख्याको अनुपातमा पर्याप्त पानी, साबुन तथा सरसफाइसहितको हातधुने ठाउँ, स्वच्छ खानेपानी र विद्यालय परिसर सरसफाइको प्रबन्ध मिलाईने छ।

- बालबालिकाको आवधिक स्वास्थ्य जाँच गरी विद्यालयमा औषधीसहितको प्राथमिक किट व्यवस्थापनमा नियमित र प्रभावकारी बनाइने छ।
- किशोरीहरूका लागि महिनावारी स्वच्छता र पोषणसम्बन्धी शिक्षा सञ्चालन तथा आवश्यक सामग्रीको प्रबन्ध गरिने छ।
- पोषण सम्बन्धी अभिवावक सचेतना कार्य गरिने छ।
- स्थानीय सरकार, सरोकारवाला र अभिभावकसँग समन्वय गरिने छ।

### ४.४.६ उपलब्धि तथा प्रमुख नतिजा

#### उपलब्धि

सबै बालबालिकाको स्वास्थ्य र पोषणको अवस्थामा सुधार आई नियमित सहभागिताले सिकाइमा सुधार हुने।

#### प्रमुख नतिजाहरू

- विद्यालयमा स्वस्थकर तथा पोषणयुक्त खाजा सुनिश्चित भएको हुने छ।
- बालबालिकाको पोषण, सरसफाई तथा स्वच्छतासम्बन्धी व्यवहारमा परिवर्तन भएको हुने छ।
- स्थानीय सरकार, सरोकारवाला र अभिभावकसँग समन्वय गरिने छ।

**नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्रसं | सूचक | आधार वर्ष (२०८१/८२) | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ |
|---|---|---|---|---|---|---|---|
| १ | प्रारम्भिक बालविकास र शिक्षामा भर्ना भएका बालबालिकामध्ये आवश्यक खोप प्राप्त गरेका बालबालिका(%) | १०० | १०० | १०० | १०० | १०० | १०० |
| २ | कक्षा १ मा भर्ना भएका बालबालिकामध्ये आवश्यक खोप प्राप्त गरेका बालबालिका (%) | १०० | १०० | १०० | १०० | १०० | १०० |
| ३ | दिवा खाजा प्राप्त गर्ने कक्षा | कक्षा ECD-५ | कक्षा ECD-५ | कक्षा ECD-५ | कक्षा ECD-५ | कक्षा ECD-५ | कक्षा ECD-५ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ४ | वार्षिक रूपमा विद्यार्थीको स्वास्थ्य परीक्षण गर्ने विद्यालयको सङ्ख्या (गा.पा बाट स्वास्थ्यकर्मी परिचालनका लागि व्यवस्था गर्ने) | ० | २० | ३६ | ५६ | ५६ | ५६ |
| ५ | खानेपानी र शौचालयको व्यवस्था भएका विद्यालय | | | | | | |

*४.४.५ प्रमुख क्रियाकलाप तथा लक्ष्यहरू*

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | एकाइ | भौतिक लक्ष्य ५ वर्ष | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | |
| १ | दिवा खाजा कार्यक्रम कार्यावयन सम्बन्धी अभिभमुखिकरण कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ | |
| २ | दिवा खाजा कार्यक्रम सञ्चालन तथा व्यवस्थापन | बिद्यालय | ५६ | ५६ | ५६ | ५६ | ५६ | ५६ | |
| ३ | खाजा कार्यक्रमको अनुगमन तथा निरिक्षण | पटक | निरन्तर | | | | | | |
| ४ | एक विद्यालय एक फुलबारी वा हरित विद्यालय कार्यक्रम | विद्यालय | ५६ | ५६ | ५६ | ५६ | ५६ | ५६ | |
| ५ | साप्ताहिक सरसफाइ कार्यक्रम | विद्यालय | ५६ | ५६ | ५६ | ५६ | ५६ | ५६ | |
| ६ | स्वास्थ्य पोषण तथा सरसफाइ सम्बन्धित सचेतनामुलक कार्यक्रम | विद्यालय | ५६ | ५६ | ५६ | ५६ | ५६ | ५६ | |
| ७ | चौमासिक रूपमा स्वास्थ्य परीक्षण तथा परामर्श कार्यक्रम | विद्यालय | ५६ | ५६ | ५६ | ५६ | ५६ | ५६ | |
| ८ | एक विद्यालय एक स्वास्थ्य किट वा प्राथमिक उपचार बक्स व्यबस्थापन | विद्यालय | ११ | २४ | २१ | ५६ | ५६ | ५६ | |
| ९ | छात्राको लागि सेनिटरी प्याड व्यवस्थापन, वितरण तथा अनुगमन | विद्यालय | ३५ | ३५ | ३५ | ३५ | ३५ | ३५ | |

## ४.५ विद्यालय सुरक्षा, विपद् न्यूनीकरण तथा उत्थानशीलता

### ४.५.१ परिचय

युद्ध, द्वन्द, महामारी तथा प्राकृतिक प्रकोपको अवस्थामा पनि बालबालिकाको सिक्न पाउने अधिकारलाई संरक्षण गर्दै सिकाईलाई निरन्तरता दिने वैकल्पिक उपाय सहितको शैक्षिक कार्यक्रमलाई आपतकालिन तथा सङ्कटपूर्ण अवस्थामा शिक्षाको रुपमा लिने गरिन्छ । यसको मुख्य उद्देश्य सङ्कटपूर्ण अवस्थामा बालबालिकालगायत शिक्षासँग सम्बद्ध व्यक्ति परिवार तथा समुदायको जीवन रक्षा, प्रकोपबाट सिर्जित सङ्कटको व्यवस्थापन, सामाजिक द्वन्द तथा हिंसा र दुरुपयोग, महामारी आदिबाट बालबालिकालाई सुरक्षित राख्नुका साथै समग्र, शिक्षा क्षेत्रलाई क्रियाशिल हुनेगरी शैक्षिक कार्यक्रमहरूको तयारी तथा सञ्चालन गर्नु हो । यसका अवधारणामा सम्भावित जोखिमको पूर्व तयारी, तत्कालको व्यवस्थापन र क्षतिको परिपूर्ण गर्ने कार्यढाँचा समेटिनु पर्दछ ।

### ४.५. १. वर्तमान अवस्था

नेपालको संविधान २०७२, ले अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा, निःशुल्क माध्यमिक शिक्षा तथा सुविधाविहीन तथा अपाङ्गहरूका लागि निःशुल्क उच्च शिक्षाको सुनिश्चितताका साथै बालबालिका माथि हुने विभेद, सजाय र दुराचारलाई निषेध गरेको छ । अनिवार्य तथा निःशुल्क शिक्षा ऐन, २०७५ र अनिवार्य तथा निःशुल्क शिक्षा नियमावली, २०७७ ले छात्रवृत्ति, दिवाखाजा, सुविधा बिहीनहरूका लागि विशेष सहयोग, मातृभाषामा शिक्षासहित कुनै पनि अवस्थामा बालबालिकाको शिक्षा प्राप्त गर्ने अधिकार सुनिश्चित गरेको छ । यस पालिकामा पनि विभिन्न समयमा विपद तथा सङ्कट आइपर्दछन् यस्तो अवस्थामा शिक्षण सिकाइ क्रियाकलापलाई निरन्तरता दिन तथा विपद् तथा सङ्कटको घडीमा पनि विचलित नभइ सो को व्यवस्थापन र न्यूनीकरण गर्न योजनाबद्ध रुपमा शिक्षा प्रदान गरिँदै आएको छ जस्तै कोभिडका कारणबाट अस्त व्यस्त भएको शैक्षिक सत्र, २०७७ लाई विद्यालय व्यवस्थापन समितिको संयुक्त सहयोगमा फोन तथा टोल सिकाइ योजना बनाएर बालबालिकाको सिक्ने अधिकारलाई सुनिश्चित गरी सिकाइलाई निरन्तरता दिएको सर्वविविदै छ । यसै सन्दर्भमा कक्षागत रोल नं. लाई जोर विजोर प्रणालीमार्फत विद्यालयमा समाजिक दूरी कायम गर्दै शिक्षण सिकाइ समेत भएको थियो । विपद्का लागि सहयोगार्थ यस पालिकामा द्रुत प्रतिकार्य समिति, नेपाल रेडक्रस सोसाइटी उपशाखा रहेको छ । विद्यालयमा रहेको जु.रे.स. तथा यु.रे.स., बालक्लब टिन्सक्लबले पनि विपद्प्रति सचेतना जगाउदै आएका छन् । स्थानीय पाठ्यक्रमको तल्लो कक्षा देखिनै विपद् जोखिम न्युनीकरणका विषयवस्तु समावेश गरिएको छ । यसका साथै सिकाइ आपूरण तथा द्रुत सिकाई योजना अन्तर्गत नेपाल सरकारबाट प्राप्त अनुदानको समेत प्रभावकारी रुपमा कार्यन्वयन गरिँदै आएको छ ।

### ४.५.३ अवसर तथा चुनौती

**अवसर**

- आपतकालीन अवस्थामा समेत सिकाइलाई निरन्तरता दिनु,
- सिकाइ निरन्तरताका लागि स्वाध्याय सामग्री उपलब्ध हुनु,
- प्रकोपले निम्त्याउने जोखिमका विषयमा सचेत हुनु,
- विपद्ले भएको सिकाइ क्षतिलाई अतिरिक्त समयमा क्षति आपूरण गर्नु,
- ReAL Plan कार्यान्वयन भई कक्षा ३ देखि ८ सम्मका बालबालिकाहरूको सिकाइ सक्षमता पत्ता लगाई कमजोर विद्यार्थीलाई Remadial Teaching गर्नु ।

**चुनौती:**

- आपतकालीन अवस्थामा सिकाइलाई निरन्तरता दिन,
- सङ्कटपूर्ण अवस्थामा घुम्ती विद्यालय सञ्चालनमा पूर्वतयारी गर्न,
- सङ्कटको क्षेत्र पहिचान गरी योजना निर्माण गर्न,
- पूर्ण रूपमा सिकाइ क्षति आपूरण गर्न,
- विपद्को समयमा समेत पठन संस्कृतिको विकास गर्न,
- सिकाइ निरन्तरताका लागि स्वाध्याय सामग्रीको प्रयोग गर्न,
- विपद्का समयमा तत्काल उद्धार र राहत वितरण गर्न।

### ४.५.४ उद्देश्यहरू

- सङ्कटको प्रतिकार्य योजनाको संयन्त्र र कार्यढाँचा तयार गर्नु।
- औपचारिक तथा अनौपचारिक शिक्षाका माध्यमबाट विपद् पूर्व सावधानीको वातावरण तयार गर्नु।
- सम्भावित सङ्कटको सामना गर्न भौतिक मानवीय र आर्थिक स्रोतको तयारी गर्नु।
- विपद् प्रभावित विद्यार्थीहरूका लागि अस्थायी सिकाइ केन्द्रको स्थापना गर्नु।

### ४.५.५ रणनीति

- सरोकारवालाहरूको भेला गराई प्रतिकार्य योजना निर्माण गरिने छ।
- विपद् पूर्वतयारी तथा प्रतिकार्यका लागि नेपाल शिक्षा समूह कार्यविधि २०७९ अनुसार समिति गठन तथा सञ्चालन गरिने छ।
- सम्भावित विपद्को पूर्व सूचना विद्यालय मार्फत प्रवाह गरिने छ।
- आवश्यक सामग्रीको पूर्व प्रबन्धका साथ तत्कालिन अवस्थाका लागि सुरक्षित स्थानको निर्धारण गरिने छ।
- विपद् जोखिम न्यूनीकरण सम्बन्धी सचेतना कार्यक्रम गरिने छ।
- सम्भावित विपद् न्यूनीकरण गर्न आवश्यक सामग्रीका लागि सम्बन्धित वडासँग समन्वय गरिनेछ।
- विद्यालय स्तरमा जोखिम बहनका लागि जगेडा कोषको स्थापना गरिनेछ।
- सरोकारवालाहरूसँग समन्वय गरी अस्थायी सिकाइ केन्द्रको स्थापना गरिनेछ।

### ४.५.६ प्रमुख उपलब्धि, नतिजा तथा क्रियाकलाप

#### उपलब्धि

- हरेक परिस्थितिमा बालबालिकाको सुरक्षासहित शिक्षा प्राप्त गर्ने अधिकारको सुनिश्चितता भएको हुने।
- विद्यालयमा विपद् उत्थानशील भौतिक निर्माण तथा सुविधाको व्यवस्था भएको हुने।
- आपतकालीन तथा सङ्कटपूर्ण अवस्थामा वैकल्पिक व्यवस्थाअनुसार सिकाइ निरन्तरता भएको हुने।
- जोखिम न्यूनीकरण तथा उत्थानशीलता संस्थागत भएको हुने।

#### नतिजा

- विपद् पूर्वतयारी तथा प्रतिकार्यका लागि नेपाल शिक्षा समूह गठन तथा सञ्चालन भएको हुने छ।

- औपचारिक तथा अनौपचारिक शिक्षाका माध्यमबाट विपद् पूर्वसावधानीको वातावरण तयार भएको हुने छ।
- संभावित सङ्कटको सामना गर्न भौतिक, मानवीय र आर्थिक स्रोतको व्यवस्थापन भएको हुने छ।
- विपद् प्रभावित विद्यार्थीका लागि वैकल्पिक माध्यमबाट सिकाइ गतिविधि सञ्चालन भएको हुने छ।

**नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्रसं | सूचक | आधार वर्ष (२०८१/८२) | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ |
|---|---|---|---|---|---|---|---|
| १ | बालबालिकालाई आधारभूत विपद् जोखिम न्यूनीकरणसम्बन्धी अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्ने विद्यालय सङ्ख्या | - | ५६ | ५६ | ५६ | ५६ | ५६ |
| २ | विपद्को समयमा वैकल्पिक माध्यमबाट सिकाइ गतिविधि सञ्चालन हुने विद्यालय % | ४० | ६० | ८० | १०० | १०० | १०० |
| ३ | विद्यालय स्तरमा जोखिम बहनका लागि जगेडा कोषको स्थापना | ० | ५ | ६ | १० | २० | १५ |
| ४ | विद्यालयमा प्राथमिक उपचार तथा उद्धार गर्ने सामग्रीको व्यवस्था भएको | ११ | २४ | ५६ | ५६ | ५६ | ५६ |
| ५ | विपद् जोखिम न्यूनीकरण सम्बन्धी सचेतना कार्यक्रम गर्ने विद्यालय | ११ | २४ | ५६ | ५६ | ५६ | ५६ |

## क्रियाकलाप तथा लक्ष्य

| क्र .स. | प्रमुख क्रियाकलापहरू | एकाइ | भौतिक लक्ष्य ५ वर्ष | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | |
| १ | विपद् सम्वन्धी पालिका स्तरीय तथा विद्यालय स्तरीय विपद् प्रतिकार्य योजना निर्माण | विद्यालय | ११ | २४ | २१ | ५६ | ५६ | ५६ | |
| २ | पालिका स्तरिय विद्यालय शिक्षा सहयोग विपद् कोष कार्यक्रम | पटक | ० | ० | १ | ० | ० | १ | |
| ३ | वडास्तरीय प्रतिकार्य कार्यदलको गठन र परिचालन | निरन्तर | ८ | निरन्तर | | | | | |
| ४ | सङकटका बेलामा शिक्षा सम्बन्धी क्षमता विकास कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ | |
| ७ | विपद् जोखिम न्यूनीकरणसम्बन्धी सचेतना कार्यक्रम | पटक | २ | २ | २ | २ | २ | १० | |

## ४.६ विद्यालयको भौतिक पूर्वाधार विकास

### ४.६.१ परिचय

शिक्षा नियमावली २०५९ अनुसार एक विद्यार्थीका लागि सुविधाजनक रूपमा पठनपाठनमा सहभागी बन्न प्रारम्भिक बालविकास तथा आधारभूत तहका प्रारम्भिक कक्षाका लागि प्रति विद्यार्थी ०.७५ वर्ग मिटर र उच्च आधारभूत तह तथा माध्यमिक तहका लागि प्रति विद्यार्थी १.०० वर्ग मिटर बराबरको क्षेत्रफल तोकिएको छ। राष्ट्रिय शिक्षा नीति २०७६ ले विद्यालयहरूमा भवन, कक्षाकोठा, फर्निचर, प्रयोगशाला, शौचालय, पानी, पुस्तकालय, बुक कर्नर जस्ता भौतिक पूर्वाधार तयार गर्ने, विद्यालय भवन लगायतका सम्पूर्ण भौतिक पूर्वाधार विपद जोखिममुक्त बनाउदै सबै विद्यालयलाई सुरक्षित एवं बालमैत्री, हरित विद्यालयको रूपमा विकास गर्ने लगायतका नीतिगत व्यवस्थापन गरीएको छ। राष्ट्रिय शिक्षा नीतिले आत्मसात गरेको सबैका लागि सुरक्षित भौतिक पूर्वाधार विकास एवं विस्तारको नीति, यस पालिकाको शिक्षा सम्बन्धी नारा तथा हालसम्मको अभ्यासका आधारमा भएको सिकाइ अनुभवका आधारमा शिक्षा क्षेत्रको यो योजना प्रस्ताव गरिएको छ।
यस खण्डमा मिक्लाजुङ गाउँपालिकाभित्र रहेका विद्यालयको भौतिक पूर्वाधार विकासको वर्तमान अवस्थाको समीक्षाका आधारमा चुनौतीहरू पहिचान गरी आगामी ५ वर्षका लागि विद्यालयको भौतिक पूर्वाधार विकासका उद्देश्य, रणनीति, नतिजा र प्रमुख लक्ष्य उल्लेख गरिएको छ।

### ४.६.२ वर्तमान अवस्थाः

मिक्लाजुङ गाउँपालिका हाल कुल विद्यालय ६४ मध्ये ५६ सामुदायिक र ८ संस्थागत विद्यालय रहेका छन्। सामुदायिक विद्यालय तर्फ वटा १६४ भवन रहेकोमा ६१ वटा पक्की भवन छन्, जसमा सामुदायिक तर्फ २४० वटा कक्षाकोठा पक्की छन्। यसरी हेर्दा विद्यालयमा पक्की संरचना कम देखिन्छ। सामुदायिक विद्यालयमा छात्रा शौचालय भएका विद्यालयहरू १३ छात्र शौचालय ४१ तथा महिला शिक्षक शौचालय १ वटा छन्। खानेपानीको आफ्नै श्रोत भएका विद्यालय ७ बाहिरी श्रोत भएका विद्यालय २९ र अन्य कुनै श्रोत नभएका विद्यालय २० वटा छन्। विपद् तथा जोखिम व्यवस्थापनको तयारीका लागि स्थानीय पाठ्यक्रम मार्फत प्रारम्भिक कक्षा देखि नै विषयवस्तु समावेश गरीएको छ। यस मिक्लाजुङ गाउँपालिका भरिमा १८ वटा

विद्यालयमा पुस्तकालय, १३ वटा विद्यालयमा विज्ञान प्रयोगशाला,१४ विद्यालयमा कम्प्युटर प्रयोगशाला र ५० वटा विद्यालयमा ईन्टरनेट पुगेको छ । विद्यालयको वातावरण तर्फ फर्केर हेर्दा ३९ विद्यालयमा स्टाफ कोठा, ७ विद्यालयमा स्टोर कोठा, ३१ विद्यालयमा पर्याप्त खेल मैदान रहेका छन् । १० वटा विद्यालयमा तारजाली सहितको घेरावारा भएको छ भने केही विद्यालयमा प्रवेश गेट निर्माण भएका छन् केही विद्यालयमा निर्माण सम्पन्न हुने क्रममा छन् ।

भौतिक पूर्वाधारको विकास र विस्तारमा स्थानीय तहको भूमिका ,पूर्वाधार विकासलाई गुणस्तरीय, पारदर्शी एवं जवाफदेही बनाउनु , रक्षित विद्यालय पूर्वाधार विकास एवम् विस्तारका लागि मापदण्ड अनुसारको गुरुयोजना विकास गर्नु, आवश्यक स्रोतको पहिचान र व्यवस्थापन गर्नु , पूर्वाधारहरूलाई बालमैत्री, अपाङ्गता र लैङ्गिक मैत्री बनाउनु मुख्य चुनौती रहेको छ ।

### ४.६.३ अवसर र चुनौती

**अवसर:**

- अधिकांश विद्यालयको आफ्नै स्वामित्वमा जमिन हुनु,
- धेरैजसो विद्यालयहरूमा भवन, खेलमैदान, खानेपानी र शौचालय हुनु,
- भौतिक पूर्वाधारको विकास तथा विस्तारमा अभिभावक र स्थानीय तहको संलग्नता हुनु,
- माध्यमिक तहमा कम्प्युटर ल्याव, इन्जिनियरिङ कक्ष तथा विज्ञान प्रयोगशाला हुनु,
- अधिकांश विद्यालयहरूमा इन्टरनेटको पहुँच हुनु ।

**चुनौती:**

- पूर्वाधारलाई बालमैत्री, अपाङ्गता र लैङ्गिकमैत्री बनाउन,
- भौतिक पूर्वाधार विकासका योजनाहरू आवश्यकताका आधारमा वितरण गर्न,
- नक्साङ्कन गर्दा जमिनको बनावट हेरी निर्माण गर्न,
- उपलब्ध भौतिक स्रोत साधनको उच्चतम उपयोग गर्न,
- आर्थिक स्रोत पहिचान गरी प्रबन्ध गर्न,
- स्थानीय श्रम, सिप र सामग्रीको उच्चतम परिचालन गर्न ।

### ४.६.४ उद्देश्य

- आवश्यकता पहिचान गरी सुरक्षित विद्यालय पूर्वाधारको मापदण्ड अनुरूप विकास र कार्यान्वयन गर्नु ।
- पूर्वाधार विकास गर्दा बाल, अपाङ्गता र लैङ्गिक मैत्री बनाउनु ।
- पूर्वाधार विकासमा साझेदार संस्थाहरूसँग समन्वय गरी सम्बन्ध विस्तार गर्नु ।
- भौतिक पूर्वाधार निर्माणमा स्थानीय श्रम, सिप र सामग्री प्रयोगलाई प्राथमिकता दिनु ।

### ४.६.५ रणनीति

- पूर्वाधार विकासका लागि विद्यालयको तह र विद्यार्थी सङ्ख्याका आधारमा मापदण्ड विकास गरिने छ ।
- विद्यालय पूर्वाधार विकासका लागि विभिन्न सङ्घसंस्था एवं सरोकारवालासँग लागत साझेदारी गरिने छ ।

- विद्यालय निर्माण गर्दा कक्षाकोठा, शिक्षक, प्रधानाध्यापक तथा प्रशासनिक कक्ष, पानी, शौचालय, भान्सा वा खाजाघरलगायत सबैको योजना तयार गरी कार्यान्वयन गरिने छ।
- विद्यालय निर्माण गर्दा बाल, अपङ्गता र लैङ्गिकमैत्री बनाइने छ।
- विद्यालयमा गेटसहित पक्की घेराबारा गरी सुरक्षित बनाइने छ।
- सम्पूर्ण विद्यालयमा आवश्यकतानुसारको खेल मैदान निर्माण गरिने छ।
- भौतिक पूर्वाधारको निर्माणमा स्थानीय श्रम, सिप र सामग्रीको प्रयोगमा प्राथमिकता दिइने छ।
- सम्पूर्ण विद्यालयमा फूलबारी तथा बाल उद्यानको निर्माण र विकास गरिने छ।

### ४.६.६ उपलब्धि, नतिजा तथा प्रमुख क्रियाकलाप

**उपलब्धि**

- सुरक्षित र उपयुक्त भौतिक वातावरणमा अध्ययन/अध्यापन गर्ने अवसर हुने।
- भौतिक पूर्वाधारको निर्माणमा स्थानीय श्रम, सिप र सामग्रीको प्रयोगले सरोकारवालामा विद्यालयप्रति अपनत्व कायम हुने।
- मैत्रीपूर्ण पूर्वाधार विकासमा साझेदार संस्थाहरूसँग समन्वय गरी सम्बन्ध विस्तार हुने।

**नतिजा**

- आवश्यकता पहिचान गरी सुरक्षित विद्यालय पूर्वाधारको मापदण्ड अनुरूप विकास र कार्यान्वयन भएको हुने छ।
- बाल, अपाङ्गता र लैङ्गिकमैत्री पूर्वाधार विकास भएको हुने छ।
- साझेदार संस्थाहरूसँग समन्वय गरी पूर्वाधार विकास भएको हुने छ।
- भौतिक पूर्वाधारको निर्माणमा स्थानीय श्रम, सिप र सामग्रीहरूको प्रयोगमा प्राथमिकता दिइएको हुने छ।

**नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्रसं | सूचक | आधार वर्ष (२०८१/८२) | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ |
|---|---|---|---|---|---|---|---|
| १ | भूकम्प प्रतिरोधी विद्यालय भवन | २५ | २७ | ३० | ३४ | ३६ | ४० |
| २ | नयाँ निर्माण गर्नुपर्ने कक्षाकोठा सङ्ख्या | ७ | ८ | ८ | ८ | २ | २ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ३ | सबलीकरण गर्नुपर्ने कक्षाकोठा सङ्ख्या | | | | | | |
| ४ | नयाँ निर्माण गर्नुपर्ने शौचालय सङ्ख्या | २ | २ | २ | २ | २ | २ |
| ५ | प्रकोप न्यूनीकरणका लागि तयार गर्नुपर्ने विद्यालयको सङ्ख्या | | | | | | |
| ६ | बाल, अपाङ्गता र लैङ्गिकमैत्री पूर्वाधार | ० | ५ | ५ | ५ | ५ | ५ |

### क्रियाकलाप तथा लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | एकाइ | भौतिक लक्ष्य ५ वर्ष | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | |
| १ | विद्यालयको भौतिक निर्माण कार्यलाई थप व्यवस्थित गर्न एक कार्यविधि तयार | पटक | १ | ० | ० | ० | १ | २ | |
| २ | विद्यालयको भौतिक अवस्थाको विश्लेषण तथा प्रतिवेदन तयार | पटक | १ | १ | १ | १ | १ | ५ | |
| ३ | नयाँ भौतिक संरचना निर्माण (भवन, शैचालय,घेराबारा,खानेपानी छात्रावास) | पटक | १ | १ | १ | १ | १ | ५ | |
| ४ | निर्माण भएका संरचनाहरूको मर्मत तथा पहुँचयुक्तता | पटक | १ | १ | १ | १ | १ | ५ | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ५ | निरन्तर प्राविधिक तथा जनप्रतिनिधिहरूबाट अनुगमन तथा निरीक्षण | पटक | २ | २ | २ | २ | २ | १० | |
| ६ | हामी बनाउछौँ, हाम्रो विद्यालय कार्यक्रम सञ्चालन | विद्यालय | ५६ | ५६ | ५६ | ५६ | ५६ | ५६ | |
| ७ | फर्निचर लगायतका सामाग्रीहरूको मर्मत सम्भार तथा प्रयोग | पटक | १ | १ | १ | १ | १ | ५ | |
| ८ | साझेदार संस्थाहरूसँग समन्वय र सहकार्य | पटक | निरन्तर | | | | | | |
| ९ | HPF संस्थासँग साझेदारी सहितको भवन निर्माण | विद्यालय | | | | | | | |
| १० | नछोडौँ विद्यालय परिसर खाली, बनाऔँ बगैँचा हरियाली कार्यक्रम | विद्यालय | ५६ | ५६ | ५६ | ५६ | ५६ | ५६ | |

## ४.७ विद्यालयमा सूचना तथा सञ्चार प्रविधि

### ४.७.१ परिचय

विश्वमा सूचना र प्रविधिको विकासले अत्यन्तै चाँडो फड्को मारेको छ। यसबाट र ज्ञान आर्जन गर्न सहज हुनुका साथै हाम्रा शिक्षण सिकाइका विधि तथा तौरतरिकामा आमूल परिवर्तन ल्याएको छ। शिक्षामा सूचना तथा प्रविधिको अत्यधिक प्रयोगले अवसर तथा चुनौती दुवै सिर्जना गरेको छ। सूचना तथा सञ्चारको प्रयोगले शिक्षण सिकाइलाई प्रभावकारी बनाउन शैक्षिक गुणस्तरको अभिवृद्धि गर्छ। यसले विद्यालय तहको शिक्षण सिकाइमा सहजता ल्याउनुका साथै परीक्षा मूल्याङ्कन, विद्यालयको व्यवस्थापकीय पक्ष तथा आर्थिक पारदर्शिता र सुशासन कायम गर्नमा समेत मद्दत गर्दछ। आजको विश्वमा आर्थिक तथा शैक्षिक भिन्नताका कारण वर्गीय समाज निर्माण भईरहेको अवस्थामा सूचना र प्रविधिको कुशल प्रयोगले धनी र गरिब वर्गबिचको खाडल कम गराउन मद्दत गर्दछ। शिक्षामा सूचना तथा सञ्चार प्रविधिको गुरुयोजना सन् २०१३-२०१७ निर्माण भएको हालको अवस्थामा पनि सान्दर्भिक छ।

शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्नुका उद्देश्यहरूमा सबै विद्यार्थीहरूका लागि सूचना तथा सञ्चार प्रविधिलाई आधारभूत साक्षरताका रूपमा विकास गरी डिजीटलाईज्ड गर्ने, शिक्षामा समतामूलक पहुँच पुऱ्याई गुणस्तर अभिवृद्धि गर्ने र शिक्षा सेवा प्रवाह तथा प्रणालीमा सुधार गरी सुशासनको प्रत्याभूति गर्ने रहेका छन्। गुरु योजनाले पहिचान गरेका चारओटा क्षेत्रहरूमा सूचना तथा सञ्चारका लागि संरचना तयार गर्ने, मानवीय स्रोत विकास गर्ने, डिजिटल सामग्री विकास गर्ने र शैक्षिक पद्धति तथा व्यवस्थापन सुधार गर्ने रहेका थिए। हालको परिवेशमा अनुकूल रणनीति, क्रियाकलाप तथा लक्ष्यहरू अद्यावधिक तथा परिमार्जन गरी यो योजनामा समावेश गर्नुपर्ने देखिएको छ।

कोभिड- १९को महामारीले शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रभावकारी प्रयोगको आवश्यकतालाई थप पुष्टि गरेको छ। विभिन्न प्रकारका विपद र महामारीमा पनि शिक्षण सिकाइलाई निरन्तरता दिने कार्यमा सूचना तथा सञ्चार प्रविधिले महत्वपूर्ण सहयोग गर्न सक्दछ। यस सन्दर्भमा भइरहेको क्षमताको आधारमा अनलाइन तथा अफलाइन लगायतका भर्चुअलमाध्यम प्रयोग गरी सिकाइलाई निरन्तरता दिन खोजिए पनि पर्याप्त सक्षमता र संरचनाको अभावले सबैलाई समेट्न सकिएको छैन। यस्तो अवस्थामा सबैका लागि यस पहुँच पुग्ने गरी शिक्षामा सूचना र सञ्चार प्रविधिको विकास गर्नु चुनौतीपूर्ण कार्य रहेको छ।

**४.७.२. वर्तमान अवस्था**

राष्ट्रियरूपमा विद्यालय शिक्षामा सूचना तथा सञ्चार प्रविधिको विकास र पुगेको वर्तमान अवस्थाको विश्लेषण गर्दा आवश्यक नीति कानुन तथा रणनीतिहरूको व्यवस्था र तिनको कार्यान्वयन, शिक्षामा सूचना तथा सञ्चार प्रविधि सम्बन्धी गुरुयोजना तथा यसको कार्यान्वयन र विद्यालय क्षेत्र विकास योजनाका कार्यक्रम, लक्ष्य र प्रगतिको समीक्षा गर्नुपर्ने हुन्छ । नेपालले ब्रोडब्यान्ड नीति २०७१ ल्याएको छ । जसले विद्यालय लगायतमा कनेक्टिभिटी र सुरक्षा लगायतका विषयमा नीतिगत स्पष्टता प्रदान गरेको छ । त्यसैगरी नेपालको सूचना तथा सञ्चार प्रविधि नीति २०७२ ले सूचना र सञ्चारका संरचनामा पहुँच पुर्याउने विषयमा नीति निर्धारण गरेको छ भने शिक्षामा सूचना तथा सञ्चार प्रविधिको गुरुयोजना कार्यान्वयन गर्नेलगायतका नीतिहरूले गरेको छ । डिजिटल नेपालको कार्यढाँचा २०७६ ले विद्यालय तथा क्याम्पसमा सूचना र सञ्चार प्रविधि शिक्षा, Geospatial/GIS शिक्षा प्रदान गर्ने र शिक्षाक्षेत्रको सूचना र सञ्चार प्रविधि शिक्षा सम्बन्धी क्षमता विकास गर्ने र सबैका लागि सूचना प्रविधिसम्बन्धी साक्षरता प्रदान गर्ने उल्लेख गरेको छ ।

नेपाल सरकारले २०७७ सालमा स्वीकृत गरेको राष्ट्रिय शिक्षा नीति र विज्ञान तथा प्रविधि प्रवर्द्धन नीतिमा पनि शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रयोगसम्बन्धी नीति उल्लेख गरीएको छ । उक्त शिक्षा नीतिमा सबै विद्यालय र शिक्षण संस्थामा सूचना तथा सञ्चार प्रविधिसम्बन्धी संरचना तयार गर्ने, कनेक्टिभिभी पुर्याउने, तालिम शिक्षण सिकाइ तथा व्यवस्थापनमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्नका लागि आवश्यक सामग्रीको व्यवस्थापन र जनशक्ति संरचना तयार पार्ने जस्ता विषय उल्लेख गरेको छ । प्रदेश सरकारबाट समेत शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रयोगलाई विशेष जोड दिँदै विभिन्न विद्यालयहरूमा सुविधा सम्पन्न कम्प्युटर ल्याब स्थापना गर्ने कार्य अगाडि बढाइएको छ । यसका अलवा शिक्षा तालिम केन्द्रले प्रदान गर्ने शिक्षक तालिम अहिले भर्चुअल माध्यबाट समेत सञ्चालन गर्ने गरेको छ ।

सूचना तथा सञ्चार प्रविधीलाई शिक्षामा प्रयोग गर्ने सम्वन्धमा मिक्लाजुङ गाउँपालिकाको आठौँ गाउँ सभाबाट पारित आ.व.२०७८/०७९ को वार्षिक नीति तथा कायर्क्रममा सामुदायिक विद्यालयमा शैक्षिक सुधार कार्यक्रममा कोभिड १९ को कारण भएको शैक्षिक क्षति न्यूनीकरण गर्न सूचना तथा सञ्चार प्रविधिको प्रयोग गरी भर्चुअल सिकाई विस्तार गरिँदै लगिने नीति उल्लेख गरीएको छ । यसै गरी उक्त नीति तथा कार्यक्रममा समावेश भएको सूचना तथा सञ्चार सम्बन्धी नीति अनुसार सामाजिक सञ्जाल र अनलाइन मिडियालाई आम जनताको सिर्जनशीलता अभिवृद्धि र विद्यार्थीहरूका लागि सिकाइ माध्यमको रूपमा सदुपयोग गरिने कुरा उल्लेख गरीएको छ ।

### ४.७.३ अवसर र चुनौती

**अवसर**

- अधिकांश विद्यालयहरूमा इन्टरनेटको पहुँच हुनु,
- सूचना तथा सञ्चार प्रविधि प्रयोगका लागि शिक्षकको क्षमता विकास हुनु,
- विद्यालयमा सूचना तथा सञ्चार प्रविधिका आधारभूत संरचना तथा उपकरणको प्रबन्ध हुनु,
- विद्यालयमा EMIS को नियमित प्रयोग हुनु,
- सूचना तथा प्रविधिको प्रयोगबाट विद्यालयमा पठनपाठन हुनु,
- सूचना सम्प्रेषण गर्नका लागि विद्यालयसँग विद्युतीय सञ्जाल प्रयोग गरिनु,
- CEHRD/CDC को वेब पोर्टलमा डिजिटल शैक्षिक सामग्री उपलब्ध हुनु ।

**चुनौती:**

- सबै विद्यालयमा दिगो विद्युत, इन्टरनेट कनेक्टिभ िटी विस्तार गर्न,
- सूचना तथा सञ्चार प्रविधि प्रयोगको लागि आवश्यक पूर्वाधारहरूको व्यवस्था गर्न,
- सेवा प्रदायक संस्थाहरूको उपलब्धता,
- सूचना तथा सञ्चार प्रविधि सम्बन्धी शिक्षक/कर्मचारीको पेसागत क्षमता विकास गर्न,
- शैक्षिक वातावरण निर्माण र शैक्षणिक गतिविधिमा सरोकारवालालाई सूचना तथा सञ्चार प्रविधिमा जोडेर प्रत्यक्ष संलग्न गराउन।

### ४.७.४ उद्देश्यहरू

- लिडर माध्यमिक विद्यालय अन्तर्गत पूर्णकालीन ICT शिक्षक व्यवस्थापन, डिजिटल ल्याव स्थापना र सञ्चालन गर्नु।
- सिकाइमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग विस्तार गर्नु।
- सूचना तथा प्रविधिको प्रयोगमार्फत तथ्याङ्क अभिलेखीकरण गर्नु।
- सूचना प्रविधिको प्रयोग गरी विद्यालय र सरोकारवालाबिचको अन्तर्सम्बन्ध विकास गर्नु।
- सूचना तथा सञ्चार प्रविधिको माध्यमबाट अनुगमन, मूल्याङ्कन र सुशासन कायम गर्नु।
- गाउँपालिकामा रहेका सम्पूर्ण विवरणहरू डिजिटल रूपमा व्यवस्थापन गर्नु।

### ४.७.५ रणनीति

- आधारभूत संरचनाहरू तथा उपकरणको प्रबन्ध गरी स्रोत विद्यालयमा डिजिटल ल्याब स्थापना गरिने छ।
- लिडर माध्यमिक विद्यालय क्षेत्रका शिक्षकमध्येवाट जनशक्ति छनौट गरी पूर्णकालीन ICT शिक्षक व्यवस्थापन गरिने छ।
- एक विद्यालय एक ल्यापटप, प्रिन्टर र प्रोजेक्टरको व्यवस्था गरिने छ।
- गाउँपालिकाको वेभ साइटमा शैक्षिक इ-पोर्टलको निर्माण गरिने छ।
- डिजिटल शैक्षिक सामग्री निर्माण, सङ्कलन, भण्डारण र वितरण गरिने छ।
- हरेक विद्यालयमा सूचना अधिकारीको व्यवस्था गरिने छ।
- विद्यालयका सम्पूर्ण सूचनाहरू इमिसमार्फत अद्यावधिक गरिने छ।
- सुशासनका गतिविधिहरू डिजिटल माध्यमबाट अभिलेखीकरण गरिने छ।
- डिजिटल सूचना बोर्डको व्यवस्था गरिने छ।
- विद्यालय र अभिभावकविच सूचना सम्प्रेषण गर्न विद्युतीय सामाजिक सञ्जाल निर्माण गरिने छ।
- शैक्षिक गतिविधिहरू सामाजिक सञ्जाल (Community of Practice) मार्फत सरोकारवालासँग आदानप्रदान गरिने छ।
- सिसिटिभी, इ-हाजिरी, इमिस र सामाजिक सञ्जालबाट समेत विद्यालयहरूको अनुगमन तथा मूल्याङ्कन गरिने छ
- सम्पूर्ण विद्यालयहरूको विवरण डिजिटल रुपमा व्यवस्थापन गरिनेछ।
- सम्पूर्ण कार्यरत शिक्षकहरूको विवरण डिजिटल रुपमा अभिलेख राखिनेछ।

### ४.७.६ नतिजा, क्रियाकलाप तथा लक्ष्य

**उपलब्धि**

- आधारभूत तथा माध्यमिक विद्यालयमा सूचना तथा सञ्चार प्रविधि स्थापना भई विद्यालयको प्रशासनिक, शैक्षिक र व्यवस्थापकीय क्षेत्रमा प्रयोग गरिएको हुने ।
- शिक्षकको पेसागत विकासले प्रभावकारी कक्षा सहजीकरणमार्फत गुणस्तरीय शिक्षाको प्रबन्ध हुने ।
- अभिभावक तथा सरोकारवालाको प्रत्यक्ष संलग्नता बढाई विद्यालयको शैक्षणिक वातावरण सिकाइ अनुकूल निर्माण भएको हुने ।

**नतिजा**

- लिडर माध्यमिक विद्यालयअन्तर्गत पूर्णकालीन ICT शिक्षक व्यवस्थापन, डिजिटल ल्याव स्थापना र सञ्चालन भएको हुने छ ।
- सिकाइमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग विस्तार हुने छ ।
- सूचना तथा प्रविधिको प्रयोगमार्फत तथ्याङ्क अभिलेखीकरण भएको हुने छ ।
- सूचना प्रविधिको प्रयोग गरी विद्यालय र सरोकारवालाबिचको अन्तरसम्बन्ध विकास भएको हुने छ ।
- सूचना तथा सञ्चार प्रविधिको माध्यमबाट अनुगमन, मूल्याङ्कन र सुशासन कायम हुने छ ।
- पालिकामा रहेका सबै तथ्याङ्कहरूको अभिलेख व्यवस्थापन भएको हुने छ ।

**नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्रसं | सूचक | आधार वर्ष (२०८१/८२) | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ |
|---|---|---|---|---|---|---|---|
| १ | इन्टरनेट जडान भएका विद्यालय सङ्ख्या | ५० | ५६ | ० | ० | ० | ० |
| २ | शिक्षण-सिकाइ क्रियाकलापमा कम्प्युटरलगायतको प्रविधि उपयोग भएका विद्यालय % | ४० | ५० | ६० | ७० | ८० | ९० |
| ३ | डिजिटल पाठ्यसामग्री प्रयोग गर्ने विद्यालय % | ४० | ५० | ६० | ७० | ८० | ९० |
| ४ | व्यवस्थापकीय कार्यमा सूचना तथा सञ्चार प्रविधिको | ४० | ५६ | ५६ | ५६ | ५६ | ५६ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | प्रयोग गर्ने विद्यालय सङ्ख्या | | | | | | |
| ५ | विद्युतको पहुँच पुगेका विद्यालय सङ्ख्या | ५० | ५६ | ५६ | ५६ | ५६ | ५६ |
| ६ | विद्यालय र सरोकारवालाबिच छलफल | ५६ | ५६ | ५६ | ५६ | ५६ | ५६ |

**प्रमुख क्रियाकलाप तथा लक्ष्य**

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | एकाइ | भौतिक लक्ष्य ५ वर्ष | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | |
| १ | विद्यालयमा सोलारको व्यवस्था | विद्यालय | ५ | ५ | ५ | ५ | ५ | २५ | |
| २ | एक विद्यालय सूचना प्रविधिको न्युनत्तम प्याकेज (एक ल्यापटप, एक प्रिन्टर, एक प्रोजेक्टर र इन्टरनेट) कार्यक्रम | सङ्ख्या | ५ | ५ | ५ | ५ | ० | २० | |
| ३ | पूर्णकालीन ICT शिक्षक व्यवस्थापन र डिजिटल ल्याब स्थापना | सङ्ख्या | ० | २ | २ | २ | २ | ८ | |
| ४ | सूचना प्रविधिसँग सम्बन्धित क्षमता विकास कार्यक्रम | पटक | २ | २ | २ | २ | २ | १० | |
| ५ | वार्षिक रूपमा स्थलगत अनुगमन तथा रुजू | पटक | ३ | ३ | ३ | ३ | ३ | १५ | |
| ६ | सूचना प्रविधिमा आधारित शिक्षक सहायता प्रणालीको विकासको कलस्टर स्तरीय जनशक्तिको पहिचान, क्षमता विकास तथा परिचालन | पटक | १ | १ | १ | १ | १ | ५ | |
| ७ | आवश्यक प्राविधिक उपकरण खरिद तथा मर्मत सम्भार र प्रयोग | पटक | १ | १ | १ | १ | १ | ५ | |
| ८ | सामुदायिक सिकाइ केन्द्रमार्फत फ्रि वाई-फाई सिकाइ चौतारी | सङ्ख्या | ५ | ५ | ५ | ५ | ५ | ५ | |
| ९ | शिक्षकहरूको पेसागत क्षमता विकास | निरन्तर | निरन्तर | | | | | | |
| १० | सामुदायिक सिकाइ केन्द्रमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग | निरन्तर | निरन्तर | | | | | | |
| ११ | सूचना प्रविधिमा आधारित शिक्षक सहायता प्रणालीको विकास तथा सञ्चालन | निरन्तर | निरन्तर | | | | | | |
| १२ | तहगत सञ्जाल निर्माण | सङ्ख्या | निरन्तर | | | | | | |
| १३ | विषयगत सञ्जाल निर्माण | सङ्ख्या | निरन्तर | | | | | | |
| १४ | अभिभावक सञ्जाल निर्माण सम्बन्धी कार्यशाला | पटक | १ | १ | १ | १ | १ | ५ | |
| १५ | सरोकारवालाबिच सञ्चार आदान/प्रदान कार्यक्रम | निरन्तर | निरन्तर | | | | | | |
| १६ | सरोकारवाला समूहबिच समीक्षा कार्यशाला | निरन्तर | निरन्तर | | | | | | |
| १७ | शिक्षा शाखा तथा विद्यालयको तथ्याङ्क पद्धति व्यवस्थापन | पटक | १ | १ | १ | १ | १ | ५ | |

# परिच्छेद ५

## अन्य उपक्षेत्र

### ५.१ छात्रवृत्ति

### ५.१.१ परिचय

बालबालिकाको विद्यालय शिक्षामा पहुँच तथा सहभागिता अभिवृद्धि गराउने उद्देश्यका साथ न्यून आय भएका परिवार, सुविधाविहीन तथा कठिन परिस्थितिमा रहेका, अपाङ्गता भएका एवं द्वन्द्व पीडित विद्यार्थीलाई बर्षेनी छात्रवृत्ति प्रदान गर्ने गरिन्छ । नियमित छात्रवृत्ति वितरणका कारण विद्यालयमा नियमित उपस्थित हुन र सिकाइमा सक्रियतापूर्वक सहभागी हुने उत्प्रेरणा प्राप्त हुने भएकोले बालबालिकाको सिकाइमा वृद्धि भई शिक्षाको गुणस्तर सुधार गर्न योगदान पुग्दछ ।

नेपालको संविधान तथा अन्य विभिन्न नीति तथा कार्यक्रमहरूले शिक्षामा समता तथा समावेशी ढङ्गवाट पहुँच अभिवृद्धिका लागि विभिन्न लक्षित समुदायलाई छात्रवृत्ति वितरणको प्रावधान गरेको छ । लक्षित समुदायहरूमा विशेषत: गरिब, अपाङ्गता भएका, सुविधाविहीन तथा विभिन्न किसिमले कठिन परस्थितिमा रहेका बालबालिकालाई छात्रवृत्तिलगायत अतिरिक्त सहयोग गर्ने गरिन्छ । विद्यालयमार्फत विद्यार्थीलाई प्रदान गरिने यस्ता सहयोग विद्यार्थीको सिकाइ सहभागितासँग सम्बन्धित रही शिक्षाको गुणस्तर सुधार्नु हो ।

मिक्लाजुङ गाउँपालिकामा रहेका सामुदायिक विद्यालयहरूले दलित, छात्रा, अपाङ्गता भएका र जेहेन्दार छात्रवृत्ति हरेक साल नीति नियमानुसार प्रदान गर्दै आएको छ भने संस्थागत विद्यालयहरूले पनि लक्षित समुदायका बालबालिकालाई छात्रवृत्ति लगायत अतिरिक्त सहयोग प्रदान गर्दै आएको छ ।

### ५.१.२ वर्तमान अवस्था

नेपाल सरकारले विद्यालय तहका लक्षित समुदायका बालबालिकाका लागि नीतिनियमानुसार विभिन्न किसिमका छात्रवृत्ति प्रदान गरिरहेको छ । मिक्लाजुङ गाउँपालिका अन्तर्गत आधारभूत तह कक्षा १-५ मा अध्ययनरत कुल विद्यार्थी २१६३ जनामध्ये लक्षित समूहका छात्रा १०३८ जना, कक्षा १-५ का छात्र १०६ र दलित १२३ जना गरी शैक्षिक सत्र २०८१ मा २२९ जनाले यो सुविधा लिएका छन् । यसका अतिरिक्त शिक्षा दिवसको अवसरमा प्राविधिक धार अध्ययन गर्ने विद्यार्थीहरूको लागि छात्रवृत्ति प्रदान गरिनेछ । आधारभूत तहको अन्तिम परीक्षामा उत्कृष्ट नतिजा ल्याउने गाउँपालिका भरिका १/१ छात्र र छात्रालाई पुरस्कार स्वरूप नगद प्रदान गर्दै लगिनेछ । SEE उत्तीर्ण उत्कृष्ट विद्यार्थी र विद्यालयलाई पुरस्कार स्वरूप नगद वितरण गर्दै आएको छ भने सामुदायिक विद्यालयमा अध्ययनरत कक्षा ६-१२ का विद्यार्थीहरूलाई PMT फारामका आधारमा प्रदान गरिने छात्रवृत्तिमा सहभागी गराउनका लागि सहजीकरण गरिएको छ । यस गाउँपालिकामा गैरआवासीय तथा आवासीय छात्रवृत्ति व्यवस्थातर्फ ध्यानदिनु पर्ने देखिन्छ ।

वार्षिक रूपमा तपसिलका शीर्षकमा ससर्त अनुदानमा आधारित विद्यालयमार्फत छात्रवृत्ति वितरण भइरहेको छ:

१) छात्रा छात्रवृत्ति प्रति विद्यार्थी - रु ४००/-
२) दलित छात्रवृत्ति प्रति विद्यार्थी - रु ४००/-
३) अपाङ्गता भएका छात्रवृत्ति प्रति विद्यार्थी – (अवस्था हेरी १०००/३०००/५०००)
४) आवासीय रूपमा बस्नेका लागि – ५००००
**५)** PMT लक्षित छात्रवृत्ति: **(PMT फाराम भरी छनौटमा परेका लाई मात्र)**
   क) प्राथमिक तह प्रति विद्यार्थी - रु १२०००/-

ख) निम्नमाध्यमिक तह प्रति विद्यार्थी - रु १४०००/-

ग) माध्यमकि तह प्रति विद्यार्थी - रु १६०००/-

घ) प्रमाण तह वा उच्च माध्यमिक तह प्रति विद्यार्थी - रु १८०००/-

६) क्रियागत क्षमता भएका विद्यार्थी प्रति विद्यार्थी - रु ४०००/-

छात्रवृत्ति रकम अति नै न्यून रहेकोले यसबाट जति सहयोग हुनुपर्ने हो त्यति हुन नसकेको र विद्यालय शिक्षाका गतिविधिहरूलाई निरन्तरता दिन जरुरी देखिन्छ। मिक्लाजुङ गाउँपालिका क्षेत्रभित्र क्रियागत क्षमताका बालबालिकाहरू केही पहिचान भएता पनि यस पालिकामा स्रोत विद्यालयहरू सञ्चालनमा नरहेको हुनाले बालबालिकाहरू पठनपाठनका लागि बाह्य जाने गरेका छन।

### ५.१.३. अवसर र चुनौती

**अवसर:**

- छात्रवृत्ति कार्यक्रम राज्यको नीतिगत प्रावधानमा समेटिनु,
- लक्षित वर्ग प्रत्यक्षरूपमा लाभान्वित हुनु,
- राजनीतिक दलहरू छात्रवृत्तिप्रति सकारात्मक हुनु,
- दाताहरूद्वारा छात्रवृत्ति लक्षित कोषहरूको स्थापना हुँदैजानु,
- विद्यार्थी लक्षित सामग्री दाता तथा दातृ निकायद्वारा वितरण कार्य बढ्दै जानु।

**चुनौतीः**

- छात्रवृत्तिको रकम पर्याप्त बनाउन,
- छात्रवृत्ति वितरणमा वर्गीय आधार समेत समेट्न,
- दाता तथा स्रोतको पहिचान गरी प्रबन्ध गर्न,
- दिइदै आएका सबै छात्रवृत्तिलाई निरन्तरता दिन,
- छात्रवृत्ति वितरण र यसको प्रभावकारिताको अनुगमन र मूल्याङ्कनलाई प्रभावकारी बनाउन,
- छात्रवृत्तिसहित सामुदायिक आवासीय विद्यालय व्यवस्थापन गर्न।

### ५.१.४ उद्देश्य

- लक्षित वर्गको पहिचान, तथ्याङ्क सङ्कलन र वर्गीकरण गर्नु,
- छात्रवृत्तिका लागि स्रोत पहिचान र प्रबन्ध गर्नु,
- आर्थिक रूपले विपन्न, अपाङ्गता भएका र कठिन परिस्थितिमा रहेका बालबालिकालाई छात्रवृत्तिमा सहभागिता वृद्धि गर्नु।
- विद्यालय शिक्षामा आकर्षित गराई टिकाउदर वृद्धि गर्नु।

### ५.१.५ रणनीति

- सामुदायिक सिकाइ केन्द्र, वि.व्य.स. र शि.अ.सङ्घ परिचालन गरी लक्षित वर्गको पहिचान, तथ्याङ्क सङ्कलन र वर्गीकरण गरिने छ।

- नियमित स्रोतको व्यवस्थापन तथा आन्तरिक स्रोत परिचालन एवं दाताको खोजी गरी स्रोत प्रबन्ध गरिने छ।
- सुनिश्चित मापदण्डको आधारमा छात्रवृत्तिमा अधिकतम विद्यार्थीको सहभागिता गरिने छ।
- विद्यालय उमेरका बालबालिकालाई छात्रवृत्तिद्वारा विद्यालय शिक्षामा आकर्षित गराई टिकाउ दर वृद्धि गरिने छ।

### ५.१.६. उपलब्धि, नतिजा, मुख्य क्रियाकलाप तथा लक्ष्य

**उपलब्धि**

- लक्षित बालबालिकाहरूले शिक्षाको अवसर पाएका हुने।

**नतिजाः**

- लक्षित वर्गको पहिचान, तथ्याङ्क सङ्कलन र वर्गीकरण भएको हुने छ।
- छात्रवृत्तिका लागि स्रोत पहिचान र प्रबन्ध गरिएको हुने छ।
- आर्थिक रूपले विपन्न, अपाङ्गता भएका र कठिन परिस्थितिमा रहेका बालबालिकालाई छात्रवृत्तिमा सहभागिता वृद्धि भएको हुने छ।
- विद्यालय शिक्षामा आकर्षित भई टिकाउ दर वृद्धि भएको हुने छ।

***प्रमुख क्रियाकलाप तथा लक्ष्य***

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | एकाइ | भौतिक लक्ष्य ५ वर्ष | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | |
| १ | लक्षित वर्गको पहिचान, तथ्याङ्क सङ्कलन र वर्गीकरण | पटक | १ | १ | १ | १ | १ | ५ | |
| २ | छात्रवृत्ति वितरण कार्यक्रम (वसन्त पञ्चमीका दिन) | विद्यालय | ५६ | ५६ | ५६ | ५६ | ५६ | ५६ | |
| ३ | छात्रवृत्ति वितरणको अनुगमन तथा अभिलेख रुजु | पटक | १ | १ | १ | १ | १ | ५ | |
| ४ | छात्रवृत्ति व्यवस्थापन PMT सहित अभिमुखीकरण कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | १ | |
| ५ | विद्यालयमा छात्रवृत्ति कोषको स्थापना तथा वार्षिक वितरण | पटक | ० | १ | ० | ० | ० | १ | कार्यविधि मार्फत |
| ६ | छात्रवृत्ति व्यवस्थापनका लागि विभिन्न सङ्घसंस्थासँग समन्वय तथा सहकार्यका लागि बैठक तथा छलफल | पटक | १ | १ | १ | १ | १ | ५ | |
| ७ | उच्च शिक्षा तथा प्राविधिक धारमा अध्ययन गर्ने विद्यार्थीलाई छात्रवृत्ति वितरण | पटक | १ | १ | १ | १ | १ | ५ | आवश्यक भए |

### ५.२. सार्वजनिक-निजी शिक्षा साझेदारी

#### ५.२.१ परिचय

नेपालमा सार्वजनिक–निजी शिक्षा साझेदारी (Public–Private Partnership in Education) सम्बन्धी कानुनी प्रावधानहरू शिक्षा क्षेत्रमा गुणस्तर वृद्धि, पहुँच विस्तार, र स्रोतको अधिकतम उपयोग गर्ने उद्देश्यका साथ विकसित गरिएका छन्। शिक्षा नीति, कानुन, तथा योजना दस्तावेजहरूमा सार्वजनिक–निजी साझेदारीलाई समावेश गरिँदै आएको छ, विशेष गरी पछिल्ला वर्षहरूमा शिक्षाको सार्वभौमिक पहुँच, गुणस्तर सुधार, र नवप्रवर्तनात्मक शैक्षिक अभ्यासलाई प्रोत्साहन गर्ने सन्दर्भमा संविधानको धारा ३१ ले शिक्षा प्राप्त गर्ने हकलाई मौलिक अधिकारको रूपमा सुनिश्चित गरेपनि त्यसको कार्यान्वयनमा सरकारी स्रोत मात्र प्रयाप्त नहुने देखिँदा निजी क्षेत्रको सहकार्य अपरिहार्य बन्दै गएको हो।

नेपाल सरकारले जारी गरेको शिक्षा ऐन, २०२८ (संशोधित) तथा त्यसअनुसार तयार गरिएका नियमावलीहरूमा निजी क्षेत्रको सहभागितामा शैक्षिक संस्था स्थापनाको प्रावधान छ। यस्तै, शिक्षा नीति, २०७६ मा निजी क्षेत्र र सरकारी निकायबीचको साझेदारीलाई प्रोत्साहन गर्दै, नवप्रवर्तन, प्रविधिको प्रयोग, सिकाइको गुणस्तर, र कार्यक्षमता अभिवृद्धिका लागि साझेदारी आवश्यक हुने स्पष्ट गरिएको छ। नीति अनुसार, निजी क्षेत्रसँग सहकार्य गरेर सामुदायिक विद्यालयहरूको सुदृढीकरण गर्न सकिनेछ, जस्तैः पूर्वाधार विकास, शिक्षक तालिम, प्राविधिक शिक्षा सञ्चालन वा व्यवस्थापनमा सहकार्य।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहलाई शैक्षिक योजना निर्माण, विद्यालय व्यवस्थापन, तथा साझेदारी विकासमा प्रमुख भूमिका दिइएको छ। स्थानीय तहहरूले निजी क्षेत्रसँग सहकार्य गरेर विद्यालय व्यवस्थापन गर्न सक्ने, आवश्यक परे सम्झौता गरेर कार्यक्रम सञ्चालन गर्न सक्ने कानुनी आधार रहेको छ। त्यसैगरी, विद्यालय क्षेत्र विकास योजना **(School Sector Development Plan, SSDP)** तथा **विद्यालय शिक्षा क्षेत्रको योजना (School Education Sector Plan, SESP)** अन्तर्गत पनि निजी क्षेत्रको भूमिकालाई मान्यता दिइएको छ, जहाँ सार्वजनिक–निजी साझेदारीलाई माध्यमिक तथा प्राविधिक शिक्षामा प्राथमिकता दिइएको छ।

यसबाहेक, सार्वजनिक–निजी साझेदारी (**PPP**) नीति, २०७२ मा शिक्षा पनि PPP मार्फत सेवा प्रवाह गर्न सकिने क्षेत्रको रूपमा समावेश छ। यस नीतिअनुसार, सार्वजनिक र निजी क्षेत्रबीच पारदर्शी सम्झौता गरेर सेवा प्रदान गर्न सकिन्छ। यसले शिक्षामा लगानी, नवप्रवर्तन र गुणस्तर सुधारका अवसरहरू सिर्जना गर्ने अपेक्षा गरिएको छ। PPP परियोजनामा नाफा मात्र नभई सामाजिक उत्तरदायित्व, समावेशीता र पहुँचमा ध्यान दिनुपर्ने स्पष्ट व्यवस्था छ। हालको विद्यालय शिक्षा नियमावली, २०७९ मा पनि वैकल्पिक व्यवस्थापनका रूपमा निजी क्षेत्र, सङ्घसंस्थासँग सहकार्य गरेर विद्यालय सञ्चालन गर्न सकिने कुरा उल्लेख छ। उदाहरणका लागि, सामुदायिक विद्यालयको व्यवस्थापन एनजिओ, निजी संस्था वा सङ्घसँग सम्झौताबाट सञ्चालन गर्न सकिने प्रावधानले साझेदारीलाई कानुनी मान्यता दिएको छ।

अन्ततः नेपालको शिक्षामा सार्वजनिक–निजी साझेदारीलाई कानुनी रूपमा वैधता दिइएको छ र विभिन्न नीति, ऐन तथा योजनामा यसलाई सशक्त रुपमा उल्लेख गरिएको छ। तर, साझेदारीको कार्यान्वयन गर्दा पारदर्शिता, जवाफदेहिता, गुणस्तर, पहुँच र समावेशीतालाई सन्तुलित रूपमा सम्बोधन गर्नु जरुरी छ। त्यसैले, यस्ता साझेदारीहरू नाफामुखीभन्दा सेवामुखी, समावेशी र सामाजिक न्याय सुनिश्चित गर्ने खालका हुनुपर्छ भन्ने शिक्षानीतिगत दृष्टिकोण महत्वपूर्ण रहन्छ।

#### ५.२.२ वर्तमान अवस्था

मिक्लाजुङ गाउँपालिकामा हाल ८ वटा संस्थागत विद्यालयहरू सञ्चालनमा छन्, जसले पालिका क्षेत्रको शिक्षामा महत्वपूर्ण योगदान पुऱ्याउँदै आएका छन्। यी विद्यालयहरूले गुणस्तरीय शिक्षामा जोड दिँदै शैक्षिक सुधारको दिशामा उल्लेखनीय पहल

गरेका छन् । प्रविधियुक्त शिक्षण, दक्ष शिक्षकहरूको संलग्नता, र विद्यार्थीमैत्री सिकाइ वातावरणले गर्दा विद्यार्थीहरूको शैक्षिक उपलब्धिमा निरन्तर सुधार देखिएको छ । शिक्षणमा प्रयोग हुने नवीनतम विधिहरू, अनुशासित प्रशासनिक प्रणाली र अतिरिक्त क्रियाकलापहरूको सशक्त समायोजनले विद्यार्थीहरूलाई सिर्जनशील, आत्मविश्वासी र प्रतिस्पर्धी बनाउने प्रयास गरिएको छ । यसका साथै, अभिभावकहरूलाई समेत विद्यालयको निर्णय प्रक्रियामा सहभागी गराउँदै नियमित बैठक, छलफल र अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिन्छ, जसले विद्यालय–समुदाय सम्बन्धलाई मजबुत बनाएको छ । एसईई लगायतका परीक्षामा पनि केहि संस्थागत विद्यालयहरूले सन्तोषजनक नतिजा हासिल गर्दै आएका छन्, जुन गुणस्तरीय शिक्षाको सङ्केत मान्न सकिन्छ । यद्यपि, केही विद्यालयहरूमा अझै दक्ष शिक्षकको अभाव, शुल्क संरचनाको एकरूपता नहुनु, र स्थानीय तहसँग समन्वयको कमीजस्ता चुनौतीहरू विद्यमान छन् ।

यी चुनौतीहरूको समाधानका लागि स्थानीय सरकारसँग सहकार्य गर्दै शिक्षक तालिम कार्यक्रम सञ्चालन, ICT को प्रयोग विस्तार, र समाजका सीमान्तकृत समूहका लागि छात्रवृत्तिको सुनिश्चितता जस्ता सुधारका कार्यक्रमलाई प्राथमिकता दिइनु आवश्यक देखिन्छ । समग्रमा, मिक्लाजुङ गाउँपालिकाका संस्थागत विद्यालयहरूले गुणस्तरीय शिक्षातर्फ सकारात्मक पाइला चालिरहेका छन् र आगामी दिनमा थप प्रभावकारी र समावेशी शिक्षाका लागि नीति र कार्यक्रममार्फत उनीहरूलाई प्रोत्साहन गर्न सकिन्छ ।

मिक्लाजुङ गाउँपालिका भित्र रहेका संस्थागत विद्यालयहरूले स्थानीय शिक्षा प्रणालीमा उल्लेखनीय भूमिका खेलेका छन् । यिनले निजी लगानीमा शिक्षण कार्य सञ्चालन गर्दै आएकाले प्रतिस्पर्धात्मक गुणस्तर कायम गर्नुपर्ने आवश्यक छ । तथापि, गुणस्तरीय शिक्षा, सुशासन, शिक्षकको व्यावसायिकता, सिकाइ उपलब्धि, समावेशी पहुँच, प्राविधिक पूर्वाधार आदिमा अझ सुधार आवश्यक देखिएको छ । त्यसैले पालिकास्तरीय शिक्षा योजनामा संस्थागत विद्यालयहरूको सुधारका लागि केहि रणनीति सहितको योजना आवश्यक छ ।

### ५.२.३ चुनौती र अवसर

**चुनौती:**

- साझेदारीको स्पष्ट कार्यविधि, अधिकार र दायित्व निर्धारण गर्ने नीति तथा कानुनी ढाँचा स्पष्ट नहुनु
- सरकारी र निजी क्षेत्रबिच आपसी विश्वासको कमी
- सार्वजनिक तथा निजी विद्यालय बीच गुणस्तरमा समानता हुन
- स्रोत साधनको असमान वितरण
- निजी विद्यालयहरू सामाजिक उत्तरदायित्व भन्दा आर्थिक लाभमा बढी केन्द्रित हुनु,
- साझेदार संस्थाहरूको कामकाजको अनुगमन तथा मूल्याङ्कन प्रणाली स्पष्ट र प्रभावकारी नहुनु,
- साझेदारी सञ्चालन गर्न स्थानीय तहको नेतृत्वमा क्षमता, तालिम तथा अनुभवको कमी,
- राजनीतिक हस्तक्षेपले साझेदारीको निष्पक्षता र प्रभावकारितामा प्रभाव पर्नु
- दिगोपनाको अभाव

**अवसर:**

- निजी क्षेत्रको आर्थिक, प्राविधिक र भौतिक स्रोतहरू साझेदारीमार्फत उपयोग गर्न सकिने,

- निजी क्षेत्रले अपनाउने नवीन प्रविधि, सिकाइ शैली, र व्यवस्थापन प्रणालीलाई साझा गर्दै सरकारी तथा संस्थागत विद्यालयको गुणस्तर सुधार गर्न,
- साझेदारीले डिजिटल शिक्षा, स्मार्ट क्लासरूम, अनलाइन सिकाइ जस्ता आधुनिक उपायहरू विस्तार गर्न,
- भौगोलिकरूपमा दुर्गम वा पहुँच विहीन क्षेत्रमा निजी क्षेत्रसँगको सहकार्यले शिक्षा सेवा पुऱ्याउन,
- निजी क्षेत्रसँग सहकार्य गरी स्थानीय बजारका मागअनुसार सीप विकास कार्यक्रम सञ्चालन गर्न,
- शिक्षा क्षेत्रमा दीर्घकालीन लगानी तथा योजनाबद्ध विकासका लागि साझेदारीले संस्थागत संरचना निर्माण गर्न,
- निजी र सार्वजनिक क्षेत्र मिलेर कार्य गर्दा स्थानीय समुदायको विश्वास र सहभागिता बढाउन,
- शिक्षकहरूका लागि निजी संस्थाबाट तालिम, प्रशिक्षण र दक्षता अभिवृद्धि कार्यक्रम सञ्चालन गर्नु,
- गाउँशिक्षा कार्यक्रमको प्रभावकारी मूल्याङ्कन गर्नु,

### ५.२.४ उद्देश्य

- संस्थागत विद्यालयहरूमा गुणस्तरीय, समावेशी र जीवनोपयोगी शिक्षाको सुनिश्चितता गर्नु।
- सार्वजनिक र निजी क्षेत्रबीचको सहकार्यलाई सुदृढ गर्दै गुणस्तरीय र पहुँचयोग्य शिक्षाको प्रवर्द्धन गर्नु।
- शिक्षा क्षेत्रमा निजी स्रोत, सीप र प्रविधिको उपयोगद्वारा सार्वजनिक तथा संस्थागत विद्यालयहरूको शैक्षिक क्षमता अभिवृद्धि गर्नु।
- स्थानीय आवश्यकता र सन्दर्भअनुसार रोजगारमुखी तथा सीप आधारित कार्यक्रमहरू सञ्चालन गर्न निजी क्षेत्रसँग सहकार्य गर्नु।
- साझेदारी कार्यक्रमहरूको पारदर्शिता, उत्तरदायित्व र दिगोपनालाई सुनिश्चित गर्दै संस्थागत संरचना विकास गर्नु।
- शिक्षामा सामाजिक न्याय, समान अवसर र समावेशी शिक्षाको प्रवर्द्धनमा निजी क्षेत्रको सहभागिता विस्तार गर्नु।

### ५.२.५ रणनीति

- शिक्षकहरूको पेसागत/व्यावसायिक क्षमता विकास गरिने छ।
- शैक्षिक नेतृत्व तथा विद्यालय व्यवस्थापन प्रणालीमा सुधार गरिने छ।
- हरेक शैक्षिक सत्रमा कम्तीमा १ पटक व्यावसायिक विकास तालिम सञ्चालन गरिने।
- शिक्षक सिकाइ सञ्जाल (TLC) निर्माण गरिने छ।
- पालिकास्तरीय परीक्षा प्रणाली मार्फत संस्थागत विद्यालयहरूको नतिजा प्रकाशनमा जोड दिइनेछ।
- सबै संस्थागत विद्यालयहरूलाई वेब बेस अन्तर्गतको इमिस प्रणालीमा अद्यावधिक गराइने छ ।
- प्रविधिमैत्री शिक्षण प्रणालीको विकास साझेदारी शिक्षा मार्फत गरिनेछ।
- पाठ्यक्रम अनुसार विकास भएका पाठ्यपुस्तकहरू सबै संस्थागत विद्यालयमा एकरूपता गराइने छ।
- सार्वजनिक र निजी क्षेत्रविचको सहकार्य सुदृढ गर्दै शिक्षाको गुणस्तर र पहुँच वृद्धिमा सुनिश्चित गरिनेछ।
- शैक्षिक प्रविधि र स्रोतको उपयोग गरेर विद्यालयहरूको शैक्षिक क्षमता अभिवृद्धि गरिनेछ।
- सीप विकास र रोजगारमुखी कार्यक्रमहरूको कार्यान्वयनमा सार्वजनिक र निजी क्षेत्रको सहकार्य सुनिश्चित गरिनेछ।

- साझेदारी कार्यक्रमहरूको पारदर्शिता र दिगोपनालाई सुनिश्चित गर्दै संस्थागत संरचना र व्यवस्थापन सुधार गरिनेछ।
- समावेशी र सामाजिक न्यायको आधारमा शिक्षा प्रणालीलाई सुदृढ गरिनेछ।
- विद्यालय व्यवस्थापन र नेतृत्व सुधार गरिने छ।
- अभिभावक–शिक्षक अन्तरक्रिया कार्यक्रम (Parents-Teacher-Meeting) नियमित गरिनेछ।
- हरेक वर्ष सामुदायिक र संस्थागत विद्यालयहरूको सहभागितामा शिक्षा मेलाको आयोजना गरिने छ।
- सामाजिक अडिट प्रणाली नियमित र व्यवस्थित गरिने छ।
- स्तरीय परीक्षा प्रणालीको विकास गरिने छ।
- अनुगमन तथा सुपरिवेक्षणलाई नियमित र प्रभावकारी बनाइने छ।

### ५.२.६ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य निर्धारण

**उपलब्धि**

- सबै संस्थागत विद्यालयमा गुणस्तरीय शिक्षाको पहुँच सुनिश्चित भएको हुने छ।
- विद्यार्थीको सिकाइ उपलब्धि न्यूनतम अपेक्षित स्तरभन्दा माथि पुग्ने छ।
- सबै विद्यालयमा डिजिटल शिक्षणका आधारभूत पूर्वाधार स्थापना हुने।
- शिक्षकहरूबीच 'सिकाइ सञ्जाल' को विकास भई नियमित अनुभव साझेदारी भइरहेको छ।
- सबै संस्थागत विद्यालयमा कम्तीमा एउटा 'स्मार्ट कक्षा' सञ्चालनमा आएको हुने।
- अभिभावक र समुदायको सहभागितामा वृद्धि हुने।
- विद्यालय व्यवस्थापन समिति (SMC) को बैठकहरू नियमित गराई निर्णयहरू सार्वजनिक गरिनेछन्।
- विद्यालय विकास/सुधार योजना (SDP) सबै विद्यालयमा तयार हुने छ।
- विद्यालय सामाजिक अडिट प्रक्रिया अपनाउन थालेको छ जसले पारदर्शिता र जवाफदेहितामा टेवा पुऱ्याएको छ।
- साझेदारी कार्यक्रमहरूको पारदर्शिता र दिगोपनालाई सुनिश्चित गर्दै संस्थागत संरचना र व्यवस्थापन सुधार हुने
- शैक्षिक प्रविधि र स्रोतको उपयोग गरेर विद्यालयहरूको शैक्षिक क्षमता अभिवृद्धि हुने

**नतिजा:**

- संस्थागत विद्यालयहरूमा गुणस्तरीय, समावेशी र जीवनोपयोगी शिक्षाको सुनिश्चितता भएको हुने छ।
- सार्वजनिक र निजी क्षेत्रबीचको सहकार्यलाई सुदृढ गर्दै गुणस्तरीय र पहुँचयोग्य शिक्षाको प्रवर्द्धन भएको हुने छ।
- शिक्षा क्षेत्रमा निजी स्रोत, सीप र प्रविधिको उपयोगद्वारा सार्वजनिक तथा संस्थागत विद्यालयहरूको शैक्षिक क्षमता अभिवृद्धि भएको हुने छ।
- स्थानीय आवश्यकता र सन्दर्भअनुसार रोजगारमुखी तथा सीप आधारित कार्यक्रमहरू सञ्चालन गर्न निजी क्षेत्रसँग सहकार्य गरिएको हुने छ।
- साझेदारी कार्यक्रमहरूको पारदर्शिता, उत्तरदायित्व र दिगोपनालाई सुनिश्चित गर्दै संस्थागत संरचना विकास भएको हुने छ।

- शिक्षामा सामाजिक न्याय, समान अवसर र समावेशी शिक्षाको प्रवर्द्धनमा निजी क्षेत्रको सहभागिता विस्तार भएको हुने छ।

### प्रमुख क्रियापलाप तथा लक्ष्यहरू

| क्र.स. | प्रमुख क्रियाकलापहरू | एकाइ | भौतिक लक्ष्य ५ वर्ष | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | |
| १ | विद्यालय भर्ना अभियान (Nursery-class 10) | पटक | १ | १ | १ | १ | १ | ५ | PABSON/N-PABSON |
| २ | विषयगत तथा समन्वयात्मक शिक्षक तालीम (Language, Math, Science आदि) | पटक | १ | १ | १ | १ | १ | ५ | समन्वय गरी |
| ३ | प्रविधिमैत्री शिक्षण तालिम (ICT Integration, Smart Class प्रयोग) तथा नियमित शिक्षक सिकाइ सञ्जाल (TLC) बैठक तथा कार्यशाला | पटक | १ | १ | १ | १ | १ | ५ | समन्वय गरी |
| ४ | कमजोर विद्यार्थीका लागि Remedial Classes तथा क्रियाशील सिकाइ प्रविधिको प्रयोग (Project-based learning, Group work) | पटक | ३ | ३ | ३ | ३ | ३ | १५ | |
| ५ | विद्यालयस्तरीय पाठ्यक्रमसँग सम्बन्धित अन्तरक्रियात्मक प्रतियोगिता (Debate, Quiz, Spelling Bee) | पटक | ३ | ३ | ३ | ३ | ३ | १५ | |
| ६ | विद्यार्थीलाई लक्षित तालिम (Life skills, Communication skills) | पटक | १ | १ | १ | १ | १ | ५ | |
| ७ | डिजिटल शिक्षण सामग्री विकास तथा प्रयोग प्रशिक्षण | पटक | १ | १ | १ | १ | १ | ५ | |
| ८ | शिक्षक तथा विद्यार्थीका लागि अनलाइन स्रोतको पहुँच विस्तार | पटक | १ | १ | १ | १ | १ | ५ | |
| ९ | विद्यालय व्यवस्थापन समिति (SMC) र PTA का लागि नेतृत्व विकास तालिम | पटक | १ | १ | १ | १ | १ | ५ | |
| १० | विद्यालयमा सामाजिक अडिट प्रणाली | पटक | १ | १ | १ | १ | १ | ५ | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | कार्यान्वयन | | | | | | | | |
| ११ | गणित/विज्ञान प्रयोगशाला/ICT प्रयोगशालाको स्थापना तथा स्तरोन्नति | पटक | आवश्कताअनुसार | | | | | | |
| १२ | खानेपानी, सरसफाई, स्वच्छता र विद्यालय सौन्दर्यीकरण कार्यक्रम (Green School Initiative) | पटक | निरन्तर | | | | | | |
| १३ | सामुदायिक शिक्षा संवाद कार्यक्रम (Education Dialogue) तथा शिक्षा मेला तथा प्रदर्शनी कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ | |
| १४ | सिकाइ उपलब्धि परीक्षण तथा नतिजा विश्लेषण कार्यशाला | पटक | ३ | ३ | ३ | ३ | ३ | १५ | |
| १५ | रोजगारमुखी तथा सीप आधारित कार्यक्रमहरू सञ्चालन गर्न स्रोत संस्थाको पहिचान र सहकार्य गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ | |
| १६ | संस्थागत विद्यालयहरूले इमिस अध्यावधिक गर्नुपर्ने | पटक | निरन्तर | | | | | | |
| १७ | शिक्षामा सामाजिक न्याय, समान अवसर र समावेशी शिक्षाको प्रवर्द्धनमा छात्रवृत्ति लगायत अन्य कुराहरूमा निजी क्षेत्रको सहभागिता | पटक | १ | १ | १ | १ | १ | ५ | |
| १८ | संस्थागत विद्यालयमा अध्ययनरत विद्यार्थीका लागि समतामूलक छात्रवृत्तिको व्यवस्था | पटक | १ | १ | १ | १ | १ | ५ | |
| १९ | अति विपन्न तथा पछाडिएका वर्गका बालबालिकाहरूका लागि शैक्षिक सामग्री सहयोग | पटक | १ | १ | १ | १ | १ | ५ | |

# परिच्छेद ६ सुशासन तथा व्यवस्थापन

## ६.१ शिक्षाको व्यवस्थापन तथा संस्थागत विकास

शिक्षा पद्धतिमा निर्णय तथा कार्यन्वयनको समग्र प्रक्रियाले शासकीय (Governance) लाई जनाउँदछ । यसमा संरचना तथा प्रतिक्रिया दुबै प्रर्दछन् । विद्यालय क्षेत्रको यो योजनाका सम्दर्भमा शासकीय प्रबन्धअन्तर्गत योजनाको प्रभावकारी ढङ्गले तथा कुशलतापूर्वक कार्यन्वयन गरी बालबालिकाको सहभागिता र सिकाईमा सुधार गर्न आवश्यक सरचना, भुमिका तथा कार्य प्रक्रिया समावेश हुन्छन् । यस्ता सरचना तथा कार्यप्रक्रियाहरूले सहभागिता तथा सहमतिमा निर्णय लिनु तथा निर्णय कार्यन्वयन गर्नु, निश्चित दृष्टिकोण वा उदेश्यमा आधारित हुनु, कार्य सम्पादनमा प्रभावकारिता तथा कार्यकुशलता कायम गर्नु, विद्यार्थिको सिकाईप्रति जवाफदेहि भई पारदर्शी हुनु र विधिको सर्वच्चोता तथा समतालाई प्रोत्साहन गरी सुशासन (Good Governance) को प्रत्याभुति गर्नु पर्दछ । शिक्षामा तिनै तहका सरकार, विद्यालय तथा समुदाए, गैरसरकारी निकाय तथा विकास साझेदारहरूको भुमिका रहने भएकोले भूमिकाअनुसार सुशासन कायम गर्न यी सबैको योगदान रहन्छ ।

यसका लागि शैक्षिक योजना कार्यान्वयन गर्न संस्थागत क्षमता विकास, योजना कार्यान्वयनको जिम्मेवारी, प्रभावकारी अनुगमन तथा मूल्याङ्कन प्रणाली स्थापित गर्नुपर्छ । यसरी सुशासन तथा व्यवस्थापनका लागि योजनाका उद्देश्य, अपेक्षित नतिजा, कार्यक्रमको स्वरूप संवैधानिक प्रावधानका साथै सङ्घीय संरचनामा विभिन्न तहका सरकारका दायित्व, ज्ञान, प्रविधि, मूल्यमान्यता तथा दृष्टिकोणमा आएका परिवर्तनलाई विचार पुऱ्याउनु पर्दछ ।

### ६.१.१ वर्तमान अवस्था

शिक्षा क्षेत्रको संरचना हेर्दा सङ्घ अन्तरगत शिक्षा,विज्ञान तथा प्रविधि मन्त्रालय,शिक्षा तथा मानव स्रोत विकास केन्द्र र शिक्षा विकास तथा समन्वय इकाई त्यसैगरी प्रदेश अन्तर्गत, सामाजिक विकास मन्त्रालय, शिक्षा विकास निर्देशनालय, शिक्षा तालिम केन्द्र तथा सामाजिक विकास कार्यालय र स्थानीय तहमा सामाजिक विकास समिति अन्तरगत शिक्षा,युवा तथा खेलकुद शाखा रहेको छ । यस गाँउपालिकामा ५६ वटा सामुदायिक विद्यालय, ८ वटा संस्थागत विद्यालय ४६ वटा विद्यालयमा आधारित बालविकास केन्द्र र ५ वटा सामुदायिक सिकाइ केन्द्र रहेका छन् । प्रत्येक बाल विकास केन्द्र र विद्यालयहरूमा व्यवस्थापन समिति र शिक्षक अभिभावक सङ्घको व्यवस्थागरिएकोछ । यस गाँउपालिकाले विद्यालयको भौतिक पूर्वाधार विकास, शिक्षकको क्षमता विकास, बालबालिकाहरूका लागि अतिरिक्त क्रियाकलाप सञ्चालन, सूचना सञ्चार प्रविधिका उपकरणको विस्तार र प्रयोग, विद्यार्थी सिकाइ सहजीकरण मूल्याङ्कनमा आधुनिकता र एकरूपता, विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक सङ्घको क्षमता विकास र उत्तरदायित्व बोध तथा सरोकारवालाहरूलाई सक्रिय बनाइ विद्यार्थी सिकाइ उपलब्धी वृद्धि गर्न प्रयत्न गरिरहेको छ ।

### ६.१.३ उद्देश्य

- स्थानीय तह, वि.व्य.स., प्र.अ., शिक्षक, विद्यार्थी र अभिभावकलाई जवाफदेही बनाउनु ।
- विद्यालयमा सामाजिक परीक्षणलाई विधिसङ्गत कार्यान्वयन गर्नु ।
- उत्तरदायी, जवाफदेही, समता तथा समावेशिता अभिवृद्धि गर्नु ।
- विद्यार्थी, शिक्षक र अभिभावक आचार संहिता कार्यान्वयन गर्नु ।
- विद्यालयका जनशक्ति, संरचना र संयन्त्रको क्षमता अभिवृद्धि गर्नु ।

### ६.१.४ रणनीती

- शैक्षिक सत्रको सुरुमा एक तहमाथिका पदाधिकारी वा निकायसँग करार सम्झौता गरिने छ ।
- सामाजिक परीक्षण समितिले तयार गरेको प्रतिवेदन सरोकारवालाको उपस्थितिमा सार्वजनिक गरिने छ।
- समता तथा समावेशितालाई आधार मानी जिम्मेवारी बाँडफाँट गरी जवाफदेही बनाइने छ।
- निर्धारित योजनाअनुरूप कार्यसम्पादन प्रक्रिया अगाडि बढाइने छ।
- सरोकारवालाको सहभागितामा आचार संहिता निर्माण गरी कार्यान्वयन गरिने छ।
- दक्ष जनशक्ति व्यवस्थापनका लागि संयन्त्रको क्षमता अभिवृद्धि गर्न पेशागत तालिमको व्यवस्था गरिने छ।

### ६.१.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

उपलब्धि :

- सरोकारलाको सहभागिता वृद्धि हुने।
- सम्बद्ध सबै निकाय तथा विद्यालयमा सुशासन प्रवर्द्धन भई बालबालिकाको सिकाइप्रति उत्तरदायित्व विकास हुने।

प्रमुख नतिजा :

- स्थानीय तह, वि. व्य.स., प्र.अ., शिक्षक, विद्यार्थी र अभिभावकसँग जवाफदेहिताका लागि सम्झौता गरी कार्यान्वयन भएको हुने छ।
- विद्यालयमा सामाजिक परीक्षणलाई विधिसङ्गत कार्यान्वयन गरी पारदर्शिता कायम भएको हुने छ।
- कार्यसम्पादनप्रति उत्तरदायी, नतिजाप्रतिको जवाफदेही, समता तथा समावेशिता अभिवृद्धि भएको हुने छ।
- विद्यार्थी, शिक्षक र अभिभावक आचार संहिता कार्यान्वयन भएको हुने छ।
- विद्यालयका जनशक्ति, संरचना र संयन्त्रको क्षमता अभिवृद्धि भएको हुने छ।

### ६.१.५ प्रमुख क्रियाकलाप तथा परिमाणात्मक लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (पहिलो ५ वर्ष) | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | |
| १ | मिक्लाजुङ गाउँपालिका शिक्षा ऐन २०७९ संशोधन | पटक | ० | १ | ० | ० | ० | १ | |
| २ | कार्यविधि अनुरूप प्रअको छनोट र नेतृत्व सम्बन्धी तालिम | जना | ० | ५ | ६ | १० | १४ | ३५ | |
| ३ | विव्यस तथा प्रअको क्षमता विकास कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ | |
| ४ | आचारसंहिताको निर्माण र कार्यान्वयन | विद्यालय | ५६ | ५६ | ५६ | ५६ | ५६ | ५६ | |
| ५ | प्रधानाध्यापक, शिक्षक, विद्यार्थी र | पटक | १ | १ | १ | १ | १ | ५ | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | अभिभावकसँग कार्य सम्पादन करार सम्झौता | | | | | | | | |
| ६ | विद्यालय सुधार योजना निर्माण, अद्यावधिक र कार्यान्वयन | विद्यालय | ५६ | ५६ | ५६ | ५६ | ५६ | ५६ | |
| ७ | सामाजिक परीक्षण तथा लेखा परीक्षण | विद्यालय | ५६ | ५६ | ५६ | ५६ | ५६ | ५६ | |
| ८ | कार्यविधि तयारसहित उत्कृष्ट विद्यालय, शिक्षक, प्र.अ., विव्यस र विद्यार्थीको घोषणा गरी पुरस्कार वितरण | पटक | १ | १ | १ | १ | १ | ५ | |
| ९ | विद्यालयको वार्षिक कार्यसम्पादन परीक्षण | पटक | १ | १ | १ | १ | १ | ५ | |
| १० | विद्यालयको अभिलेखीकरण तथा सुशासनको अनुगमन तथा निरीक्षण | पटक | निरन्तर | | | | | | |
| ११ | पूर्व विद्यार्थी समाज गठन | पटक | १ | १ | १ | १ | १ | ५ | |
| १२ | विद्यालयमा अक्षयकोष एवं आर्थिक स्रोत सङ्कलन | निरन्तर | निरन्तर | | | | | | |
| १३ | शिक्षा समितिको नियमित बैठक | पटक | ६ | ६ | ६ | ६ | ६ | ३० | |
| १४ | प्र.अ.को बैठक (मासिक/चौमासिक/ लिडर मा.वि. स्तरीय) भौतिक तथा भर्चुअल | पटक | ४ | ४ | ४ | ४ | ४ | २० | |

## ६.२ स्थानीय शिक्षा योजना कार्यान्वयनको प्रबन्ध

### ६.२.१ परिचय

योजना कार्यान्वयनको प्रबन्धअन्तर्गत वार्षिक योजना तथा बजेट तर्जुमा, क्रियाकलाप निर्धारण तथा कार्यान्वयन, वित्तीय व्यवस्थापन तथा अनुगमन र मूल्याङ्कनलगायत कार्यान्वयनका लागि आवश्यक संरचना, जनशक्ति, प्रक्रिया र जिम्मेवारी तथा उत्तरदायित्वहरू पर्दछन् । नेपालमा सङ्घीय संरचनाअनुसार सङ्घ, प्रदेश र स्थानीय तहको संरचना तयार भई क्रियाशील छ । जसले केही कानुनी प्रबन्धसहित मुख्य संरचना तथा जनशक्ति र जिम्मेवारी निर्धारण गरेको छ । कानुन कार्यान्वयन प्रबन्ध गर्दा यसको दिगोपन, प्रभावकारिता तथा कार्यकुशलतामा ध्यान दिनु आवश्यक छ ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले स्थानीय सरकारलाई दिएका शिक्षाका २३ अधिकारहरूको व्यवस्थाको प्रभावकारी कार्यान्वनयन तथा नेपाल सरकारले तय गरेको शिक्षा क्षेत्रको ५ वर्ष योजनाले तय गरेका लक्ष्यहरू पूरा गर्नमा स्थानीय सरकारले सहयोग, समन्वय तथा आत्मीकरण गर्नु आवश्यक रहेको छ । मिक्लाजुङ गाउँपालिकाले पनि समग्र पालिकाको विकास र परिवर्तनका लागि केही सोच, लक्ष्य, उद्देश्यसहित शिक्षा क्षेत्रको नीति तय गरेको छ ।

उल्लिखित सन्दर्भमा पालिकाको शिक्षासम्बन्धी नीति, कार्यक्रम, लक्ष्य, तथा उद्देश्य पूरा गर्न स्थानीय नगरपालिकाका आवश्यकताहरू पूरा गर्न आफ्नो परिवेशअनुसारको शिक्षा क्षेत्रको ५ वर्षे योजना तयार गर्नु आजको आवश्यकता छ। सबै स्थानीय सरकारले शिक्षा क्षेत्रलाई व्यवस्थित गर्न पालिका स्तरमा शिक्षा प्रोफाइल तथा शिक्षा योजना अति आवश्यक रहेकोले सो कार्य अगाडि बढाइएको छ।

### ६.२.२ वर्तमान अवस्था

मिक्लाजुङ गाउँपालिकामा जम्मा ५६ वटा सामुदायिक विद्यालयहरू रहेका छन् जसमा प्राथमिक तह १-३, आधारभूत तह २४ र माध्यमिक तह ११ ओटा छन् साथै ५ वटा सामुदायिक सिकाइ केन्द्रहरू रहेका छन्। बालविकास केन्द्रको विवरण हेर्दा जम्मा ४५ वटा बालविकास केन्द्रहरू रहेका छन्। जसमा ४५ वटा तत्कालीन जि.शि.का.बाट अनुमति प्राप्त र २ वटा मिक्लाजुङ गाउँपालिका वडा नं. २ बाट अनुमति दिई सञ्चालनमा रहेका छन् जसमा ४६ जना बालविकास सहजकर्ताहरू रहेका छन्। मिक्लाजुङ गाउँपालिकामा कार्यरत शिक्षक दरबन्दीको अवस्थालाई तलको तालिकामा देखाइएको छः

**मिक्लाजुङ गाउँपालिका शिक्षक दरबन्दी २०८२**

| क.स | तह | स्थायी | अनुदान/राहत | अस्थायी/अनुदान | जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | आधारभूत तह (१-५) | १५१ | २४ | | १७५ | |
| २ | आधारभूत तह (६-८) | ३७ | १३ | | ५० | |
| ३ | माध्यमिक तह (९-१०) | १२ | २० | | ३२ | |
| ४ | माध्यमिक तह (११-१२) | ० | ७ | | ७ | |
| ५ | माध्यमिक तह (प्राविधिक धार ९-१२) | | | २ | २ | प्रशिक्षक |
| ६ | निम्न माध्यमिक तह (६-८) प्राविधिक धार | | | २ | २ | सहायक प्रशिक्षक |
| | | २०० | ६४ | ४ | २६८ | |

मिक्लाजुङ गाउँपालिका मा प्राथमिक तहमा स्थायी १५१, राहत २४ दरबन्दी रहेका छन्। निम्न माध्यमिक तहमा स्थायी ३७, र राहत १३ दरबन्दी र माध्यमिक तहमा स्थायी १२, राहत २०, रहेका छन्। त्यसै गरी उच्च मा.वि.मा अनुदान कोटा ७ रहेका छन्। प्रदेश तहले १ जना स्वयं सेवक शिक्षकको समेत व्यवस्था गरेको छ।

मिक्लाजुङ गाउँपालिकामा गाउँ शिक्षा समितिको अगुवाइमा शिक्षा क्षेत्रका सम्पूर्ण क्रियाकलापहरू सञ्चालित छन्। गाउँपालिकाले स्थानीय पाठ्यक्रमअनुसार कक्षा १ देखि ८ सम्मको पाठ्यपुस्तक निर्माण गरी शैक्षिक सत्र २०८१ देखि लागु गरेको छ। यसले पालिकाको ऐतिहासिकता र समग्रता झल्काउन मद्दत गर्नेछ भने बालबालिकालाई स्थानीय परिवेश अनुकूल विषय क्षेत्रमा परिचित हुन सहयोग पुऱ्याउने छ।

### ६.२.३ उद्देश्य

- शिक्षा योजनाको प्रभावकारी कार्यान्वयनको सुनिश्चितता गर्नु।
- स्थानीय सरकार सञ्चालन ऐन २०७४ को शिक्षा सम्बन्धी व्यवस्थाको प्रभावकारी प्रयोग र कार्यान्वयन गर्नु।
- विद्यालय शिक्षा क्षेत्रको योजना (SESP) लाई प्रभावकारी रूपमा कार्यान्वयन गर्नु,
- एकीकृत शैक्षिक सूचना प्रणालीलाई व्यवस्थित गर्नु।

- विद्यालय शिक्षामा सुशासन कायम गर्नु ।
- गुणस्तरयुक्त शिक्षामार्फत मिक्लाजुङ गाउँपालिकाको दूरदृष्टिलाई साकार पार्न सहयोग गर्नु ।

### ६.२.४ रणनीति

- कार्यक्रम कार्यान्वयनका लागि आवश्यकतानुसार कानुन, कार्यविधि तथा निर्देशिका विकास गरिने छ ।
- सङ्घीय तथा प्रदेश तहबाट वित्तीय हस्तान्तरणमार्फत प्राप्त सशर्त अनुदान तथा अन्य अनुदान र आफ्नै स्रोतको बजेटसमेत सङ्कलन गरी वार्षिक शिक्षा बजेट तथा कार्यक्रम तयार गरिने छ ।
- कार्यक्रम कार्यान्वयनको नियमित अनुगमन तथा सहजीकरण गरी सम्भावित समस्या समाधानका लागि आवश्यक नीति निर्देशन तथा समन्वय गरिने छ ।
- SESP अन्तर्गत स्थानीय तहमार्फत सञ्चालन हुने कार्यक्रमलाई कार्यान्वयन गरिने छ ।
- विद्यालयका सम्पूर्ण विवरणहरू तयार गरी समयमै EMIS मा अद्यावधिक गरिने छ ।
- EMIS बाट प्राप्त नतिजाको विश्लेषण गरी सुधार गरिने छ ।
- विद्यालयमा विद्यालय व्यवस्थापन समिति तथा शिक्षक अभिभावक सङ्घ गठन गरिने छ ।
- विद्यालय सुधार योजना निर्माण तथा अद्यावधिक गरिने छ ।
- निर्धारित कार्यक्रम कार्यान्वयनका लागि प्रधानाध्यापकलाई जिम्मेवारी प्रदान गरी जवाफदेही र उत्तरदायी बनाइने छ ।
- वित्तीय व्यवस्थापन, खरिद प्रक्रिया, शिक्षक व्यवस्थापन जस्ता कार्यलाई व्यवस्थित गरिने छ ।
- बिपदबाट भएको सिकाइ क्षति आपूरण गर्न आवश्यक अनलाईन/अफलाईन तथा दूर शिक्षणमा अनुकूलन हुनका लागि शिक्षक सहयोगी पुस्तिका खरिद/तयार गरी कार्यान्वयन गरिने छ ।
- मिक्लाजुङ गाउँशिक्षा योजनालाई प्रभावकारी रूपमा कार्यान्वयन गरिने छ ।

### ६.२.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

**उपलब्धि**

१. शिक्षा योजनाको प्रभावकारी कार्यान्वयनको सुनिश्चितता भएको हुने ।

**प्रमुख नतिजा**

- शिक्षा योजनाको प्रभावकारी कार्यान्वयनको सुनिश्चितता भएको हुने छ ।
- स्थानीय सरकार सञ्चालन ऐन २०७४ को शिक्षा सम्बन्धी व्यवस्थाको प्रभावकारी प्रयोग र कार्यान्वयन भएको हुने छ ।
- विद्यालय शिक्षा क्षेत्रको योजना (SESP) प्रभावकारी रूपमा कार्यान्वयन गर्न सहयोग पुगेको हुने छ ।
- एकीकृत शैक्षिक सूचना प्रणाली व्यवस्थित गरिएको हुने छ ।
- विद्यालय शिक्षामा सुशासन कायम भएको हुने छ ।
- गुणस्तरयुक्त शिक्षामार्फत मिक्लाजुङ गाउँपालिकाको दूरदृष्टि साकार पार्न सहयोग पुगेको हुने छ ।

**प्रमुख क्रियाकलाप तथा लक्ष्य**

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (पहिलो ५ वर्ष) | जम्मा | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|

|  |  |  | १ | २ | ३ | ४ | ५ |  |  |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | वार्षिक बजेट तथा कार्यक्रम निर्माण | पटक | १ | १ | १ | १ | १ | ५ | विद्यालय, स्थानीय तह |
| २ | आवश्यक कानुन, निर्देशिका तथा कार्यविधिको विकास र अद्यावधिक | पटक |  | १ |  |  | १ | २ | शिक्षा युवा तथा खेलकुद शाखा |
| ३ | कानुन, निर्देशिका तथा मापदण्डको प्रबोधीकरण | समय |  | १ |  |  | १ | २ | शिक्षा युवा तथा खेलकुद शाखा, |
| ४ | विद्यालय सुधार योजना निर्माण एवं अद्यावधिक | पटक | १ | १ | १ | १ | १ | ५ |  |
| ५ | एकीकृत शैक्षिक सूचना प्रणाली व्यवस्थापन | पटक | निरन्तर |  |  |  |  |  | विद्यालय/स्थानीय तह |
| ६ | शैक्षिक गुणस्तर सुधारसम्बन्धी अन्तरक्रिया | पटक | १ | १ | १ | १ | १ | ५ |  |
| ७ | अनौपचारिक शिक्षा र जीवनपर्यन्त सिकाइसम्बन्धी कार्यक्रम सञ्चालन | पटक | निरन्तर |  |  |  |  |  | CLC |
| ८ | सामाजिक परीक्षणको प्रतिवेदनका आधारमा विद्यालयहरूलाई थप सहयोग/सहजीकरण | पटक | १ | १ | १ | १ | १ | ५ | नगरपालिका |
| ९ | शिक्षकको क्षमता विकास तथा सुपरिवेक्षण | पटक | १ | १ | १ | १ | १ | ५ |  |
| १० | योजनाको समीक्षा र अद्यावधिक | पटक | १ | १ | १ | १ | १ | ५ |  |
| ११ | योजनाको अनुगमन तथा मूल्याङ्कन | पटक | निरन्तर |  |  |  |  |  |  |
| १२. | योजनाको परिमार्जन | पटक | पाँचौ वर्षमा एक पटक |  |  |  |  |  |  |

## परिच्छेद ७ : लगानी र स्रोत व्यवस्थापन

आर्थिक तथा सामाजिक विकासमा गति प्रदान गरी समृद्ध राष्ट्र निर्माण गर्नमा शिक्षाको अहम् भूमिका हुन्छ। भविष्यका लागि गुणस्तरीय मानव संशाधनको विकास गर्न शिक्षामा लगानी गर्नु आवश्यक छ। शिक्षामा गरीने लगानीले व्यक्ति, समाज र राष्ट्रको दीर्घकालीन विकासका लागि सहयोग गर्दछ। राष्ट्रिय आकांक्षालाई मध्यनजर गर्दै नेपाल सरकार र समुदायबाट विगत केही दशकदेखि शिक्षा क्षेत्रमा लगानीलाई विस्तार गरीएको छ। शिक्षामा गरीने लगानीले स माजको आकांक्षा, आवश्यकता, मान्यता र दिगो विकासको लक्ष्यको लागि कार्य गर्नु पर्दछ। संवैधानिक व्यवस्था बमोजिम विद्यालय शिक्षा सञ्चालनको मूल जिम्मेवारी स्थानीय तहको भए तापनि शिक्षा साझा सूचीको विषय रहेकोले शिक्षाको वित्तीय व्यवस्थापनमा सङ्घ, प्रदेश र स्थानीय तहका साथै समुदाय र निजी क्षेत्रको समेत साझेदारी आवश्यकता पर्दछ।

